## प्रकाशनबारे जानकारी :

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६१ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।
२. लेख रचना सोभै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा Phqprs@gmail.com मा पठाउन सकिनेछ ।
३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिने छ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिने छ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।
४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।
५. हालसम्म अप्रकाशित स्तरीय खोजमुलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।
६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिने छ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।
७. प्रहरी द्वैमासिक पत्रिका २०७७ बैशाख - जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www. nepalpolice.gov.np र nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

– प्रहरी द्वैमासिक


**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : १३४
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np


ISSN 2661-6122

# प्रहरी PRAHARI


द्वैमासिक प्रकाशन
प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६३, अङ्क ३ भदौ - असोज २०७८







'कोभिड-१९' को महामारीमा नागरिकलाई सेवा प्रदान गर्दै नेपाल प्रहरी ।

**कर्तव्यलाई पूरा गर्छौं जिउ ज्यानको प्रवाह नगरी**
**दिनरात सुरक्षामा तल्लीन रहने हामी नेपाल प्रहरी ।**

**– नेपाल प्रहरी**

# प्रहरी

मे.अ.द.न. ६४/१५८

द्वैमासिक प्रकाशन वर्ष : ६३ अङ्क : ३ २०७८ भदौ-असोज



प्रमुख सल्लाहकार

प्र.व.उ. बसन्त बहादुर कुवँर

सल्लाहकार

प्र.उ. ओमबहादुर राना

प्र.उ. सविन प्रधान

प्रधान सम्पादक

प्र.ना.उ. चन्चला श्रेष्ठ

सम्पादक

प्र.नि. होमबहादुर थापा

प्र.ना.नि.सरस्वती बुढाथोकी

कम्प्युटर

प्र.नि.कल्पना अधिकारी

प्र.ना.नि.संगीता कार्की

आवरण

अनुराग

प्रकाशक

प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## ६६औं प्रहरी दिवस २०७८ को शुभकामना

सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्यमा प्रहरी प्रधान कार्यालयमा असोज २० गते आयोजित विशेष समारोह बिच नेपाल प्रहरीले ६६ औं प्रहरी दिवस २०७८ सम्पन्न गरेको छ । सबै प्रदेश प्रहरी कार्यालयहरू तथा मातहत समेतमा विविध कार्यक्रमका साथ प्रहरी दिवस भव्य रूपमा मनाइएको छ । प्रहरी दिवसका दिन प्रहरी संगठनमा वर्षभरि गरिएका कामको मूल्याङ्कन र समीक्षा गरी आगामी वर्ष तय गरिने थप नयाँ कामको थालनी गरी कार्यान्वयनमा ल्याइन्छ । निश्चय पनि विगतको अनुभवले संगठनलाई थप सशक्त र राज्य तथा नागरिकको हितमा समर्पित हुन बाटो देखाउँछ । यसले संगठनका सदस्यहरूमा नयाँ उर्जा थप्छ ।

सदा झैं यस वर्ष पनि यस अवसरमा विविध विधामा प्रहरी कर्मचारीहरूको साथै विभिन्न महानुभावहरू सम्मानित हुनुभयो । यस वर्ष वि.सं. २००८ सालमा प्रहरी सेवा प्रवेश गर्नुभएकी अवकाश प्राप्त प्रहरी सहायक निरीक्षक चैतमाया डंगोल 'लाइफटाइम अचिभमेन्ट अवार्ड'बाट सम्मानित हुनुभयो । यसबाट यो प्रस्ट हुन्छ कि विधिवत वैधानिकता पाउनुपूर्व नै नेपाल प्रहरी देश र नागरिकको सेवामा खटिएको निकै लामो समय भइसकेको छ र यो क्रम अनवरत चलिरहने छ ।

नेपाल प्रहरीमा कर्तव्य पालनको सिलसिलामा संस्थागत रूपमा १७२३ जना प्रहरी कर्मचारीहरूको सहादत अकल्पनीय क्षतिको विषय हो । परन्तु देश र

नागरिकसँग जोडिएको सहादत महान, अतुलनीय हुनुको साथै संगठनका तमाम सदस्यहरूका लागि प्रेरणाको स्रोत र अदम्य सहासको प्रतिक बनेको छ । वीर अमर प्रहरीको योगदानले प्रहरी संगठन अविच्छिन्न अस्तित्वमा छ र यसैको कारण आफूलाई गौरवान्वित महसुस गर्दछ ।

समाजमा प्रहरीको उपस्थिति अनिवार्यताको रूपमा विश्लेषण गरिएको सन्दर्भमा प्रहरी नागरिक साझेदारीको विकल्प देखिदैन । आम नागरिकको सदासयताका कारण नेपाल प्रहरीले यस वर्ष मात्र १२७ जना मनकारी आम नागरिकबाट कूल १७ लाख ३० हजार ४४ वर्गफिट (२९८ रोपनी) जग्गा दानमा प्राप्त गरेको छ । करिब ५५ करोड २८ लाख ६७ हजार रूपैयाँ मूल्य बराबरको जग्गा कुनै कदर र कृतज्ञताको अपेक्षा नगरी प्रदान गर्नु नेपाल प्रहरीलाई सुपात्रको रूपमा ग्रहण गर्नु नै हो । साथै आम नागरिकबाट नयाँ प्रहरी इकाई र प्रहरी कार्यालयको स्तरवृद्धिका १२७५ अनुरोधका लिखत अनुरोध प्राप्त भएबाट आम नागरिकमा प्रहरीप्रतिको सामिप्यताको चाहना कति छ भन्ने अनुमान लगाउन सकिन्छ । नागरिकको यो अपेक्षा पूरा गर्न नेपाल प्रहरी आफ्ना नवीन योजनाका साथ अटुट सम्बन्धलाई अझै प्रगाढ र विश्वसनीय बनाउन कटिबद्ध छ । कोभिड-१९ को महामारी, अपराधको जालो र अवाञ्छित गतिविधि, विज्ञान र प्रविधिको तिव्र विकासको कारण संगठित एवं विद्युतीय सञ्जालमा आधारित भई फैलिएका अपराधका नयाँ प्रवृत्ति र शैलीहरू जस्ता चुनौतीहरू देखा परेका छन् । यस्ता चुनौतीको सामना गर्न दृढ संकल्पित भई पेशागत कर्तव्य पालनामा अझ उच्च मनोबलका साथ काम गर्न प्रहरी दिवसले प्रेरणा देओस्, शुभकामना !

प्रहरी प्रधान कार्यालयबाट वि.सं. २०१६ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको यस 'प्रहरी द्वैमासिक' पत्रिकामा २०७७ मा प्रकाशित लेखहरूमध्ये व्यावसायिक रचनामा प्रहरीतर्फ प्रहरी निरीक्षक घनबहादुर थापा र आम नागरिकतर्फ गम्भीरबहादुर हाडा सर्वोत्कृष्ट हुन सफल हुनुभएको छ । प्रहरी दिवसका अवसरमा प्रहरी माहानिरीक्षक शैलेश थापा क्षेत्रीले उहाँहरूलाई नगद पुरस्कार सहित प्रशंसापत्र प्रदान गर्नुभयो । सम्मानित लेखकद्वयलाई प्रहरी द्वैमासिक हार्दिक बधाई ज्ञापन गर्दछ । आगामी दिनमा पनि प्रवुद्ध लेखक वर्गबाट देशकै जेठोमध्येको एक साहित्यिक पत्रिका 'प्रहरी द्वैमासिक'लाई सहयोग प्राप्त भइरहने अपेक्षा गरिएको छ ।

अन्त्यमा, नेपालीहरूको महान चाड विजया दशमी, दीपावली, छठ र नेपाल सम्वत्‌को पावन अवसरमा यस पत्रिकाका शुभचिन्तक, संगठनका सदस्यहरू, प्रवुद्ध लेखकवर्गलगायत सम्पूर्ण आम नागरिकमा हार्दिक मङ्गलमय शुभकामना !

# विषयक्रम

## व्यावसायिक सामग्री


♦ सजायमा छुट सम्बधी अवधारणा र नेपाल... ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी १
♦ बालन्याय कार्यविधि सम्बन्धी कानूनी व्यवस्था ✍ उपन्यायाधिवक्ता सोमकान्त भण्डारी ९
♦ बालबिज्याइँ ✍ प्रकाश कुमार अधिकारी १८
♦ सवारि दुर्घटना सम्बन्धी मुद्धाको अनुसन्धान... ✍ प्र ना उ मोहन कुमार थापा ३९
♦ कोभिड-१९ "साइबर अपराध र यसबारे जानकारी" ✍ ई कुमार अभिनव ७२
♦ कानूनी व्यक्ति सम्बन्धी व्यवस्था ✍ प्र ना नि सरस्वती बुढाथोकी १००


## साहित्य / विविध


♦ भागवत्प्राप्ती ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत १९
♦ निरोगीलाई नर्सको भान्सा! ✍ युवराज नयाँघरे २९
♦ कुलपूजा एक परम्परा ✍ बद्री प्रसाद ढकाल ३३
♦ आमाको मायाले वर्षातमा यात्रा ✍ घन बहादुर थापा ५१
♦ लत ✍ लीलाराज दाहाल ५६
♦ नेपालमा सामाजिक सुरक्षाको महत्व विकास.. ✍ गम्भीर बहादुर हाडा ५७
♦ मनको धनी मान्छे ✍ छायादत्त न्यौपाने 'बगर' ६८
♦ बिग्रदो वातावरण अतितदेखि वर्तमानसम्म ✍ अच्युप्रसाद पौडेल 'चिन्तन' ७६
♦ नेपाली वैज्ञानिक डा बलराम जोशी ✍ राजेशमान के. सी ८७
♦ डमरु र बचेरा ✍ गङ्गा कर्माचार्य पौडेल ९०
♦ चोरको बयान ✍ हरि प्रसाद भण्डारी ९२
♦ महिला हिंसा विरुद्धको आवाज ✍ सुदर्शन अधिकारी ९३
♦ चिम्टेश्वर ✍ यशु श्रेष्ठ ९७
♦ अयोध्या सेवक ✍ त्रिभुवन चन्द्र वाग्ले १०४

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ खाऊ वनभोज रमाएर | ✍ राजबाबु श्रेष्ठ (सागर) | २४ |
| ♦ ट्राफिक नियम पालना गरौं | ✍ लक्ष्मी प्रसाद मिश्र | ३२ |
| ♦ मुक्तक | ✍ अरुण खत्री 'नदी' | ३८ |
| ♦ चिनारी | ✍ भुवन सिवाकोटी 'चौघरे' | ५० |
| ♦ खतरा बढ्यो... | ✍ दिपकराज विश्वकर्मा | ६७ |
| ♦ गजल | ✍ युगीन रेग्मी | ७१ |
| ♦ गजल | ✍ प्र ह मान बहादुर बोहरा | ७५ |
| ♦ मुक्तक | ✍ प्र स नि मनिष अर्याल | ८६ |
| ♦ गीत | ✍ होम थापा | ८९ |
| ♦ मुक्तक | ✍ रेनु अधिकारी 'मौनता' | ९६ |
| ♦ गीत | ✍ सरस्वती श्रेष्ठ 'सरु' | १०९ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦इतिहासको पानाबाट | | ११० |
| ♦रसबस | सङ्कलन : प्र ह शरणजंग भण्डारी | १११ |
| ♦नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलनः प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# सजायमा छुट सम्बन्धी अवधारणा र नेपाल कानून



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी

१. परिचय

फौजदारी न्याय प्रणालीमा अभियुक्तलाई अभियोजन पक्षले सजायमा छुट दिने प्रस्ताव गर्न सक्ने व्यवस्थाले अनुसन्धान र अभियोजनमा प्रमाण संकलन तथा न्यायिक प्रक्रियामा सहयोग पुग्ने र मुद्दाको कारबाही छिटो छरितो हुने अपेक्षाका साथ मुलुकी संहितामा सजायमा छुट सम्बन्धी व्यवस्था लागू भएको हो । यद्यपी लागू औषध नियन्त्रण लगायतका विशेष कानूनमा सजायमा छुट सम्बन्धी व्यवस्था रहेको छ। अपराध अनुसन्धानमा कसूर स्वीकार गरी सहयोग गर्ने अभियुक्त र त्यस्तो कसूरमा प्रमाण संकलनमा मद्धत गर्ने अभियुक्तलाई सजायमा केही छुट दिन सकिने व्यवस्था भएको सन्दर्भमा सो को कार्यान्वयनमा अनुसन्धान अधिकारी तथा अभियोजनकर्ताको भूमिका महत्वपूर्ण रहन्छ।

आपराधिक कार्यमा संलग्न व्यक्ति वा समूहलाई फौजदारी कानून बमोजिम दण्ड सजाय दिलाउनु र अपराध पीडितलाई न्याय प्रदान गर्नु फौजदारी न्याय प्रणालीको मुख्य उद्धेश्य हो । यसका लागि प्रभावकारी, वस्तुनिष्ठ र वैज्ञानिक अनुसन्धान एवं अभियोजन प्रक्रिया आवश्यक पर्दछ । यसका अलावा अनुसन्धान र अभियोजनका क्रममा कसूरमा संलग्न व्यक्ति वा समूह स्वयंको सहयोगले पनि फौजदारी न्याय प्रणालीलाई सहयोग हुन सक्छ। अपराधको गहिराईसम्म पुग्न र अभियोजन पक्षलाई थप प्रमाण संकलन गर्न समेत मद्धत पुग्ने आधारमा त्यस्ता सहयोगी अभियुक्तलाई सजायमा छुट वा कमी गर्न सकिने सजायमा छुट सम्बन्धी अवधारणा अवलम्बन हुँदै आएको छ ।

अभियुक्त वा प्रतिवादीले आफूले गरेको कसूर स्वीकार गरी

अनुसन्धानमा सहयोग पुऱ्याएमा वा कतिपय अपराधको अनुसन्धानमा प्रमाण संकलन गर्न वा गिरोह पत्ता लगाउन सहयोग गरेकोमा त्यस्ता अभियुक्तलाई सजायमा छुट वा कमी हुन सक्ने व्यवस्थाले फौजदारी न्याय प्रणाली छिटो, छरितो र प्रभावकारी हुन सक्छ भन्ने मान्यता अनुसार जिकीरको सौदाबाजी सम्बन्धी अवधारणाको विकास भएको हो। यसमा अभियुक्त वा प्रतिवादीले स्वईच्छाले आफूले कसूर गरेको अभियोजन पक्षसँग स्वीकार गर्दछ र त्यसवापत अभियोजन पक्षले अभियोग वा सजायमा पूर्ण वा आंशिक छुट वा कम सजाय हुने गरी दावी प्रस्ताव गर्दछ।

जिकीरको सौदाबाजी सम्बन्धी व्यवस्था संयुक्त राज्य अमेरिकाबाट सुरू भएको मानिन्छ। यो व्यवस्था लामो र जटिल न्यायिक प्रक्रियालाई हटाई छिटो छरितो रूपमा फौजदारी मुद्धालाई अन्त्य गर्ने उद्धेश्यका साथ लागू गरिएको हो। यदी फौजदारी न्याय प्रणालीमा हरेक मुद्धा अदालती कारबाहीमा लैजाने हो भने अदालतमा मुद्धाको संख्या अत्याधिक हुने र त्यसले सम्पूर्ण न्याय प्रणालीमा नकारात्मक प्रभाव पर्न जान्छ भन्ने मान्यताका आधारमा यो अवधारणा प्रचलनमा आएको मानिन्छ । जिकीरको सौदाबाजीमा छलफल वा वार्ताको क्रममा नै अभियुक्त उपरको अभियोग र हुने सजाय प्रस्ताव गर्ने कुरा निश्चित हुने हुँदा यसले निश्चिततामा जोड दिन्छ भने यो प्रणालीले अदालती कारबाहीमा हुने असुविधा र जटिलतालाई सरल बनाउछ।संगठित रूपमा गरिने प्रकृतिका अपराधहरू जस्तोः लागुऔषध, हातहतियार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, भ्रष्टाचार जस्ता अपराधमा सजायमा छुट हुने कुराले कुनै एक अभियुक्तबाट गिरोहको बारेमा र अन्य अभियुक्तको बारेमा जानकारी प्राप्त हुन सक्छ र अपराधको गहिराईसम्म पुग्न सकिन्छ । यी आधारमा यो प्रक्रियालाई अवलम्बन गरिनुपर्छ भन्ने मान्यता विकास भएको हो ।

## ३. नेपालको कानूनी व्यवस्था

नेपालको फौजदारी न्याय प्रणालीमा जिकीरको सौदाबाजी सम्बन्धी अवधारणालाई कानूनी रूपमा मुलुकी अपराध संहिता लागू भएपछि स्वीकार गरिएको छ । तथापी केही अपराधहरूमा यस सम्बन्धी व्यवस्था यस अघि पनि गरिएको थियो जुन व्यवस्था हाल पनि प्रचलनमा रहेका छन्।

### ३.१ लागुऔषध (नियन्त्रण) ऐन, २०३३

यस ऐनको दफा १८ (ग) ले

लागुऔषध कारोबारमा स्वयं संलग्न गिरोह वा अन्य कुनै गिरोहको बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य अपराधी पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज अपराधमा संलग्न भएता पनि सो अन्तर्गत हुने सजायमा पूर्ण वा आंशिक रूपमा सजाय छुट हुने गरी अभियोग पत्रमा उल्लेख भएमा मुद्दा हेर्ने अधिकारीले सजायमा छुट दिन सकिने व्यवस्था गरेको छ। यो व्यवस्था अनुसन्धानकर्तालाई लागुऔषध जस्तो गम्भिर फौजदारी अपराधमा सुराक दिई मुख्य व्यक्ति पक्राउ गर्न सहयोग गरेको अवस्थामा सजायमा छुट दिन सकिने गरी जिकीरको सौदाबाजीको अवधारणालाई प्रयोगमा ल्याउन खोजेको देखिन्छ। लागुऔषध गम्भिर प्रकृतिको संगठित प्रकृति अपराध हुने हुंदा त्यस्तो संगठित रूपमा भएको अवस्थामा त्यसको गिरोह वा संगठनसम्म पुग्न त्यसैमा संलग्न व्यक्ति वा अभियुक्तलाई सुराकीको रूपमा प्रयोग गर्ने र मुख्य व्यक्ति पत्ता लगाई अपराध नियन्त्रण गर्न सहयोग हुन सक्ने आधारमा यस्तो छुटको व्यवस्था भएको देखिन्छ। यसमा अभियोजन पक्षले पूर्ण रूपमा र आंशिक रूपमा सजायमा छुटको प्रस्ताव गर्न सक्छ र अदालतले सोही आधारमा छुट दिन सक्छ ।

**३.२ भ्रष्टाचार निवारण ऐन, २०५९**

यस ऐनको दफा ५५ मा अनुसन्धानको काम कारबाहीमा सहयोग गरेको आधारमा अभियुक्तलाई सजायको माग दावीमा पूर्ण वा आंशिक छुट दिन सकिने व्यवस्था गरिएको छ। उक्त कानूनी व्यवस्था अनुसार भ्रष्टाचार सम्बन्धी कसूरको अनुसन्धानको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सकिन्छ। अभियुक्तले यस्तो छुट प्राप्त गर्न अनुसन्धान अधिकारीलाई अनुसन्धान काममा सहयोग गर्नुपर्ने आवश्यकता रहन्छ। यो कानूनी व्यवस्थाबाट अभियुक्त आफू कसूरमा सावित भएर नै अनुसन्धानमा सहयोग गरेको हुनुपर्ने भन्ने पनि देखिदैन। यो व्यवस्थामा त्यस्तो छुट पाउने अभियुक्तलाई अनुसन्धानकर्ताले साक्षीको रूपमा प्रस्तुत गर्ने हुंदा ऊ अभियोजन पक्षको साक्षी हुन्छ। तर निजले गरेको सहयोग अन्य सबुद प्रमाणबाट पुष्टी नभएमा वा निजले सहयोगको प्रतिकूल हुने गरी अदालतमा बयान दिएमा पुनः मुद्दा

दायर हुन सक्छ।

**३.३ मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४**

यस ऐनको दफा २१ मा मानव बेचबिखन र ओसारपसारको अपराध गरेको भनी अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल र अदालतलाई सघाउ पुऱ्याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा २५% सम्म सजाय छुट दिन सक्ने व्यवस्था गरिएको छ । तर यस्तो छुट देहायका अवस्थामा दिन सकिदैन ।

(क) मुख्य अभियुक्तको हकमा
(ख) बालबालिका बेचबिखन र ओसार पसार गरेकोमा
(ग) पटक पटक सजायको छुट पाइसकेकोमा

प्रस्तुत कानूनी व्यवस्था अनुसार सजायमा छुट पाउन त्यस्तो अभियुक्तले कसूर स्वीकार गरेको हुनुपर्छ र उक्त कसूरका सम्बन्धमा प्रमाण जुटाउन अन्य अभियुक्त वा गिरोह वा मतियार पक्राउ गर्न अभियोजन र अदालतलाई सहयोग गरेको हुनुपर्ने देखिन्छ। सजायमा छुट पाउन अभियुक्तले प्रमाण जुटाउन वा अन्य अभियुक्त, मतियार पक्राउ गर्न सहयोग गरेको हुनुपर्ने अनिवार्य रहेको छ।

**३.४ सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४**

यो ऐनको दफा ४४ मा सो ऐन बमोजिमको कसूरको अनुसन्धान एवं तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्ने व्यवस्था गरिएको छ। यस ऐनको यो व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को व्यवस्थासँग समान देखिन्छ।

**३.५ बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४**

यस ऐन बमोजिमको अनुसन्धान तथा तहकिकातको काम कारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्छ। तर निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्धा हेर्ने

अधिकारी समक्ष अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा निज उपर पुनः मुद्धा दायर गर्न सकिन्छ।

**३.६.संगठित अपराध निवारण ऐन, २०७०**

सङ्गठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक सङ्गठित अपराध गरेको देखिएमा त्यस्तो सङ्गठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशत सम्म छुट दिने गरी माग दावी लिई मुद्धा दायर गर्न सकिने व्यवस्था गरेको छ। त्यस्तो दावी अभियोजनकर्ता सरकारी वकिलले लिनुपर्ने हुन्छ ।

**३.७ मुलुकी अपराध संहिता, २०७४**

कुनै कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पुऱ्याएकोमा कानून बमोजिम हुने सजायको बढीमा पचास प्रतिशतसम्म सजाय छुट दिन सकिने व्यवस्था संहिताले गरेको छ। एक पटक सजाय छुटको सुविधा पाइसकेको कसूरदार, कैद सजाय हुने कसूरमा दोषी ठहर भई कैद भुक्तान गरेको अवधि तीन वर्ष पुरा नगरेको र जुन कसूरमा सजाय छुट माग गरिएको हो सोही प्रकृतिको कसूरमा एक पटक सजाय पाइसकेको व्यक्तिले यो छुट प्राप्त गर्न सक्दैन। कुनै पनि कसूरको अभियुक्तलाई सजायमा छुटको दावी गर्दा अभियुक्तले अनुसन्धान वा पूर्पक्षाको कुन अवस्थामा कसूर स्वीकार गरेको हो र कस्तो परिस्थितिमा त्यस्तो कसूर स्वीकार गरेको हो सो कुरालाई अभियोजनकर्ताले विचार गर्नु पर्छ। अपराध संहितामा अभियोजनको सौदाबाजी भन्ने शब्दावली प्रयोग गरिएको छैन। तथापी अभियोजनको सौदाबाजीका तत्वहरूलाई समेटेर सहयोगी अभियुक्तलाई सजायमा ५० प्रतिशतसम्म अभियोजनकर्ताले छुटको सिफारिस गर्न सक्ने कुरालाई संहिताले मान्यता दिएको छ। अपराध अनुसन्धान र अभियोजनको कमजोर अवस्था रहेको हाम्रो देशमा सजायमा छुट दिन सकिने व्यवस्थाको प्रयोगबाट कसूरदारलाई न्यायको रोहमा ल्याउन र फौजदारी न्याय प्रणालीमा सुधार

पुग्ने अपेक्षा गर्न सकिन्छ। तर यसको प्रयोग र कार्यान्वयनमा एकरूपता कायम गर्न निश्चित मापदण्ड बनाउन आवश्यक छ ।

**३.८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४**

मुलुकी अपराध संहिता, २०७४ गरिएको सजायमा छुट सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने प्रक्रिया मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ मा गरिएको छ। सो व्यवस्था अनुसार कुनै अभियुक्तले अनुसन्धान अधिकारीलाई कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस बापत कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष सिफारिस गर्न सक्छ। यसरी सिफारिस भई आएमा वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग गरेको देखिएमा सरकारी वकिलले त्यस्तो सिफारिस वा सहयोग विचार गरी सजायमा छुटको प्रस्ताव गरी शर्त सहितको मागदावी लिई अभियोगपत्र दायर गर्न सक्तछ। यसका लागि अनुसन्धान अधिकारीको सिफारिस अनिवार्य रहेको छैन। अभियुक्तले अनुसन्धानमा सहयोग गरेको मिसिलबाट देखिएमा सरकारी वकिलले अभियोगपत्रमा सजायमा छुटको दावी गर्न सक्ने व्यवस्था गरिएको छ।

सजायमा छुटको दावी गर्दा दुई प्रकारको छुटको व्यवस्था कार्यविधि संहितामा गरिएको छ। अभियुक्तले आफूले गरेको कसूर अनुसन्धान अधिकारी वा सरकारी वकिल समक्ष पूर्ण रूपमा स्वीकार गरी साबिती भएमा निजलाई हुने सजायमा २५ प्रतिशतसम्म सजाय छुटको प्रस्ताव गरी अभियोगपत्र दायर गर्न सक्तछ। यसैगरी अभियुक्तले आफू समेत संलग्न भएको कसूरमा साबित भई सो कसूरमा संलग्न अन्य कसूरदार वा गिरोह वा कसूर गराउन निर्देशन दिने मुख्य व्यक्ति वा कसूरमा संलग्न व्यक्तिलाई पक्राउ गर्न वा कुनै संगठित वा समूहगत रूपमा भएको कसूर भए सो कसूरमा संलग्न अन्य व्यक्ति वा स्थान देखाउन, कसूर सम्बन्धी दशी प्रमाण बरामद गर्न वा जफत गर्न सघाउ पुऱ्याएको भए निजलाई हुने सजायमा ५० प्रतिशतसम्म छुटको दावी लिई अभियोगपत्र दायर गर्न सक्छ। दुवै प्रकारको छुटको दावी गर्दा अभियुक्तले त्यस्तो सहयोग गरेको कुरा प्रष्ट रूपमा मिसिलबाट देखिनुपर्ने अनिवार्यता हुन्छ। सरकारी वकिल वा अनुसन्धानकर्ताले स्वविवेकमा छुटको दावी गर्न सक्दैन।

एकपटक सो सुविधा पाइसकेको, कैद सजाय पाएकोमा कैद भुक्तान भएको अवधि ३ वर्ष पूरा नगरेको र त्यस्तै कसूरमा एकपटक सजाय पाईसकेको अभियुक्तको हकमा सजायमा छुटको दावी गर्न सकिदैन। साथै अभियोगपत्र दायर भई सकेपछि अभियुक्तले अदालतमा फरक बयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा कसूर इन्कार गरेमा वा न्यायिक कारबाहीमा सहयोग नपुऱ्याएमा उक्त सुविधा पाउन सक्दैन । सरकारी वकिलले सजाय छुटको प्रस्ताव रद्ध गरी थप सजायको मागदावी गर्नु पर्दछ ।

**४. सजायमा छुट सम्बन्धी व्यवस्थाको कार्यान्वयन**

मुलुकी अपराध संहिता र कार्यविधि संहितामा गरिएको सजायमा छुटको व्यवस्था कसरी कार्यान्वयन गर्ने भन्ने प्रश्न महत्वपूर्ण रूपमा रहेको छ। जिकीरको सौदाबाजीमा जस्तो यस व्यवस्थामा अभियोजनकर्ता वा अभियुक्त वा निजको कानून व्यवसायी बीच कसूर स्वीकार गर्ने र छुट दिने गरी सम्झौता गर्ने व्यवस्था संहितामा रहेको छैन। अभियुक्तले कसूर स्वीकार गरेकोमा २५ प्रतिशतसम्म र प्रमाण संकलन लगायतका कार्यमा सहयोग गरेकोमा ५० प्रतिशतसम्म सजायमा छुटको प्रस्ताव गर्न सकिने देखिन्छ। तर अभियुक्तले यस्तो सहयोग गरेको कुरा अनुसन्धान प्रतिवेदन तथा मिसिलबाट देखिनु पर्दछ। कसूर स्वीकार गरेकोमा पुरै २५ प्रतिशत छुटको दावी गर्ने वा सो भन्दा कम छुटको दावी गर्ने भन्ने कुरा पनि प्रष्ट छैन। यसमा सरकारी वकिलले कसूरको प्रकृति, अवस्था, कसूर गर्दाको परिस्थिति, कसूरबाट पर्न गएको क्षति, अभियुक्तले गरेको साबितिको विश्वसनियता समेतलाई आधार बनाउनुपर्ने हुन्छ। यसैगरी अनुसन्धानमा सहयोग गरेकोमा के कस्तो आधारमा ५० प्रतिशतसम्म छुटको दावी गर्ने भन्ने विषयमा निश्चित मापदण्ड आवश्यक देखिन्छ। कानूनमा गरिएको यी व्यवस्थाको कार्यान्वयन संहिता लागू भएको तीन वर्षको अवधिमा उल्लेखनीय रूपमा हुन सकेको पाईदैन। यस प्रति अनुसन्धान अधिकारी, सरकारी वकिल, अभियुक्त वा निजको कानून व्यवसायी समेत जानकार हुन र यसले पार्ने सकारात्मक प्रभाव र उत्पन्न हुने चुनौतीका विषयमा सजग गराउने प्रयास हुन सकेको पाईदैन। अदालत आफैले यस्तो छुट दिन सक्ने व्यवस्था संहितामा गरिएको छैन। अदालतले केवल सजायको गम्भिरता घटाउने आधारको रूपमा यसलाई हेर्न सक्ने अवस्था छ। तसर्थ

सरकारी वकिलले यसलाई सावधानी पूर्वक विचार गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । सजायमा छुट दिने गरी दावी लिने र दिने कार्यको उद्धेश्य थप अनुसन्धान र न्यायिक कारबाही छिटो छरितो बनाउने तथा आफ्नो गैरकानूनी कार्य स्वीकार गरी पश्चाताप गर्ने अवसर दिनु हो । साथै कसूरदारलाई सजायमा हुने छुटको आशमा कसूर स्वीकार गर्ने प्रवृत्तिमा वृद्धि गरी अदालतलाई न्यायिक कारबाहीमा सहयोग गर्नु र कसूरदारलाई सजाय दिनु हो।

**५. निष्कर्ष**

फौजदारी न्यायमा अभियुक्तलाई सजायमा केही छुट वा सहुलियत प्रदान गरेर स्वेच्छाले कसूर स्वीकार गर्ने तथा अपराध अनुसन्धान र प्रमाण संकलनमा मद्धत गर्न र सूचना दिन सक्ने वातावरणले फौजदारी न्याय प्रशासनलाई प्रभावकारी र पीडितलाई न्याय प्रदान गर्न सक्छ भन्ने सजायमा छुटको मुख्य अवधारणा हो। कसूर स्वीकार गरी अभियोजन पक्ष र अदालतलाई मद्धत गर्न चाहने व्यक्तिले कुनै छुट नपाई बढी सजायको भागीदार हुन सक्ने हुँदा कसूरको अनुसन्धानमा सहयोग नगर्ने अवस्था रहन्छ।अभियुक्तले आफ्नो कसूर अपराध स्वीकार गरी अनुसन्धान कार्यमा सहयोग गरेमा र अन्य अभियुक्त पक्राउ गर्न र प्रमाण संकलनमा समेत सहयोग गरेमा अभियोजनकर्ताले सो वापत अभियुक्तलाई सजायमा आंशिक वा पूर्ण छुट दिन सक्छ। मुलुकी अपराध संहिता तथा कार्यविधि संहिता २०७४ ले सिमित अवस्थामा शर्तमा आधारित सजायमा छुट दिन सकिने व्यवस्थालाई केही हदसम्म अवलम्बन गरेको छ। अभियुक्तले कसूर स्वीकार गरेकोमा वा अनुसन्धानमा सहयोग गरेको अवस्थामा अभियुक्तलाई सजायमा केही छुट वा सहुलियत प्रदान गर्ने व्यवस्थाका रूपमा यो लागू भएको छ ।

अपराध अनुसन्धान र अभियोजन कार्य प्रभावकारी बन्न नसकेको, न्यायिक प्रक्रिया लामो, जटिल र खर्चिलो भएको, कसूर स्वीकार गर्ने अभियुक्तलाई कुनै सहुलियत प्राप्त हुने कानूनी व्यवस्था नभएको विगतको अभ्यास रहेको परिप्रेच्छमा सजायमा छुट दिन सकिने कानूनी व्यवस्थाको प्रयोगले सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ। यसका लागि अनुसन्धानकर्ता अभियोजनकर्ता, अभियुक्त, प्रतिरक्षी कानून व्यवसायी, अपराध पीडितको सजग र सहयोगी भावना महत्वपूर्ण रहन्छ । ◆◆

# बाल न्याय कार्यविधि सम्बन्धी कानूनी व्यवस्था



✍ उपन्यायाधिवक्ता
सोमकान्त भण्डारी °

Juvenile शब्द ल्याटिन भाषाको Juvenilis शब्दबाट आएको हो । जसको अर्थ बालकको वा बालकसँग रहेको भन्ने हुन्छ । Justice शब्दले न्यायको अर्थ दिने र System ले प्रणाली वा पद्धति भन्ने बुझिने हुनाले समग्रमा Juvenile Justice System लाई बाल न्याय प्रणाली भनिन्छ ।

नेपालमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (ञ) मा बालबालिका भन्नाले अठार वर्ष पूरा नगरेको व्यक्ति सम्झनुपर्छ भनी परिभाषित गरेको छ । साथै सोही दफाको खण्ड (घ) मा कानूनको विवादमा परेका बालबालिका भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्झनु पर्छ र सो शब्दले बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिकाहरूलाई समेत जनाउँछ भनी उल्लेख गरेको छ । यसबाट अठार वर्ष पूरा नगरेका कानूनको विवादमा परेका बालक उपर कुनै आरोप लागेको वा कसूर ठहर भएको अवस्थामा बाल न्याय प्रणाली आकर्षित हुने अवस्था छ ।

कानून प्रणालीको पछिल्लो विकासको रूपमा बाल न्याय प्रणालीको विकास भएको हो । छुट्टै न्याय प्रणालीको रूपमा अस्तित्वमा नआउन्जेलसम्म यसलाई फौजदारी न्याय पद्धतिकै एक अङ्गको रूपमा लिइने गरिन्थ्यो । बालबालिकाहरूले जानीजानी गल्ती गरेका हुँदैनन् । कानूनले निषेध गरेको अपराधजन्य कार्य गरे पनि उनीहरूको त्यसमा दोषी मनोभावना हुँदैन । अपराध गरे पनि वयस्कको तुलनामा बालबालिकालाई सुधार गर्न सकिन्छ भन्ने मान्यता रहेको छ । तर बालबालिका संलग्न भएका कसूरमा वयस्कसरहको प्रक्रिया अवलम्बन गर्दा उनीहरूलाई

°उपन्यायाधिवक्ता, एल.एल. एम., (फौजदारी कानून र संवैधानिक कानून), महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

सुधार गर्न कठिन हुन सक्छ भन्ने पृष्ठभूमिमा बालबालिकाले कानून प्रतिकूल कार्य गरेमा त्यसलाई सम्बोधन गर्नका लागि वयस्क सरहको प्रक्रियाको अवलम्बन नगरी पृथक र सरल प्रक्रियाको अवलम्बन गर्ने, बेग्लै तरिकाले यस्ता समस्याको समाधान गर्ने प्रणाली बाल न्याय प्रणाली हो ।[1]

सामान्यतयाः बाल अदालत अथवा सार्वजनिक वा निजी समुदाय र राज्यका निकाय वा संस्था जसले बाल अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने बालबालिकाका विषयमा काम कारबाही गर्दछन् । त्यस्ता निकायलाई बुझाउन प्रयोग हुने न्यायलाई बाल न्याय भनिन्छ । (Juvinile justice system is generally used to describe the juvenile court and other public and private community and state agencies and organizations which deal with children who may fall within the jurisdiction of juvenile court.)[2] बाल न्यायप्रणालीमा बालबालिकाले गरेका वा बालबालिका संलग्न रहेका फौजदारी कसूरको अनुसन्धान तहकिकात, अभियोजन र न्यायिक कारबाहीका सम्बन्धमा अपनाइने कार्यविधि बाल न्याय कार्यविधि हो ।

बाल न्याय कार्यविधिमा अन्य फौजदारी मुद्दामा अवलम्बन गरिने भन्दा भिन्न कार्यविधि अपनाउने व्यवस्था गरिएको छ । बाल न्याय प्रशासन परम्परागत फौजदारी न्याय प्रशासन भन्दा फरक रूपमा प्रयोग गरिने हुँदा यसको कार्यविधि पनि भिन्न रहेको हुन्छ । कानूनको विवादमा परेका बालबालिकाका लागि अनुसन्धान, अभियोजन र सुनुवाइमा परम्परागत मुद्दामा जस्तो कठोर कार्यविधि लागू गरिँदैन । कानूनको विवादमा परेका बालकलाई बल प्रयोग नगरी नियन्त्रणमा लिनुपर्ने, बालबालिकालाई नियन्त्रणमा लिँदा बालबालिकाको परिवारको सदस्य, परिवारको सदस्य उपलब्ध नभए संरक्षक, संरक्षक पनि उपलब्ध नभए नजिकको नातेदारलाई सूचना दिनु पर्ने, अनुसन्धानको क्रममा निगरानी कक्षमा राख्नु पर्ने, अनुसन्धान गर्दा प्रहरीले सादा पोशाक लगाउनु पर्ने, बालकसँग कुनै कागज गर्दा वा बयान लिँदा बाबुआमा, परिवारको अन्य

१. नेपालको बाल न्याय प्रणालीमा पुनर्स्थापकीय न्याय र दिशान्तर, सं. सोमकान्त भण्डारी, (२०७३), महान्यायाधिवक्ताको कार्यालय, पृ. ११ ।

२. महान्यायाधिवक्ताको कार्यालय तथा केन्द्रीय बाल कल्याण समिति, (२०६६), सरकारी वकिलका लागि बाल न्यायसम्बन्धी अनुसन्धान तथा अभियोजन दिग्दर्शन, पृ. ६ ।

सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहबरमा गर्नुपर्ने, रातको समयमा सोधपुछ गर्न नसकिने, पाँच दिनमा नबढाई बढीमा एक्काइस दिन मात्र अनुसन्धानको क्रममा निगरानी कक्षमा राख्नु पर्ने, बालबालिका उपरको कसूरमा अनुसन्धान गर्न अलग्गै एकाइको गठन वा बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीबाट गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ ।

बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ गरिने, कानून व्यवसायी नभएमा मुद्धाको कारबाही र किनारा हुन नसक्ने, बालबालिकाको सर्वोत्तम हितको लागि तीन वर्ष भन्दा कम कैद सजाय हुने कसूरमा दिशान्तर गर्न सकिने[३] कानूनी व्यवस्था छ । मुद्धाको पूर्पक्षको सिलसिलामा सामान्यतया थुनामा नराखिने, बालबालिका संलग्न भएका मुद्धा बाल अदातल वा बाल इजलासबाट मात्र सुनुवाइ गरिने, बालबालिकाको परिचय गोप्य राख्ने र विवरण प्रकाशन वा प्रशारण गर्न नपाइने, बन्द इजलासबाट मुद्धाको सुनुवाइ गरिने, एक सय बीस दिन भित्र मुद्धाको किनारा गर्नु पर्ने र निरन्तर सुनुवाइको आधारमा मुद्धाको सुनुवाइ हुने व्यवस्था गरिएको छ । यसैगरी बाल न्याय सम्पादन गर्दा पुनर्स्थापकीय न्यायको मान्यता अनुकूल हुने गरी गर्नु पर्ने,[४] बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको सिलसिलामा देहायका कुराहरू विचार

३. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिव देखिएमा देहायको अवस्थामा देहायका अधिकारीले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ :

(क) पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) दश हजार रूपैयाँसम्म बिगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले,

(ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिवाना वा कैद हुन सक्नेमा बाल अदालतले ।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्धामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन ।

४. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३९ ।

५. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २० ।

गर्नु पर्ने व्यवस्था छ :[५]

(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र साँस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, वचन र व्यवहार गर्ने,

(घ) बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ ले नाबालकको फौजदारी दायित्व सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

(१) कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन ।

(२) दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिवाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ ।

(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ ।

(५) बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त

निर्णय गर्नेछः

(क) परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने,

(ख) सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,

(घ) परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूसँगै राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने ।

(६) कसैले बालबालिकालाई सिकाई, दबाब दिई, अह्राई, प्रलोभनमा पारी वा जुनसुकै तरिकाबाट कसूरजन्य कार्य गर्न लगाएको भए त्यसरी सिकाउने, दबाब दिने, अह्राउने, प्रलोभनमा पार्ने वा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैंले सो कसूर गरे सरह कानून बमोजिम सजाय हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भिर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन ।

बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुने कानूनी व्यवस्था छ :[६]

(क) आफूविरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधैं वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने,

(ख) आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,

(ग) सक्षम न्यायिक निकायबाट मुद्दाको

६. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २६ ।

बालकले कसूरजन्य कार्य गरेको कारणबाट कुनै पद वा सुविधा पाउन अयोग्य नहुने,[७] सजाय गर्ने प्रयोजनको लागि पटके कायम नगरिने,[८] नेल हतकडी लगाउन वा एकान्तबासमा राख्न नहुने,[९] कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि बाल सुधार गृह स्थापना गर्ने व्यवस्था गरिएको छ ।[१०]

बालबालिका संलग्न भएका मुद्दामा अनुसन्धान, अभियोजन र मुद्दाको सुनुवाइ गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को व्यवस्था गरिएको छ । ती कानूनमा उल्लेख गरिए बमोजिमको कार्यविधि बाल न्याय कार्यविधिमा अवलम्बन गरिनु पर्दछ । यी कानूनमा कानूनको विवादमा परेका बालबालिका उपर गरिने अलग्गै कार्यविधिका सम्बन्धमा स्पष्ट उल्लेख नभएको अवस्थामा अन्य कानूनमा उल्लेख भएको कार्यविधि नै अवलम्बन गर्नुपर्ने हुन्छ । ♦♦♦

कारबाही, सुनुवाइ र किनारा गर्ने,

(घ) बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

(ङ) बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

(च) बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

(छ) संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

(ज) बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,

(झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

(ञ) मुद्धाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबुआमा, संरक्षकलाई सहभागी गराउने,

(ट) पीडित बाल बालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने ।

७. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४० ।
८. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४१ ।
९. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४२ ।
१० बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४३ ।

# भागवत्प्राप्ति



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

भगवानको प्राप्ति कुनै साधन विशेषबाट हुदैन । किनकी ध्यानादि साधन शरीर-मन-बुद्धि-इन्द्रियहरूको आश्रयबाट हुन्छ । शरीर-मन-बुद्धि इन्द्रियहरू आदि प्रकृतिको कार्य हुनाले जड वस्तुहरू हुन् । जड पद्धार्थहरू द्वारा चिन्मय भगवानलाई खरिद गर्न सकिदैन, किनकी प्रकृतिको सम्पूर्ण पदार्थहरू मिलाएर पनि चिन्मय परमात्माको समान कहिले पनि हुन सक्दैन । सांसारिक पदार्थ कर्म (पुरूषार्थ) गर्नाले नै प्राप्त हुन्छ । अर्थात साधक भगवानलाई प्राप्त पनि स्वभाविक कर्महरूबाट हुनेवाला मान्दछन् । यसकारण भागवत्प्राप्तिको सम्बन्धमा पनि उही सोच्दछ कि मेरो द्वारा गरिने साधनाबाट नै भागवत्प्राप्ति भईहाल्छ ।

मनुन्शतरूपा, पार्वती आदिलाई तपस्याबाट नै आफ्नो इष्टको प्राप्ति भएको इतिहास-पुराणहरूमा यस प्रकारको कथाहरू पढ्दा र सुन्दा साधकहरूको अन्तःकरणमा यस्तो छाप पर्दछ कि साधनाद्वारा नै भगवान पाईन्छन् र यही धारणा क्रमशः दृढ हुँदै जान्छ । तर साधनाद्वारा नै भगवान पाइन्छन् अर्थात मिल्दछन् । यस्तो कुरा प्रस्तुत छँदै छैन, हुँदै होइन । तपस्यादी साधनाहरूबाट जहाँ भगवान प्राप्त भएको देखिन्छ, त्यहाँ पनि त्यो जडको साथ मानेको सम्बन्ध सर्वथा विच्छेद हुनाले भएको हो, न कि साधनाहरूले गर्दा भएको हो । साधनको सार्थकता असाधन र जडका साथ मानिएको सम्बन्धको त्याग गर्नुमा नै छ । भगवान सबैलाई सदा सर्वदा स्वतः प्राप्त हुनु नै हुन्छ ।

तर जडको साथ मानिएको सम्बन्ध सम्बन्धको सर्वथा त्याग भएपछि उहाँको प्रत्यक्ष अनुभूति हुन्छ । यसकारण भागवत प्राप्ति जडताद्वारा नभएर बरू जडताको त्याग (सम्बन्ध विच्छेद)बाट हुन्छ । अर्थात जो साधक आफ्नो साधनाको वलमा भागवत्प्राप्ति मान्दछन्, त्यो

ठूलो भुल हो । साधनाको सार्थकता खाली जडताको त्याग गराउनेमा छ । यस रहस्यलाई नसम्भेर साधनामा ममता गर्ने तथा त्यसमा आश्रय लिनाले साधकको जडसँग सम्बन्ध बनिरहन्छ । जबतक हृदयमा जडताको अलिकति पनि आदर छ, तबसम्म भागवत्प्राप्ति कठिन छ । यस कारण साधकले त्यस साधनाको सहायताबाट जडतासँग सर्वथा सम्बन्ध बिच्छेद गर्नुपर्छ ।

एक मात्र भागवत्प्राप्तिको उद्धेश्यबाट गरिने साधनाबाट जडताको सम्बन्ध सुगमतपूर्वक छुट्दछ । मन-बुद्धि भगवानको अपरा प्रकृति हो (गीता-७-४,५श्लोक) भगवानको प्रकृति अर्थात स्वभाव हुँदाहुँदै पनि अपार प्रकृति भगवानसँग भिन्न स्वभाववाला (जड एवं परिवर्तनशिल ) छ । परन्तु परा प्रकृति (जिवात्मा) भगवान भन्दा भिन्न स्वभाववाला छैन । यसैकारण भगवानसँग साधर्म्य प्रकृतिको छैन, त्यसको सट्टामा जीव (स्वयं) को छ । "मम साधर्म्यमागता" (गीता-१४-२) मन र बुद्धि प्रकृति जातिका हुन अर्थात तिनीहरू प्रकृतिका अंश हुन् तर हामी स्वयम् भगवानको अशं हौं । अर्थात स्वयं र मन-बुद्धिमा जातीय भिन्नता छ । आकर्षण एवं मिलन सजातीयमा नै हुन्छ, विजातीयमा हुँदैन । यो नियम हो । यस कारण मन-बुद्धि भगवानमा लाग्न सक्दैनन् । तर स्वयं नै भगवानमा लाग्न सक्छन् । मन बुद्धिको स्वतन्त्र सत्ता मान्नाले सोधकको यो भुल हुन्छ । कि, ऊ स्वयं अलग रहेर मन-बुद्धिलाई भगवानमा लगाउने उद्योग गर्दछ ।

तर वास्तविकता यो हो कि भगवानमा स्वयं नै लाग्दछन्, मन-बुद्धि लाग्दैनन् । जब स्वयं भगवानमा लाग्छ, तब मन-बुद्धि आफै छुट्टि हाल्दछन् अर्थात उनको सत्ता रहदैन, खाली एक भगवान नै बाँकी रहनु हुन्छ । किनकी वास्तवमा मन-बुद्धिको सत्ता छदै थिएन । "यथेदं धार्यते जगत" (गीता-७-५) "मनः षष्ठानीन्द्रियाणी प्रकृतिस्थानि कर्षीति" (गीता-१५-७) यस कारण गीतामा "मध्यासक्तमना" (गीता ७-१) आदि पदमा जहाँ मन लगाउने कुरा आएको छ, त्यो वास्तवमा स्वयंलाई भगवानमा लगाउने नै उपाय हो । भगवानमा मन-बुद्धि लगाउनाले मन-बुद्धि त लाग्दैनन्, तर स्वयं लागिहाल्छ । "निवसिष्यासि मत्येव" किनकी जीवको स्वभाव नै यस्तो छ कि, ऊ त्यही लाग्दछ जहाँ उसको मन-बुद्धि लाग्दछ । जस्तो सियो जहाँ जान्छ, धागो त्यही जान्छ । यस्तै जहाँ मन-बुद्धि जान्छन्, त्यही स्वयं पनि जान्छ । संसारलाई सत्ता र महत्व दिएर उसको साथ सम्बन्ध जोड्नाले मन-

बुद्धि संसार लागिहाले र संसारमा मन बुद्धि लाग्नाले जीव स्वयं संसारमा लागिहाल्यो । यस कारण जीवलाई संसारबाट हटाउनको लागि भगवान मन-बुद्धिलाई आफूमा लगाउने आज्ञा दिनु हुन्छ । जस्तो सुनार सुनलाई शुद्ध गर्नको लागि सुनलाई अग्निमा तपाउँदछ, तब सुनमा मिसिएको विजातिय पदार्थ (खोट) अलग भई हाल्दछ र शुद्ध सुन बाँकिरहन्छ । यस्तै भगवानमा लगाउनाले मन-बुद्धि अलग भईहाल्दछ र स्वयं भगवानमा मिलिहाल्दछ अर्थात केवल भगवान मात्र रहन्छन् ।


श्रीमद् भागवत्मा भगवान भन्नु हुन्छ, विषयान ध्यायतश्चित्तं विषयेष विषज्जते मामनुस्मरतश्चित मध्येव प्रविलियते । (११-१४-२७)

विषयहरूको चिन्तन गर्नाले मन विषयहरूमा फसिहाल्दछ र मेरो स्मरण गर्नाले मन मेरोमा विलिन भई हाल्दछ अर्थात मनको सत्ता रहँदैन । यसको तात्पर्य यो हो कि भगवानमा लगाउनाले मन-बुद्धि भगवानमा लाग्दैन बरू लिन हुन पुग्दछ । किनकी मूलमा अपरा प्रकृति भगवानकै स्वभाव हो । भगवान लीन भएपछि मन-बुद्धिको स्वतन्त्र सत्तो नै रहदैन, त्यसपछि केवल भगवान मात्र रहन्छन् । "वासुदेवः सर्वम"। अर्को शब्दमा मन-बुद्धि संसारबाट त हटिहाले तर भगवानलाई पकडन सकेनन्, यसकारण उनीहरूको स्वतन्त्र सत्ता रहदैन, केवल भगवान रहन्छन् ।

ज्ञानमा स्वरूप मुख्य हो र भक्तिमा भगवान मुख्य हुन । यसकारण ज्ञानी स्वरूपमा स्थित हुन्छन्, "समदुःख सुखः स्वस्थ" (गीता १४-१४) र भक्त भगवानमा स्थित हुन्छन् । "निवसिष्यसि मथ्येव" (गीता १२- ८) । स्वरूपमा स्थित हुँदा अखण्डरसको अनुभव हुन्छ । साथै भगवानमा स्थित प्रतिक्षण वर्घमान अनन्तरसको अनुभव हुन्छ । भगवनमा स्थित भएपछि भक्त सवै स्थानहरूमा भगवानलाई नै देख्दछन् । (गीता ६-३) किनकी उसको पहिले देखिनै यो भाव छ कि भगवान सर्वव्यापी छन् । (गीताको १२-८ ) श्लोकमा क्रमबद्ध रूपमा यो भनिएको छ कि भगवानमा साधकको मन लाग्दछ फेरि बुद्धि लाग्दछ त्यसपछि स्वयं लाग्दछ । स्वयं लागि सके पछि अहम् मेटिन्छ । प्रममा मन लाग्दछ र ग्रहमा बुद्धि लाग्दछ । भगवानमा मन बुद्धि लगाउनुको तात्पर्य हो, भगवानमा प्रेम र शद्धा हुन् अथार्त संसारको प्रियता र महत्व नरहेर केवल भगवानमा नै प्रियता र महत्व भई हाल्नु हो ।

♦♦♦

# बालबिज्याइँ



✍ **प्रकाश कुमार अधिकारी**

संविधानमा बालबालिकाका सम्बन्धमा विशेष व्यवस्थाहरू गरिएको छ । मानवअधिकार विधिशास्त्रमा विकसित बालअधिकारका पछिल्ला अवधारणाहरू जस्तै, बालबालिकाले राज्यबाट विशेष संरक्षण र सुविधा पाउने, राज्यविहीन नहुने, संरक्षक-अभिभावकविहीन 'अनाथ' नहुने, आपराधिक मनसाय नहुने, सिकाइ वा अन्य बहानामा बालबालिकालाई शारीरिक दण्ड दिन नहुने, बालबालिकासँग सम्बन्धित राज्यका सबै काम कारबाहीहरू बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर गर्नु पर्ने आदिलाई स्वीकार गरिएको छ ।

कुनै पनि कार्यको पहिलाबाट परिणामको अन्दाज गरी सो परिणाम हासिल गर्न काम गरिन्छ भने त्यसलाई मनसायपूर्वक गरिएको कार्य भनिन्छ । दोषी मनोभावना राखेर गरेको कार्यको फलस्वरूप कुनै अपराध हुन्छ भने आपराधिक मनसायले गरेको निश्चित गरी सजाय गरिन्छ । बालबालिका भनेको मानव जीवनको एउटा खास अवस्था हो । बालकको मन वा आत्मा एउटा सफा सिलोटजस्तो हुन्छ । बालबालिकामा प्रौढको जस्तो कुन राम्रो वा नराम्रो भनी छुट्याउने विवेकको (ज्ञान) विकास भईसकेको हुँदैन । अन्य स्तनधारीको शिशुको तुलनामा मानिसको शिशु धेरै समयसम्म खानपान, आवास जस्ता बाँच्ने उपक्रमका लागि सामान्यतः बाबुआमाको भर पर्नु पर्छ । शारीरिक र मानसिक परिपक्वतासँगै बालबालिकाले भाषाको माध्यमले छोएर, देखेर, कुनै प्रकारले स्वाद लिएर, सुनेर र खेलेर 'ज्ञान' प्राप्त गर्छन् ।

बालबालिकाले गरेको कुनै कानून र समाज विपरीतको कामलाई कसूर नभनेर बालबिज्याइँ र बालबालिकालाई 'अभियुक्त' नभनेर कानूनको द्वन्द्वमा परेको भन्ने गरिन्छ । क्रिश्चियन धर्मशास्त्रमा ७ वर्षको उमेरबाट "व्यवहारिक बुद्धि" विकास

भई सक्ने र यसपछि 'पाप गर्न' सक्ने विश्वास गरिन्थ्यो । हाम्रो कानूनले १० वर्ष नपुगुञ्जेलसम्मकाले अपराध गर्न नसक्ने र त्यसपछिमा १० वर्षदेखि १४ वर्ष मुनिकाले जरिवानाको सजाय हुने कसूर गरेकोमा सम्झाइ बुझाइ र कैदको सजाय हुने कसूर गरेकोमा १ वर्षसम्म बालसुधार गृहमा बस्नुपर्ने सजाय हुने व्यवस्था छ । त्यसपछिको उमेर समूहमा १४ वर्षदेखि १६ वर्षसम्मकाले कसूर गरेमा भने उमेर पुगेकालाई हुने सजायको आधा र १६ वर्षदेखि १८ वर्ष नपुगेकालाई उमेर पुगेकालाई हुने सजायको दुई तिहाई सजाय हुने व्यवस्था रहेको छ । १८ वर्ष उमेर नपुगेकालाई कैदको सजाय हुने भएमा बालसुधार गृहमा बसेर भुक्तान गर्नुपर्छ ।

बालबालिकामा हुने शारीरिक र मानसिक विकासका आधारमा १ वर्षसम्मका शिशु (इन्फ्यान्ट), १ देखि ३ वर्षका टुकटुके (टोडलर), ४ देखि ६ वर्षका विद्यालय पूर्व उमेरका, ६ वर्षदेखि १२ वर्षका विद्यालय उमेरका र १२ माथि १९ वर्षका किशोरवय (टिनएजर) भनी बाल विकासका चरणहरू रहेका छन् ।

विश्व स्वास्थ्य संगठनले किशोरावस्थालाई बाल्यावस्थापछि र वयस्क अवधि अघिको मानव वृद्धि तथा विकास हुने समयावधि भनी परिभाषित गरेको छ । किशोरावस्थालाई पूर्व, मध्य र उत्तर गरी तीन चरणमा बाँडेर हेर्ने गरिन्छ । जैविक प्रक्रियाले यो उमेर समूहमा विभिन्न शारीरिक परिवर्तन, वृद्धि तथा विकास हुन्छ । किशोरावस्थाका निर्धारक तत्वहरू सार्वभौम हुन्छन् भने यो अवधिका चारित्रिक गुणहरू समय, संस्कृति तथा सामाजिक एवं आर्थिक अवस्थाले फरक पार्ने भएकोले स्थानीय हुन्छन् ।

१२ वर्षदेखि ३० वर्ष उमेर समूहमा गरिएको एक अध्ययनको निष्कर्ष पुरूषहरूमा १४ देखि २१ वर्ष उमेर समूहकाले सबैभन्दा बढी अपराध गर्ने गरेको र त्यसमा पनि १८ वर्ष उमेरकाले सबैभन्दा बढी 'अपराध' गर्ने गरेको पाइएको थियो भने युवतीको हकमा यस्तो उमेर१४ वर्षको थियो । त्यसपछिका वयस्कहरूले मजबुत वैवाहीक सम्बन्ध र पेसा व्यवसाय भएमा अपराध गर्ने प्रवृत्तिमा कमी हुँदै जाने र ६० वर्ष उमेरपछि मानिसले अपराधकर्म बिरलै गर्ने गरेको पाइएको छ ।

किशोरावस्था जीवनचक्रको संक्रमणकाल हो । बाल्यावस्थाबाट वयस्क हुने यो काल शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक आयामले परिपक्वतातिरको लम्काइ भएकोले स्वपहिचानको खोजी

उनीहरूको लक्ष्य हुन्छ । स्वायत्तता, सिर्जनशीलता, जिज्ञासुपन एकातिर हुन्छ अर्कोतिर समवयी, परिवार, शिक्षा र समाजको 'वातावरणीय' प्रभाव हुन्छ । किशोरावस्थामै शारीरिक ढाँचा-काँचामा परिवर्तन आउँछ । यौन र सम्बन्धका बारे अन्यौलता हुन्छ । किशोरहरू आफूलाई दृढ र बलवान देखाउन चाहन्छन्, किशोरीहरू सहनशील हुन थाल्छन् ।

संक्रमणमा रहेको हाम्रो समाजमा परिवारको 'गठन' र 'विघटन' को क्रम तीव्र छ । विवाह स्वभाविक छ तर पारपाचुकेको 'ग्राफ' अस्वभाविक रूपले निरन्तर बढिरहेको छ । कसैले पनि करूणा वा दयाको भावना परिवारबाटै सिक्न शुरू गरेको हुनुपर्छ भन्ने उक्ति छ । आफ्ना बालबालिकालाई कानून अनकुल व्यवहार सिकाउन चाहने बाबुआमाप्रति बालबालिकाको पनि गौरवको भावना हुनपर्छ । बाबुआमा बीचको पारस्परिक वैमनश्यता, कलह र अनैतिक क्रियाकलापका बीच आश्रित भएर बाँच्नु पर्ने बाध्यता तथा रूढीवादी संस्कार जस्ता अवाञ्छित गतिविधिहरू दैनिकी भएका परिवारमा किशोर किशोरीहरूको मन बेचैन हुन्छ र आक्रामक हुने सहज प्रवृत्तिको विकास हुन्छ । यो सहजप्रवृत्तिको मनोविज्ञान उनीहरूलाई कानून विपरीतको काम गर्नातिर 'धकेल्ने' आन्तरिक तत्व हो भने गरिबी वा कुनै जात-समुदाय विशेषको भएको कारणले विद्यालयमा राम्रो प्रदर्शन गर्न नसक्दा आफ्नो शैक्षिक भविष्य स्पष्ट नदेख्ने र दौंतरीहरूको दबाब बाह्य तत्व हो जसले उनीहरूलाई समाज विरोधी गतिविधिहरूमा संलग्न हुन 'आकर्षण'को काम गर्छ ।

राजनीति स्थिरतातिर मुलुक लम्किरहेको छ तर अन्य कुराले नेपाली समाज संक्रमणमा छ । जनसंख्याको ठूलो हिस्सा ग्रामीण भेगबाट सहर-बजारतिर बसाई सरिरहेको छ । निर्वाहमुखी कृषिमा आश्रित ग्रामीण समाजमा मानिसहरू एक अर्कासित परिचित र अन्तरनिर्भर हुन्छन् । सहर भनेको सानो क्षेत्रफलमा धेरैतिरका विभिन्न प्रथा, परम्परा, जातीय समूह, भाषिका र संस्कृति भएका मानिसहरू जम्मा भएर विकसित बस्ती भएकोले मानिसहरू एक आपसमा अपरिचित हुन्छन् । यी समूहहरू बीचमा कुनै संस्कृतिले प्रभुत्व कायम गर्न सकेमा बाहेक नयाँ संस्कृतिको शुरूवात हुन्छ । यस्तो संस्कृति प्रभावशाली भएर सबैलाई समेट्न नसकेका किशोरहरूले आफ्नै उपसंस्कृतिको विकास गर्छन् । यो विशेष गरेर सुविधाविहीन परिवारका किशोरहरूले गर्छन् । यसपछि उनीहरूमा उपसंस्कृतिमा रमाउने र

'दिशान्तर' हुने सम्भावनाहरू बढेर जान्छ, किशोर-किशोरी विद्यालय कक्षाबाट पलायन गर्छन् ।

सहरमा धेरै अवसरहरू हुन्छन् । चोरी र कवाडी संकलन गरी बिक्रीबाट प्राप्त आम्दानीले बालबालिका किशोर-किशोरीलाई स्वावलम्बी बनाउँछ । किशोरहरूलाई लक्षित गरी लागुऔषधको बेचबिखन गरिन्छ । उनीहरूलाई लागुऔषधको कारोबार ओसारपसार गर्नमा सिकाउन सहयोगी बनाइन्छ । लागुऔषध, मदिरा सेवन र धूमपान सिकाउने गरिन्छ । यस्ता किशोर-किशोरीहरू विद्यालयबाट भागेर आउने वा जाँदै नजाने गरेका हुन्छन् । यिनीहरू उपर बाबुआमाको नियन्त्रण र रेखदेख विभिन्न कारणहरूले कसिलो हुँदैन । समवयका साथीहरूको दबाब हुन्छ । साथीहरूको लहलहैमा लागेर गलत संगतहरू यिनीहरूको दिनचर्या हुन्छ ।

यौनजन्य अनुभव लिन पाएका किशोर-किशोरीले बिज्याइँ गर्ने सम्भावना झनै बढी हुन्छ । किशोर किशोरीहरू विपरीत लिंगीप्रति आकर्षित हुन्छन्, मन परेको जस्तो लाग्नु वा कुरा गर्न मन लाग्नु स्वाभाविक हुन्छ । त्यसैलाई 'प्रेम' ठानेर 'एकैछिनमा' सँगै मर्ने बाँच्ने कसम खाने र शारीरिक सम्पर्क गरिहाल्ने प्रवृत्ति उनीहरूमा हुन सक्छ । विवाहित र सम्बन्धबाट गर्भ रहँदा असुरक्षित गर्भपतन गर्नु परी किशोरीले शारीरिक र मानसिक ठूलो क्षति र कष्ट बेहोर्नु पर्छ । कतिपय अवस्थाहरूमा ज्यान समेत जोखिममा पर्न सक्छ । लामो समय औषधी सेवन गर्नुपर्ने हुन सक्छ जसले किशोरी आमालाई गहिरो मानसिक आघात पुऱ्याउँछ । बच्चा जन्मिदा पनि किशोर बाबुको माया र प्रेम उक्त नवजात शिशुले पाउँदैन । पहिलो कुरा त किशोर बाबुले नवजात बच्चालाई आफ्नो भनेर स्वीकार्दैन । लोकलाजको भयले धेरै मानिसहरू यस्तो अवस्थाका बारे कानूनको सहयोग लिदैनन् ।

किशोरकिशोरी लक्षमा अचुक, दृढ र नवीन तरीका अपनाएर अपराध गर्ने हुनाले समाजमा समस्या बढ्छ र सार्वजनिक चासोको विषय बन्ने हुँदा खासगरी कानून र व्यवस्थाको जिम्मा लिएका निकायहरूका लागि यो ठूलो टाउको दुखाइ विषय हुन्छ । बालबिज्याइँको निहितार्थ अपराधसित मात्र छैन, यसको आर्थिक र सामाजिक मूल्य पनि छ । बालबिज्याइँ वृद्धि हुनु समाजमा विसंगती र विकृतिहरू बढेको सूचक हो, समाजको शान्ति-व्यवस्था र समृद्धिमा खतराको घण्टी बज्नु हो । यदि अहिले नै बालबिज्याइँको गम्भीरतालाई 'बुझेर'

यसलाई रोक्न सकियो भने भोलिको समाज अपराधविहीन बन्न सक्छ, अपराध नियन्त्रणमा रहन सक्छ । 'बुझ्नु' पर्ने कुरा भनेको बालबिज्याइँ गर्नेलाई सजाय गरिनु हुँदैन, काराबासमा पठाउनु हुँदैन, सामाजमा पुनर्मिलन गराउने उद्धेश्य हुनुपर्छ, अन्यथा ऊ पटके हुन सक्छ, आजीविका अपराध बन्न सक्छ ।

विद्यालयको नीति-नियम उल्लङ्घन गर्नेलाई विचलित व्यवहार गरेको भनी निष्कासन गरिदा ऊ आफ्नो समूहबाट 'बहिष्कृत' हुन्छ । किशोरावस्था आत्मपरिचयको अवस्था भएकोले निरन्तरको उपेक्षा र कारबाहीले ऊ जबर बन्छ र उसलाई बिज्याइँकर्ताको छाप (लेबलिङ) लाग्छ । यस्ता किशोर-कोशोरीलाई झन बढी गैर सामाजिक र गैर कानूनी गतिविधितर्फ अग्रसर गर्ने उत्साहित बनाउँछ । न्यून आर्थिक स्तर हुनुले पनि बिज्याइँकर्ता भनी छाप लाग्छ । ऐलानी, सार्वजनिक जग्गामा घर टहरा बनाइ बसेका सुकुम्बासी बस्तिका किशोर किशोरीहरूलाई बिज्याइँकर्ताको रूपमा छाप लगाइन्छ । चोरी, लागुऔषध, लुटपाट जस्ता वारदात घट्नासाथ कानून कार्यान्वियन गर्ने निकायको पहिलो ध्यान यी किशोर-किशोरीहरूमाथि जान्छ ।

परिवारमा आमाको भूमिका मियोको हुन्छ । खोज र व्यवहारबाट बिज्याइँमा लागेको अधिकांश बालबालिका मातृवात्सल्यबाट वञ्चित पाइएको छ । द्वन्द्व र दैवी विपद् जस्ता प्राकृतिक कारण परी वा परिवारमा आमा वा बाबुको मृत्युले मूलथलो छाडी कथित् बेवारिसे भएका वा पारपाचुके र बाबु वा आमाले परिवार परित्याग गर्नाले बालबालिकालाई गहिरो आघात पुऱ्याउँछ । बालबालिका हिंसा पीडित हुने वा बिज्याँइकर्ता हुने जस्ता दुवै सम्भावनाहरूका लागि विखण्डित परिवार उतिनै जिम्मेवार हुन्छ । बाबुआमाको यथोचित नियन्त्रण र रेखदेखमा हुर्केको बालबालिका असामाजिक क्रियाकलापमा संलग्न हुने सम्भावना कम रहन्छ । परिवारका सदस्यहरू बीचको दह्रिलो सम्बन्धले बालबालिकालाई असामाजिक बन्नबाट रोक्छ ।

बालबालिकाले शिक्षा, स्वास्थ्य, पोषण र संरक्षण परिवारबाट पाउँछन् । यी भौतिक कुराहरू हुन् । योभन्दा पनि मानवीय जीवनमा स्नेह र आत्मियताको मजबुतीले बढी महत्व राख्छ । बाध्यता वा चाहनाले बाबु आमा दुवै जना पेशा-व्यवसायमा संलग्न रही लामो समय घरबाहिर रहने परिवारका किशोर किशोरीलाई पनि बाबु-आमाको नियन्त्रण र रेखदेख नहुन सक्छ । बाबु-आमाको आफ्ना

सन्तानप्रति दायित्वको बोध हुनुपर्छ । परिवारका सदस्यहरूको आपसी सम्बन्धको गुणवत्ताले बालबालिकालाई असामाजिक कार्यबाट विरत गराउँछ । बालबालिका माथि अभिभावकको न्यून नियन्त्रण, मायाममताको अभाव रहेको सम्बन्ध, अभिभावकसँग कमै मात्रामा कुराकानी, छलफल र भावना–विचारको आदानप्रदानले पारिवारिक सम्बन्ध कसिलो बनाउन मद्धत गर्दैन । हिंसामा परेकी आमा वा दुर्व्यसनी बाबु भएको परिवारका बालबालिका जतिसुकै भौतिक सुविधामा रहेपनि 'असल' बन्न नसकेको दृष्टान्तहरू समाजमा पाइन्छ ।

हालै गरिएका कानूनको परिमार्जनले विवाहको उमेर बढाइएको छ, यौन सम्पर्क गर्ने उमेर बढाइएको छ। बाल्यावस्थाबाट वयस्क अवस्थामा पुग्ने किशोरकिशोरी शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक, हरेक आयाममा परिपक्वतातिर लम्किरहेको हुन्छन् । किशोरकिशोरी बालबालिका जस्तो अवोध हुँदैनन् नतः उमेर पुगेका जस्तो परिपक्व र सुझबुझ नै हुन्छन् । उनीहरूले आफूभित्र र शरीरमा रूपान्तरण भईरहेको, आफ्नो ज्ञान र अनुभवमा परिवर्तन भईरहेको महसुस गर्छन् र समाजमा आफ्नो भूमिकाको खोजी गर्छन् ।

परिवारबाहेक किशोर किशोरीका बारे विद्यालय र कानून कार्यान्वियन गर्ने निकायहरू सरोकार राख्ने राज्यका संरचनाहरू भएपनि यिनको भूमिका 'कर्मकाण्डी' छ । बालबालिकालाई बालबिज्याइँबाट विरत गराउन अनिवार्य शिक्षाको कार्यान्वयन र बालमैत्री विद्यालयको ठोस भूमिका हुन्छ । परिवारपछिको बालबालिकाको उचित मानसिक र बौद्धिक विकास गर्ने थलो विद्यालय हो । कक्षाकोठामा बालबालिकालाई 'टिकाउन' शिक्षण संस्था र सिकाइ विधि बालमैत्री हुनुपर्छ, सिकाइको माध्यम मातृभाषा हुनुपर्छ । अनुशासित बनाउने नाममा बालबालिकालाई डर देखाउने, कुट्ने, पिटने जस्ता कार्य भएमा बालबालिकाको संवेगात्मकतमा आघात पुग्छ । बालबालिकाले पढ्न सकेनन्, अनुशासनहीन भए भनेर शारीरिक सजाय दिने परिपाटी घर र विद्यालयमा अझै अभ्यास गरिन्छ । यदि परिवार र समाजको सामाजिकताको विद्यालयको 'सामाजिकता'सँग टकराब भयो भने त्यसले किशोरहरूमा मानसिक द्वन्द्व हुन्छ र उनीहरू अलमलमा पर्छन् । हाम्रा विद्यालयहरूमा बालबालिकाको बोधको क्षमता, मनोविज्ञान र आर्थिक–सामाजिक पृष्ठभूमि अनुरूप शिक्षण विधि अवलम्बन गर्न पूर्वाधारहरू छैनन् ।

त्यसैले बालबालिका किशोरकिशोरीले 'स्कुल बङ्क' गर्ने र स्कुल छाड्ने समस्या कायम छ ।

बालबालिकासँग सम्बन्धित कामकारबाहीहरू कानूनी मात्र भएर पुग्दैन, नैतिक पनि हुनुपर्छ । प्रजनन स्वास्थ्य शिक्षा भनेर प्रजनन अंग र शारीरिक परिवर्तनबारे मात्र होइन, मानवीय सम्बन्ध, प्रेम, यौन र यौनिकताका विषयमा पनि किशोरकिशोरीलाई बुझाउनु जरूरी छ । कुनै असक्षमता वा अपूर्णता भएर बालबालिकालाई प्रौढको तुलनामा विशेष प्रकारको संरक्षण र व्यवहार चाहिएको हैन, 'प्रौढ-समाज'का 'खराबहरू'ले बालबालिकालाई सजिलै दुरूपयोग गर्न सक्छ, दुर्व्यावहारको शिकार बनाउन सक्छ, गलतरूपले प्रयोग गर्न सक्छ, शोषण हुनसक्छ भनेर विशेष व्यवस्थाहरू गरिएको हो । आजका बालबालिका नै भोलिका प्रौढ (नागरिक) हुन् । आजका बालबिज्याइँकर्ता नै भोलिका कठोर र दृढ अपराधी हुन सक्छन् । ♦♦♦

**कविता**

## खाऊ वनभोज रमाएर



✍ **राजबाबु श्रेष्ठ (सागर)**

मलाई कथा खोज्न जानु पर्दैन अचेल  
गुँरासहरूका बस्तीहरूमा  
किनभने, म आफैं कथाको शैल बनेको छु  
चिलाउने फोहरहरूको मैल बनेको छु ।  
आऊ  
उत्खनन् गर  
मेरा जराका तलतिरबाट  
भत्काऊ मलाई र गल्र्याम्म ढाल  
फोर्नू हतौडैहतौडाले मेरो शिर  
अनि चोइट्याउनु चिर्पटझैं मलाई  
मेरो दाहिनेतिरबाट ।  
लगेर जलाऊ मलाई  
स्वार्थको भट्टीमा दनदनती  
निकाल पिरो धुँवाको मुस्लो अश्रुग्याँसजस्तै  
भगाऊ आफ्ना प्यारा मित्रहरूलाई  
अनि डाक तिम्रा ती शत्रुहरूलाई  
र खाऊ वनभोज मिलेर रमाईरमाई  
टुँडिखेलको पलेटी बसेर ।  
र लिलाम गर  
आफ्नै प्राणभन्दा प्यारो  
पूर्वको बूढो आफ्नै बाघ दरबार ।

नियात्रा

# निरोगीलाई नर्सको भान्सा !



✍ युवराज नयाँघरे

मध्य दिनमा पुगियो प्युटार ! गाडीबाट झर्ने बित्तिक्कै मैले साथीलाई हेरें । उनी नचिनिने हालतमा थिए । मैले उनलाई र उनले मलाई हेर्दा विरूपका भएछौं हामी ।

प्याङगाउँबाट बिहान गाडीसँगै चढे पनि गाडीबाट झरून्जेलमा हामी पुरै अर्कै रूपका, चालढालका र हबिगतका हुन पुगेछौं ।

हो, हामी धुलाम्मे अनुहार लिएर सडक किनारमा उभियौं । धुम्रेफुम्रे र सेतै फुलेसरिका ।

'दाइ, ललितपुरमा स्वागत छ !'

गोपाल सन्जेलले आफ्नो धुलेमुले अनुहार पुछ्तै भने ।

म हाँसें मुसुक्क ।

रूमालले अनुहार राम्रैसँग पुछपाछ गरें । ज्याकेट टकटकाएँ बेस्सरी । झोला झट्कारें । आफ्नो सारा जिउ मरक्क बटारेर बिहानदेखि थुप्रेको धुलो फालें । गर्धनमा बसेको पत्रे धुलाको लुंडो औंलाले तानें ।

झिसमिसेदेखि धुलो खान सुरू भएको थियो ।

भित्तो रोजेर बसेको म झ्यालको शिशा परेछ आधा । अनि घरी यता घरी उताको तानातानले सारा छारोले पुर्रिएको थिएँ । ह्वारह्वारी पस्ने धुलोले सारा शरीर सेताम्मे भएथ्यो । अनुहारमा लिपपोत भएथ्यो गजबले ।

मोटरबाट झर्न पाएकोमा खुसी थिएँ म ।

दिन चिसो थियो । बादल र घामले पाइला चालेको-कान चिसिने दिन । मैले प्युटारको झुरूप्प पाखोमा ओछ्याएँ आँखा । मास्तिरको डाँडो र तलतिर तरेली भएर फाँट फैलेको छ थामिई-थामिई । गरा र एक्ला घरको सम्बन्ध रूखपातले जोडेको देखिरहेको छु म ।

निकै अघिदेखि ललितपुरको दक्षिणी भेग घुम्ने रहरले चौचौ गरेको थियो । साता दिनको समय छुट्याएर यता लर्किएको छु म । बाटो, बास, भोजन र नक्साको जानकार छन्

सन्जेल । उनको औंली समातेर लम्केको छु खराखरी ।

यस्तै चालीस परिवारको घरधुरी रहेछ प्युटारमा ।विद्यार्थी कता थिए कुन्नि गुरूहरूको गफ, गिल्ला र गनगनले तातेको भेटियो कालीदेवी उच्च माध्यमिक विद्यालयको आँगन ।

सामान्य भेटघाट र चिनाजानीमा थोरै समय खर्चियौं हामीले । चिया नखुवाई नपठाउने भनेका थिए । तर अल्मलिन मन नमानेको हुनाले 'फेरि खाने' निहुँमा बिदा भयौं हामी दुई भाइ गुरूहरूको हुलबाट ।

बाटैमा भेटिएका राम बानियाँसँग निकै सोधपुछ गरें मैले । ठट्यौला र हँसिला बानियाँसँग गफका तालमा गोरेटो बाटो भएर उनका आँगनमा पुगेछौं हामी ।

'भातभान्सा यतै गरौं । आज हाम्रैमा बसौं ।' बानियाँको सत्कार ओठमा आयो मनैदेखि ।

'होइन, हामी डुल्न हिंडेका । झमक्क साँझ नपरून्जेल हाम्रा खुट्टा बिसाउँदैनन् । ज्यानले थाकें भन्न पाउँदैनन् । हाम्रो योजनालाई भाँजो नहाल्नु होला !' चिया सुर्काउँदै बोले गोपाल ।

उनको बोलीमा मैले सघाएर थपथाप पारें । यसरी हामी त्यो आँगनबाट तेर्छो र तेर्पे गोरेटो भएर पूर्वतिर हाम्फालेको बाटोतिर हेलियौं । बाटोका दायाँबायाँ अम्रिसोघारीले पाखुरा-गोडामा छुन्थे । आकाशको बादल खुल्ने र धुम्मिने भइरहेथ्यो ।

दक्षिणतिरको बाग्मती नदी लुक्ने र देखिने भएर बगेको देखिरहेथें म । त्यसका कालाम्मे छालमा काठमाडौंको पाप र कपटले स्वर थपेको मैले भित्रैदेखि सम्झन पुगें । निकै वरबाट नि खोलाको अनुहार टुप्लुकिरहेथ्यो घरी-घरी ।

बाटोमा अक्टोपस ज्यानको डोजरले भीर छेउका रूख मर्‍याकमुरूक पेलेर सम्याइरहेथ्यो बाटो । पाँचसात तन्नेरी बुङबुडी चुरोट उडाउँदै तास फिटिरहेका थिए । दुईतीन बूढाहरू डोजरले लडाएका रूखबाट हाँगाबिँगा भेला पार्दै थिए ।

बानियाँले भनेको सम्झिएँ- 'बुझ्नु भो, बहुदल हैन यो । बाउ दलिने, छोरो हल्लिने पो हो त !'

अल्मलिरहेको तरूण पुस्तालाई कटाक्ष गरिएको हुनु पर्छ यो ।

मैले अघि प्युटारमै सुनेथें- नाउँको अर्थ ।

'तामाङ भाषामा प्यु भनेको जरायो हो । यो टारमा बेस्सरी पाइन्थ्यो ।'

कानैनिर बडेमानको कोठी भएकी आइमाईले भनेकी थिइन् ।

उनले भनेको कुरा सम्झना छ-'तामाङ मात्र बस्थे नि यता । पर्वते कुरा सिक्न तिनले बाहुन छेत्रीलाई

यतातिर बस्ती बसाउन सघाए । बाहुन छेत्रीसँगै एक घर कामी आए, एक घर दमाई आए । एक घर नेवार आए । अनि बस्ती बढेर गयो ।'

मैले मुन्टो मात्र हल्लाएर सुनेको कुरा हो यो ।

वारिपट्टि ललितपुरको विकट डाँडो छ । पारिपट्टि मकवानपुरको तरेली बस्ती र ओसिला गाउँघर । दुबैतिर बेसी र टार-खेतको लुकामारी देखिन्छ ।

पहाडमा पहाड खप्टिएको देखेर आँखा हुन्छन् फुरूङ्ङ ।

दुईजना बूढा च्युँडोमा हात लगाएर धुँवा उडाइरहेका थिए मोडको कान्लामा । तोरी, गहुँ र फापरका रङ्गी बिरङ्गी रूपमा आँखा छोडेर सुस्ताएँ म ।

'गाउँ विकासको बजेट सबै डोजरले खान्छ !'

घुँडा फाटेको पाइन्ट लाउनेले गुनासो गऱ्यो ।

'डोजरले खनेको बाटो बर्खामा पहिराले लान्छ !'

झ्याप्प कपाल भएको अर्को बूढाले असन्तोष पोख्यो ।

मन भो बिरसिलो । योजना र कार्यान्वयन बीच तालमेल नभएको प्रमाण उत्रिए यी बोलीमा । मेरो मन भो निकै चिसो । पारि देउराली रमाइलो देखियो ।

पूर्वीतिर लागिरहे पनि पशिचमी पाखा र फग्लेटा चिहाउन अनि चिन्न छोडेका छैनौं हामीले । तल बेसीको फाँटिलो टारमा फापरका कलेजी र सेता फूलले बास्ना नदिए पनि रङको उत्पात आनन्दी पस्किरहेथे । खुसीको चाङ घटेन, थपियो । दाहिनेतिरै बस्यो घले बस्ती ।

खैरेनी बेसी नाघिरहेका छौं । खयरघारीले तलको खोंच र बेसीको सुन्दरता बढेको देखिन्छ । सुरिला र अथाह रूखपातले बेसीको गर्मी छोपछाप हुने देखिरहेछु म ।

सुन्दर बेसी । हो, निकै रमाइलो बेसी । मन, आँखा र खुट्टा टक्क रोकिने भरिपूर्ण बेसी ।

एकोहोरो पूर्वतिर लाग्न थालेका छौं ।

बिहान खाएको धुलो र छारोले फुलाएको छ बेस्सरी । चर्चरी फुटेका ओठ र बिझाएका आँखामा वरपरका जङ्गलले रसबस ल्याउँछन् ।

'प्रकृति पढ्न हिंडेपछि पचाउनै पऱ्यो धुलो पनि, छारो पनि !'

मनको गथासो मनसँगै ।

चिसो हावाले परेली समेत हल्लाउँछन् ।

सँगै उडेर आउने हावाले हामी ढाकिन्छौं । वनसँग भेटघाट भइरहेको छ ।

बेलाबेलामा वन चराको चिर्बिरले कानलाई सन्चो पार्छ । फेरि

बेलाबेलामा बन्चरो चलेको ठङठङीले छाती आत्तिन्छ । दुई चरा एक अर्काका लागि पुरै प्रतिकूल ।

खैयरघारी पुगेपछि बाटोमुनि काठे छाप्रोमा सुस्तायौं । चिया, चरोटको खिच्रिङमिच्रिङ पसल रहेछ । गोपालका आँखा परेछन् डोरीमा झुन्डाइएका केराका काइँयामा । उनले मागिछाडे । 'पारि सोल्थुमका केरा हुन् । खानु, मज्जाले खानु !'

पसले मान बहादुर लामाले सुन्याए । 'बिसन्चो भए नि भरे ?' मैले भनें ।

'बिसन्चो भए आउनु होला । अरू चार कोसा सित्तैमा दिउँला । केराले लाएको रोग केरैले ठेगान लाउँछ !'

लामाले यसो भन्दा गाउँले निश्छलता देखिन्थ्यो ।

बाग्मतीपारि मन्थली, सोल्थुम, चन्थली र केराबारी लस्करै थिए । ती सबै भेगमा केराको खेती हुन्छ रे आजभोलि । केराकै खानीमा पुग्दा नि महँगै लाग्यो मलाई केराको भाउ । हो, स्वाद चैं निकै रसिलो र मुखै रमाउने । साँच्चै, केरा खाएजस्तो !

पानी र केराको आनन्दीले बाटो कटाउन थाल्यौं ।

पातला घरबस्ती झ्वाट्ट भेटिन्थे । आगो तापेर बसिरहेका बूढाबूढीले बाख्राका पाठा मुसारिरहेका, कुकुरका छाउराछाउरी चेपिरहेका धेरै ठाउँमा देख्थें म ।

निकै लम्केपछि बाटोमा भेटिए अर्का तामाङ । सन्चो बिसन्चो र घर परिवारका निकै कुरा भए । उनी खुरूखुरू कुरा गरिरहेथे ।

अलिक पछि गोपालले सोधे- 'तपाईं मेराबारे पुरै जानकार हुनु हुँदोरहेछ । मैले त तपाईंलाई राम्रोसँग ठम्याउनै सकिनँ । के पो गर्ने होला ?'

सन्जेल परे राजनीति, शिक्षा, समाजसेवा जस्ता बढ्ता जनसम्पर्कसँग भिज्ने वर्गका कर्मठ-कर्ता । यी तामाङ क्यै गरी नचिनिंदा उनी पटक-पटक निधार खुम्चाइरा'छन् ।

'बाह्र वर्ष अघि तपाईंबिजुली बाल्न यो गाउँमा आउनु भा' थियो नि सार !'

स्याउरी तामाङले अन्ठाउन्न सालतिरको कुरो सम्झाए ।
बोलीसँगै पाइला सारिरहेछौं ।
मैले सोधें-'बाटो बल्ल आउँदै रै'छ । फाइदा कत्तिको भा'छ नि ?'
'दाम आयो !'

उनले बिस्तार गरे-'बाटोले धेरै कुरा दियो । आफ्नो पालामा कति सारो दुःख थियो । तीन पाथी मकै बोकेर खाली खुट्टाले रूँदैरूँदै भट्टेडाँडा जानु पर्थ्यो । तुसारोमा टेक्दै, रूँदै, सिँगान चुहाउँदै गइन्थ्यो । अब त कति सन्चो कति ! निकै सुविस्ता भो । तर त्यो सुविस्ताले मान्छेलाई बिगार्दैछ नि सार !'

'हो नि !'
मैले थपें ।
'सन्तानले त पढ्लान् नि ?'
गोपालले सोधे ।
'छोरो नौबाट दशमा पुग्यो । छोरी आठबाट बिए पास भई !'
स्याउरीले यसो भन्दा हामी हाँस्यौं ।
'दुइटा त पर्मानपत्रै पाइसकी !'
यतिखेर उनी मात्र हाँसे ।

बाग्मतीको कलकल नजिकै आइरहेछ । उसको आवाजमा हाम्रा आँखा, कान र कम्पन टाँसिन पुग्छन् घरीघरी । तोरी फुलेको कस्तो गजब देखियो धनडाँडामा ।

बिहान भट्टेडाँडामा निलेको अन्नपानी सिद्धिएको सूचना अब हल्लीखल्लीसाथ आउन थालेको छ । तर त्यो हल्लालाई म आफैं डल्ला बनाएर निलिरहेको छु ।

अनि भनिरहेको छु–'यो बेला न कुबेला आन्दोलन गर्ने कुरा नगर है !' धनडाँडा बेसी निकै रमाइलो थियो । बर्खे धान रोप्न गरामा जमेको पानीले गर्भिणी धर्तीको सङ्केत दिन्थे । बाटो मास्तिरको चिसो र सङ्लो पानीमा म हात धुँदै मनमा शीतलता उमार्थें पटकपटक ।

बाल मनोरमा निम्न माध्यमिक विद्यालयको देब्रे पेटी भएर हामी पूर्वतिर वेगिन छोडेका छैनौं । जाडो, घाम र हावाको सुम्सुम्याइ छ शरीरमा ।

सानो बजारजस्तो लुकुनी बेसी । हाम्रा अनुहारलाई बजारले पढ्यो र ठोकुवा गर्‍यो–'यी याँका मनुख्खे होइनन् !'

बजार छोडेर हामी बेसीतिर लाग्यौं । आठदश जना बालक र वृद्धहरू मुडाको आगोमा निमग्न देखिन्थे । मैले यहींबाट पारिका मकवानपुरे डाँडा र बेसी खेतको सुन्दरतामा आँखा छोडिदिएँ ।

एकान्त र बेपत्तै टाढाको अनुभूतिले बल्किएको छ छाती ।

'दाइ, साँझ पर्‍यो यतै पो बास बस्ने हो कि ?'

धुनी तापिरहेका एक बूढा मान्छेसँग गफ्फिँदै मेरो मन जाँचे सन्जेलले । 'आफन्तको भन्दा अन्तै बस्दा जाती होला कि !' मैले सुटुक्क भनें ।
'त्यसो भए पल्लो थुम्कीसम्म पुगौं !'

सेतो घरजस्तो देखिएको तीन थुम्की उताको ठाउँतिर गोपालले औंला देखाए । त्यस लगत्तै हामीले पाइला बढायौं ।

अँध्यारो लम्की लम्की आइरहेथ्यो ।
'तीं त रै'छ नि ! जाऊँ जाऊँ !'
मैले यति भनेपछि आँट बढ्यो ।

तर मनले नजिक ठाने नि आँखाले देखिरहेथे परै...परै...।

अनि लमक लमक पाइला

चाल्यौं । दक्षिणतिरका थुम्का अनौठा–अनौठा देखिन थाले । खोंच र चेपमा अघिसम्म रूखपात । अब त भिन्नै खालका टुप्लुकिए । मास्तिरको आकाश नि बेग्लै देखिन थाल्यो ।

'बाह्र वर्षसम्म यहाँ सरकार थिएन !'

'त्यतिखेर बन्दुके गुड्डु हुन्थे जतिबेलै !'

पर परका एकलास हेर्दै थामिई–थामिई बोले गोपाल ।

बाग्मती नै चर्को भएर कराउन थाल्यो । मोडिएर गएको बाटोलाई बनाएका छौं साथी ।

'यो बाटो आएकै यस्तै चारपाँच वर्ष भो होला । बत्ती र फोन आएकै निकै पछि !' सन्जेल बोलिरहेका छन् ।

म उनकै छायाँ भएर हिँडिरहेको छु । ललितपुर जिल्ला होइन, सुदुर अभेग र महा विकट पहाडी बस्ती हिँडिरहेको लाग्दैछ । अचम्मले छातीमा छुरा रोपेकोरोपेकै छ । छक्कले कोखामा लट्ठी घोचेकोघोचेकै छ । अनौठोले थिचेकोथिचेकै छ । किनार पारिएको हो कि !

राजधानीसंग जोडिएको जिल्लाको यो हालत ! केन्द्र चलाउने जिल्लाको यो हरिबिजोग ! देश हाँक्ने जिल्लाको यो हबिगत !

धेरै विष्मयपूर्ण प्रश्नले परेली ढकढकाउँछन् ।

लुकुनी बेसी निकै वरसम्मै रहेछ । बेसीका खेतमा मान्छेहरू अँध्यारो होउन्जेल खेतमा मरिमेटेका लाग्थे । झमक्क परेको रातले चारैतिरबाट घेरा हाले पनि जोतिएका हातगोडा खेतका खोस्रीनङ्ग्रीमै थिए । खटाइका लागि बाह्र घन्टा नि कम हुने !

कुइनेटोमा बाटो घुमेर गयो । गोरेटो चैं उकालियो, सामुन्नेको अक्करे भीर भएर ।

'छोटो रोज्ने कि घुम्ने ?'

सन्जेलले सोधे ।

'उकालो गाह्रो हुन्छ । बरू सजिलो बाटोतिर लम्कने कि ?'

आफूलाई लखतरान भएको बताएर भनें मैले ।

लामै बाटो हिँडिसकिएको छ । अझ छारोले ओठ चर्चरी फुटाएको छ । गोडाका दुबै कान्छी औँलाका खिल टन्केर हत्तु भएको छु । जाडोले राम्रैसँग थप्थपाएको छ ।

बाटो बाँडिए ठाउँमा एकछिन घोरियौं हामी ।

त्यै बेला दुई किशोर उकालोको गोरेटोतिर लागे । अँध्यारोले राम्रैसँग घेरिहाल्यो । सामुन्नेका अनुहार नि नचिनिने भए छिनभरमै ।

'भाइ, हामी हेल्थपोष्टसम्म पुग्न खोजेका । छोटो बाटो कताबाट हो ?' गोपालले सोधे ।

लुइँलुइँ लम्केका दुई केटा एक

छिन थामिए । अनि भने अग्ला सूर्य बहादुर सिँगारले-'हाम्लाई पछ्याउनु न !'

नभन्दै उकालोमा उनीहरूका पुच्छर भयौं हामी । अर्का सोम बहादुर सिँगारसँग गफ्फिँदै हामी स्वाँस्वाँ गर्न थाल्यौं । ठाडै उकालीमा पसिनाका खोली कुदे ज्यानभरि ।

तल बेसीतिर हिंडुन्जेल चिसो हावाले सन्चो पारेथ्यो । हलुका तातोले आङमा छोएको नि ठानेथें मैले । तर उकालीको पसिनाले भिन्नै खालको भाव सर्सरायो छातीमा ।

अँध्यारोमा आँगन, गोठ, करेसा र धारोमा काम गरिरहेका आइमाईसँग हेल्थपोस्ट जाने बाटो सोधिरहेथे सन्जेल । उनका आवाज ठम्याएर कति त भन्थे-
'यतै बास बसे नि हुने !'
'हैन, बाटो नै छोट्याऔं होला !'
उनी बोल्दै उकालो चढ्थे ।
म नि खुइयय गर्दै सही थाप्थें-'हजुर, बाटै छोट्याम् होला !'

तर भित्री मन मेरो चैं अर्कै भइसकेको थियो-'यै पिँढीतिर पो पसारिन पाए नि हुने...!'

गलेर अनि थाकेर सोध्ने जत्तिका आँगनमै थचक्कै बस्न मन त थियो नै । तर धेरै कुराले त्यसो गर्न दिएन ।

एकदमै एकलास । बाँसघारीमा बसेका चराचुरूङ्गी बिस्तारै चिर्बिराएको सुन्दा लाग्थ्यो-अँध्यारोको त्रास बेस्सरी ओर्लेछ । रूखपातले बाटो छोप्छ ।

परपर पिलपिलाएका बत्तीसँग जाडो जुधिरहेको देख्छु म ।

निकै उकाली, तेर्छो र तेर्पे काटेर कोदोबारी नाघेपछि दुईजना मान्छे गफ्फिँदै आएको सुनियो । सिँगार भाइहरूलाई खबर पनि पठाएथ्यौं-'हेल्थपोष्टका राजु गौतमलाई तलतिर जानु भन्दिनु है !' मान्छेको बोली टड्कारिँदै आयो वर-वर ।

हामी अँध्यारोमा छामछाम छुमछुम गर्दै हिंडिरह्यौं डाँडैडाँडा । टेकेका ठाउँमा खुट्टा पर्दैनन् । अँधेरी रात छ । एकदमै निष्पट्ट । निकै थुम्कामा पुगेपछि जाडो पनि बटारिएर फुइँकी फुक्न थाल्यो ।

गोरेटोसँग चिनाजानी गर्दै हिंडिरहेको छु । खुट्टा, मन र आँखा जति चनाखा छन्- कान झन् टठिला पार्दै हिंडेको छु ।

आफ्नै तालमा हिंडिरहँदा हाम्रासामु आएर एउटा तेजिलो हाते लाइटको उज्यालो रोकियो ।
'गोपाल सर हैन ?'
'राजुजी हैन !'

गौतम र गोपालले चिनाजानी गरे आवाजबाटै । अर्का ज्यानका एक मनुवा नि साथै थिए ।

हेल्थपोष्ट पुग्यौं हामी । त्यही

अगेनो वरपर बसेर राप्पिएका थुप्रै महिला स्वयम्सेविकाहरू भेटिए । चिनापर्चीसँगै भोजन गऱ्यौं ।

'निरोगीलाई नर्सको भान्सा !' खाना खाँदा मेरा मनमा कुरा खेले ।

भोजपुरे कला राई सेवा गर्दै पुगेकी रहिछिन् त्यहाँ । भातको पहिलो गाँस खानै लाग्दा उनले भनिन्–'तपाईंहरू नि आइपुग्नु भो । एउटी नानी पनि जन्मिन् भर्खरै !'

धेरै बेरसम्म गफगाफ गर्दै अगेनाका अगुल्टा ठोसठास पारिरह्यौं हामीले । वरपर तामाङै तामाङले भरिएको यो भेग शिक्षा, स्वास्थ्य र चेतनाले पछि परेको रहेछ निकै नै ।

काठमाडौंको नाकैमुनिको बिचल्ली देखेर अवाक् भएँ म । पछाडि परेको समाज सुनेर कानमा झिर परेको पीडा बल्किन्थ्यो । देश दुख्नु भनेको यही रहेछ । मैले राति आफ्नो डायरीमा लेखें– '२३ पुस, २०६९ । आश्राङ; बाग्मती तीरको बास !'

सानो चैनपुरले आधा रातमा निन्द्रा ल्याइदियो मेरा आँखामा । ♦♦♦

कविता

## ट्राफिक नियम पालना गरौं



✍ **लक्ष्मीप्रसाद मिश्र**

बिलबुक, लाइसेन्स साथमा सधैं लिनु।
प्रहरीले माग्दा खेरी झिकी देखाउनु।
वर्ष दिनमा तिर्ने कर समयमै तिरौं।
बिलबुक नविकरण गरी सभ्य जन बनौं।

अनुमती पत्र लिँदा सक्कल नै लिउ।
दलालीले दुःख देलान् होसियार होउ।
ट्रायलमा फेल हुँदा पास गर्छु भन्लान्।
नियमलाई नमानेर घुस तिर्न खोज्लान्।

मोबिल तेल, बत्ति, ब्रेक, टायर चेक गर्नु।
हर्न र स्ट्यान, गिअर, क्लज सबै हेर्नू।
पहिरो जाने ठाउँ आए होसियार हुनु।
ढुङ्गा, माटो झरी रहे एक्छीन् पर्खी रहनु।

ओभर ट्याक गर्नु पर्दा होसियार हुनु।
घुम्ती, मोड, साँगुरोमा यस्तो नगर्दिनु।
कतै जाम परी हाले धैर्य भई कुर्नु ।
जबरजस्ती गाडीलाई अगि नबढाउनु।

# कुलपूजा एक परम्परा



✍ बद्रीप्रसाद ढकाल

**परिचय**

कुल वंश परम्परामा सनातनकालदेखि मानिँदै आएको आराध्यदेव, देवी शिव, शक्ति, मष्ट, प्रकृति र स्थानिक देवी देवताको पूजन गर्ने परम्परा सनातन धर्ममा छ । जुन देवताले कुलको उद्धार गरे तिनै देवलाई कुलदेवता मानिन्छ । कुल नै देवता वा कुलका आराध्य देवता वा कुलले वंशले मानी आएका इष्टदेवता नै कुलदेवता हुन् । कुलदेवताका सन्दर्भमा अथर्ववेदमा कुलायन, शुक्ल यजुर्वेदमा कुलायनी शब्दको प्रयोगले गोत्र सम्प्रदाय र वंशप्रवृत्तिलाई प्रतिनिधित्व गरेको छ । त्यस्तै वराहपुराण र देवीभागवतमा पनि कुलदेवताको प्रसङ्ग उल्लेख गर्दै कृष्णले गोवर्द्धन पर्वत धारण गरेको कुरा उल्लेख छ । कुलदेवता नै इष्टदेवता वा मष्टोदेव मानिँदै पितृपूजा वा पूर्वजका स्मृतिमा गरिने कुलायन पूजा वा देवाली नेपालका प्रायः जातजातिमा सनातन परम्पराका रूपमा प्रचलित छ ।

कुलदेवतालाई कुलवंश परम्पराका इष्टदेवता मानिन्छ त्यसैले कुलदेवताप्रतिको श्रद्धा र आस्थामा विस्तार हुँदै गएको पाइन्छ । आफ्ना सगोत्र वंशहरूको सुख, शान्ति, कल्याण, उन्नति र वृद्धिका लागि सनातन निरन्तर कुलपूजा गरिन्छ ।

**स जातो यन जातेन याति वंश समुन्नतिम् ।**

जसले जन्मेर आफ्नो कुलवंशको उन्नति तथा श्रीवृद्धिमा साथ सहयोग गर्छ त्यसको जन्म सार्थक हुन्छ भन्ने कुरा शास्त्रमा लेखिएको छ ।

खस आर्य, किरात, तामाङ तथा अन्य जातजातिमा कुलपूजा गर्ने प्रचलन पाइन्छ । शिव, शक्ति, मष्टो, प्रकृति र स्थानिक देव देवीलाई आराध्य मानी कुलदेवताको पूजा गरिन्छ । अदृश्य शक्ति र आस्थालाई केन्द्रमा राखेर गरिने कुलपूजाको निकै महत्व छ । कुलदेवतालाई सुख, समृद्धि पितृ तथा सन्ततिका देवता मानिन्छ । कुलपूजा

नै पितृ पूजा हो । कुलपूजाद्वारा अगतिमा परेका पितृ मुक्त हुन्छन् । सनातन धर्म मान्नेहरूले आफूलाई ऋषिका सन्तान मानेरै आफ्ना पूर्खा ऋषिका गोत्र र प्रवरका हाँगा मान्दछन् । थर चाँही बसोबास गर्दै आएको स्थलको अपभ्रंस हो भन्ने गोष्ट वा गोठ वा समूहको विस्तारित रूप गोत्र हो । गोत्र भन्नाले एउटै रक्तसम्बन्धका गोष्ठ वा समूह बुझिन्छ । थर पुर्ख्यौली वंश परम्पराको पहिचान हो, उपनाम हो । यो पूर्व परम्पराबाट क्रमशः पुस्तान्तरण वा पुस्ता हस्तान्तरण हुँदै आएको हो भन्न सकिन्छ । पुर्ख्यौली थलोलाई सम्झाउने अर्थमा समेत थरको सुरूवात भई त्यसको निरन्तरता हो भन्न सकिन्छ ।

प्रयोगात्मक नेपाली शब्दकोशमा पुर्ख्यौली स्थान, पद आदिको आधारमा मान्छेको नामसँग जोडिएर आउने चलेको वंश परम्परागत उपनामलाई थर मानिएको छ । संस्कृतको आदिस्थलबाट थल हुँदै थर भएको अथवा ढाकु भन्ने ठाउँबाट ढकाल भएजस्तै दहबाट दाहाल, पराजुलबाट पराजुली, पोखरबाट पोखरेल, नेपालदहबाट नेपाल आदिको थर रहन गएको मान्न सकिन्छ भने कतिपय थर मान पदवीको निरन्तरतालाई मान्न सकिन्छ त कतिपय काको प्रकारगत चिनारी जे होस् पुरानो वा प्राचीन वासस्थानको पहिचान बोकेको वंश परम्पराले थर कुनै निश्चित थलो वा थललाई बोकेको छ भन्नु उपयुक्त हुन्छ । खस जातिको इतिहासमा प्र.बालकृष्ण पोखरेलले कुनै पनि व्यक्तिले वंश अथवा परिवारबाट प्राप्त गरेको कुलमानलाई थर भन्ने गरिएको छ भन्दै उदाहरणमा पन्त र भट्टका बारेमा लेखेका छन् । तर ती प्राचीनकालमा कार्यका पदवी हुन् भन्न सकिन्छ । थरको व्युत्पन्न स्थल नै हो भन्ने पुष्टि दैलेख दुल्लुमा अवस्थित प्राचीन स्थल र त्यसबाट बनेको थरबाट ज्ञात हुन्छ ।

सगोत्री वंशबन्धुहरूको वृत्तलाई कुल भनिन्छ । एउटै कुलभित्र रहेको गोत्र समूहको रक्तसम्बन्धबाट बनेका परिवारहरू विभिन्न थरका हुन सक्छन् । एउटा कुल वा सगोत्र परिवार विभिन्न देश, काल, परिस्थितिले छुट्टिइएको हुन्छ परन्तु तिनीहरूको धार्मिक आस्था, कुलाचार, संस्कार, संस्कृति विधा व्यवसायहरू समान हुन्छन् । जाति वा निष्ठाको हिसाबले कुलका प्रसङ्ग बारम्बार जोडिन्छ । यही पितापुर्खाले सनातन परम्परामा आधारित भएर रीतपूर्वक पुज्दै आएका देवतालाई इष्टदेवता अथवा कुलदेवताका रूपमा मानिन्छ । विभिन्न भौगोलिक

विविधतामा पूजाआजा गर्ने पद्धतिमा केही असमानता देखिएता पनि मान्ने पुज्ने देवी, देवता आस्थाका धरोहरका रूपमा रहेकाले कुलपूजा गर्ने र बन्धुवान्धवहरू मिली कुलउत्सव मनाउने परम्परा जीवित रहेको पाइन्छ । आफ्ना पैत्तृक वंश वा कुल देवताका रूपमा स्थापित अलौकिक शक्ति, पितृशक्ति, इष्टदेव तथा सनातन परम्परामा मानिँदै र पूजिँदै आएका अन्य देवी देवता र मष्टलाई कुलदेवता मानिन्छ । कुलदेवताका रूपमा त्रिदेव, देवी, प्रकृति तथा अन्य स्थानिक शक्तिको पूजा आराधना गरिने प्रचलन छ । कुल वा वंशका प्रमुख देवता आदिदेवता वा आद्यशक्ति जोडेर कुलदेव वा कुल देवीको पूजाआजा गर्ने परम्परा नेपाली समाजको अभिन्न संस्कृति हो । देवी देवताका आद्यबिम्ब मानेर गरिने तान्त्रिक पूजा, यज्ञयज्ञादी, चक्र चिह्न पूजा, योनीपूजा, लिङ्गपूजा वा कुनै अमूर्त बिम्बको पूजाआजा कुलधर्म परम्पराले निर्माण गरेको हुन्छ । कुलाचार नियमलाई शास्त्र वा विधिमा टेकेर व्यवहारद्वारा प्रयासमा ल्याउनु संस्कारजन्य कुरा हुन् ।

नेपाली समाजमा प्रायः सबै जातजाती, भाषाभाषी वा धर्मावलम्बीले पुर्खा, पिता तथा अग्रजहका सम्मान र सम्झनामा गर्ने देवाली वा कुलायन पूजालाई नै कुलपूजा भन्दछन् । कुलपूजामा सगोत्री बन्धुवान्धवले सामूहिक रूपमा सनातन र कालदेखि मान्दै आएका देवी देवताको पूजा गर्दछन् । जसभित्र एक इष्ट देवी, इष्ट देवता, मस्ट, गैडु तथा अन्य स्थानिक देवी देवतालाई मानेर पूजाआजा गरिन्छ । प्रत्येक जाति वंश वा घरानाले आफ्ना आफ्ना वंशज पितृलाई सम्झेर गरिने पूजा अर्चना नै कुलपूजा हो । पितृलाई देवता मानेर कुलदेवता ठानेर अथवा इष्टदेवतालाई प्रसन्न पर्ने कार्य नै कुलपूजा हो । नेपाली संस्कृतिमा कुलपूजाको विशेष महत्व छ । यस अवसरमा रूद्र-शिव देवी, मष्टो, वायु, गैडु, प्रकृति, ब्रह्मा, विष्णु, देवी, सूर्य, चन्द्र आदि पुज्ने गरिन्छ ।

कुलपूजाको परम्परा र संस्कृतिलाई हेर्दा कुनै घरथरले वार्षिक, अर्धवार्षिक, द्वैवार्षिक, त्रिवार्षिक, पञ्चवार्षिक वा कसैले १२ वर्षमा पनि पूजाआजा गर्ने गरेको पाइन्छ । वास्तवमै कुलपूजाले आफ्ना प्राचीन वंशका पितृहरूको सम्झनामा गरिने वंशगत पूजालाई सम्बोधन गर्दछ । आफ्ना थरगोत्रका पुर्ख्यौली घरानाले मानी आएका देवी देवतालाई आदि पूर्खाको उपासनाका रूपमा आयोजना गरिने उत्सव नै हो । यसलाई कुलायन पूजा पनि भन्ने गरिन्छ । कुलायन पूजा

प्रत्येक जाति र वंशले आफ्नो रीतिस्थिति र परम्परा अनुसार गर्ने गर्दछन् । यो प्राचीन संस्कृति र संस्कारको निरन्तरता हो ।

किरातहरूको कुल पूजा परम्परा खस आर्यको भन्दा पृथक छ । किराती मुन्धुमले ईश्वरमा विश्वास गर्दैन, त्यसैले किरातीहरू कुलपूजामा कुनै भगवानको पूजा गर्दैनन् । उनीहरू केवल पितृ र प्रकृतिलाई आफ्नो आराध्यदेव मान्छन् । पारुहाङ र सुम्निमालाई भगवानको रूपमा नभई केवल आफ्नो आदिम पुरूष, सृष्टिकर्ता वा पितृको रूपमा मात्र मान्ने गर्दछन् । किरातीहरूले जीवन र मृत्युलाई सहज रूपमा लिन्छन् । यिनीहरू पुनर्जन्ममा विश्वास गर्दछन् । यसै गरी किरातीहरू राक्षसलाई स्वीकार गर्दैनन् तर आत्मालाई स्वीकार्दछन् । मृतआत्मा अर्थात आत्मालाई विश्वास गरेकै कारण यिनीहरूका पितृहरू मरेर गए पनि उनीहरूको आत्मा कहिल्यै मर्दैन भनेर किरातीहरू पितृहरूको मृतआत्मालाई पूजा गर्ने गर्दछन् । किराती मुन्धुमले भूत-प्रेतमा विश्वास गर्दैन तर किराती जातिको मृत्यु संस्कार अनुसार फरक-फरक तरिकाले मृत आत्मालाई राख्ने र पुज्ने गर्दछन् । सहज मृत्यु (कालगतिले) भएमा आफ्नै कुल देवता ठानी चुल्होमा (सम्खामा) राख्ने र असहज मृत्यु (दुर्घटना) या नाबालक अवस्थामै मृत्यु भएमा उनीहरूलाई चुल्हो (साम्खा) बाहिर राख्ने र त्यहीं पूजा गर्ने गर्दछन् । यसरी दुई प्रकारको मृतआत्माको श्रद्धापूर्वक पूजा गर्ने गर्दछन् तर पितृको रूपमा भूत, प्रेत, ईश्वर, राक्षसका रूपमा भने होइन ।

अन्य जातजातिका पनि आफ्नै रितिस्थिति र कुलपूजा गर्ने चालचलन रहेको छ ।

**कुलपूजा परम्परा**

आर्य खस लगायत अन्य जातजातिमा शिव र शक्तिको उपासना गर्ने परम्परा नै कुलपूजाको रूपमा विकसित भएको परम्परा हो । आजको समाजमा मन्त्र वा तन्त्र शक्तिको विश्वास नभएपनि विभिन्न देवी देवताका प्रारूप अनुसार पूजन परम्परा भने छ । आस्थाका केन्द्रबिन्दु मानिएका देवी देवतालाई आराध्य देवता मानेर सुख, शान्ति र समृद्धिको कामना गर्दै कामभावद्वारा व्रत उपासना र पूजाआजा गरिन्छ । वास्तवमै सृष्टि परम्परादेखि नै आराध्यदेवको व्रत उपासना अथवा तपस्याद्वारा खुसी बनाउने कार्य हुने गरेको हामी पुराण, स्मृति श्रुति तथा वेदको अध्ययनबाट थाहा पाउँछौ । मानिसले दैवी शक्तिको आराधना वा

पूजाआजा कायिक, वाचिक र मानसिक पद्धतिद्वारा गर्ने गर्दछ भने पूजाआजाको उद्धेश्य कामभाव र निष्काम भाव दुवैबाट गर्दछ । निश्चित शक्ति वा भौतिक रूप मानेर भौतिक वस्तु चढाएर देवी देवताको पूजाको विशिष्ट वा महत्वपूर्ण परम्परा नै कुलपूजा परम्परा मान्न सकिन्छ । सनातन धर्म परम्पराअनुसार विभिन्न थर गोत्र सम्प्रदायले पुर्वजले मानेका कुल परम्परालाई आधार मानी कुलपूजा गर्दछन् । स्थान र पद्धतिअनुसार एकै गोत्र सम्प्रदायमा पनि कुलपूजाको गर्ने तरिका भिन्न हुन सक्छ वा देखिन्छ । प्रचलित कुलपूजा परम्परालाई विभिन्न गोत्र सम्प्रदायका पद्धतिलाई हेर्ने हो भने सत्व, रज र तमो गुणलाई आधार मानेर गरिएको पाइन्छ । विशेषतः कुलपूजामा शिव, शक्ति, प्रकृतिसँगै स्थानिक देवी देवताको पूजाआजा गरिन्छ । आफ्ना कुलदेवता परम्परामा रक्तसम्बन्धका सगोत्र मिलेर सनातन कालदेखि मान्दै आएका इष्टदेवको पूजा परम्परा नै कुलपूजा परम्परा हो ।

**कुलपूजा किन गरिन्छ ?**

कुलपूजा वंशस्मरणको प्रचलित संस्कार हो । आफ्ना सगोत्रीय वंशका उन्नति, प्रगति, विकास, शान्ति, समृद्धि तथा कल्याणका लागि सनातन परम्पराबाट गुज्रिँदै आएको आराध्य देवको स्तवन नै कुलपूजा गरिने मुख्य उद्धेश्य हो । कुलदेवतालाई सन्तान सुख र समृद्धिका देवता मानिन्छ । त्यसैले कुलपूजा वा देवाली पितृवंशज स्मरण परम्परामा आधारित हाम्रो संस्कार र संस्कृतिको निरन्तरता महत्वपूर्ण हुन्छ त्यसैले जीवन्त राख्न पनि कुल जम्मा भएर गरिने कुलपूजा वा देवाली महत्वपूर्ण छ । वंश विस्तारसँगै टाढिँदै गएको नाता सम्बन्धलाई एकिकृत गर्ने पनि कुलपूजाको विशिष्ट महत्व छ । पूजाआजा संस्कारजन्य पद्धति हो । अदृश्यशक्तिप्रतिको आस्थाका रूपमा कुलपूजा परम्परा रहेकोले बन्धुबान्धव सगोत्र भेला भएर कुलपूजा गरिन्छ ।

वंशविस्तार र विकेन्द्रिकरण सँगै विभिन्न स्थानमा बसोबास गर्ने गरेका वंश वा सगोत्रहरूमा पनि कुलपूजा गर्ने पद्धति र प्रक्रियामा समानता पाइन्छ । पुस्तान्तरणसँगै कुलपूजा गर्ने पद्धति र प्रक्रिया रूपान्तरण हो बसाइसराइँबाट विभिन्न स्थानमा पुगेका बन्धुबान्धव नभेटिएका एकल वा संयुक्त परिवारमा कुलपूजा गर्ने पद्धति प्रक्रिया वा विधि विधानमा फेरबदल भएको अझ पुस्तान्तरणमा त झन कुलपूजा नै बिर्सिएको अवस्था देखिएको छ ।

परम्परागत पद्धतिलाई अवलम्बन गरी पूर्खाले जस्तै गरिआएको कुलपूजा, कुलायन पूजा, देवालीको कुनै निश्चित विधिविधान नभएकोले पुस्तान्तरणमा ज्ञान, सीप र पद्धति हस्तान्तरण नहुँदा कुलपूजामा भिन्नता देखिएको हो, देखिदै आएको हो । अर्को बसाइसराइँका कारण विभिन्न भौगोलिक परिवेशगत पुजन पद्धतिको प्रभाव पनि कुलपूजामा परेको देखिन्छ ।

एकै गोत्रका एकै परिवारका बन्धुबान्धवमा पनि भिन्न भिन्न तरिका कुलपूजन गरिएको कारण अन्य समुदायसँगको सहिष्णुता र उनीहरूका जस्तै पद्धतिको अवलम्बन पनि हुन सक्छ । यसरी वंशावलीसँग पश्चिमबाट पूर्व तर्फको यात्रामा तथा देश विदेश पुगेका सगोत्र वंशहरूले समय र परिवेशअनुसार रूपान्तरित भएका देखिन्छन् भने अर्कोतर्फ कुलका बारेमा ज्ञान नभएको र पुस्ता परिवर्तनसँगै विधिविधान हस्तान्तरण नभएका कारण कुल र कुलपूजाप्रति जानकार नभएकाले वंश पहिचान नै लोप हुने अवस्थामा पुगेको देखिन्छ । भाषागत, परिवेशगत, संस्कार र संस्कृतिगत भेद तथा अन्य जातजाति वा गोत्रको क्रियाकलापको अनुकरणमा पनि कुलपूजा गर्ने तरिका पद्धतिमा भिन्नता आएको मान्न सकिन्छ । त्यसैले सगोत्र वंशको कुलपूजन विधिमा एकरूपता ल्याउन वंशावली र कुलपूजन पद्धतिको अभिलेखीकरण आजको मूल आवश्यकता रहेको छ । वंश परम्परा र भातृत्व कायम राख्न कुलको खोजी, वंशावली र आपसी सद्भाव आजको प्रमुख आवश्यकता हो । ♦♦♦

## मुक्तक



✍ **अरुण खत्री 'नदी'**

जन्मेपछि एकदिन मर्नु पर्दो रहेछ
आज भोलि पर्सि भन्दै समय टर्दो रहेछ
यता र उता दुःख र सुख गर्दा गर्दै
एकदिन संसार छाडेर जानु पर्दो रहेछ ।

मनमा माया भए पनि भुल्न बाध्य भए
नचाहेर पराइसँग खुल्न बाध्य भए
न तिम्रो दोष न मेरो यो समयको खेल
बेमौसमी फूल झैं अन्तै फुल्न बाध्य भए ।

# सवारी दुर्घटना सम्बन्धी मुद्दाको अनुसन्धान र न्यायिक दृष्टिकोण



✍ प्र.ना.उ. मोहन कुमार थापा

**परिचयः**

सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतीपूर्ति दिलाउन, बिमा-व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने उद्धेश्यले जारी भएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अन्तर्गतको सवारी ज्यान, सवारी अंगभंग वा घाइते भएको कसूर र सो सम्बन्धी घा-खर्च, किरिया खर्च र क्षतिपूर्तिको विषय समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएकोले सवारी ज्यान, सवारी अंगभंग वा घाइते सम्बन्धी घटनाहरूको अनुसन्धान गर्ने जिम्मेवारी नेपाल प्रहरीलाई रहेको छ । सवारी दुर्घटनाबाट धनजनको अपुरणिय क्षति हुन जाने भएकोले यसको अनुसन्धान सधैं विवादित र चुनौतीपूर्ण हुने गरेको हुँदा अनुसन्धानमा अत्यन्त संवेदनशिल हुनुपर्ने देखिन्छ । सवारी दुर्घटना सम्बन्धी मुद्धामा वस्तुनिष्ठ एवं वैज्ञानिक अनुसन्धान गरी कसूरदारलाई सजाय र पीडितलाई कानूनले तोकिएको उपचार खर्च र क्षतिपूर्ति समेत उपलब्ध गराउन प्रहरीको महत्वपूर्ण भूमिका रहन्छ । अनुसन्धान र अभियोजनमा हुने त्रुटीले समग्र न्याय निरूपणमा नकारात्मक प्रभाव पार्दछ । वारदात एवं घटनासँग सम्बन्धित भौतिक सवुद प्रमाण संकलन र मूल्याङ्कन प्रभावकारी हुन नसक्दा सरकारवादी फौजदारी मुद्धामा अपेक्षाकृत मात्रामा सफलता प्राप्त हुन सकेको छैन । तथापी सवारी दुर्घटना सम्बन्धी मुद्धाहरूमा सफलताको दर अधिक रहेको पाइन्छ । सवारी दुर्घटना सम्बन्धी मुद्धामा सर्वोच्च अदालतबाट भएका फैसलाहरूमा उठान गरिएका विषयहरूलाई समेत अनुसन्धानको क्रममा अवलम्बन गर्न सकिएमा सवारी दुर्घटनाको अनुसन्धान प्रभावकारी र वस्तुनिष्ठ हुन सक्दछ ।

**सवारी दुर्घटनामा सजाय सम्बन्धी कानूनी व्यवस्थाः**

सवारी दुर्घटना सम्बन्धी कानूनको प्रथम एवं प्रमुख उद्धेश्य भनेको व्यक्ति वा समुदायको सुरक्षा गर्नु नै हो । मानव जीवनलाई असुरक्षित बनाउने अधिकार कसैमा हुंदैन । सवारी दुर्घटनाबाट ज्यान मरेमा, अंगभंग भएमा हुने सजाय र क्षतिपूर्ती सम्बन्धी कानूनी व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले गरेको छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ मा सवारी दुर्घटनाबाट ज्यान मरेमा हुने सजाय सम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार दफा १६१ को उपदफा (१) ले सवारी साधनको प्रयोगबाट मनसायपूर्वक, उपदफा (२) ले लापरबाहीपूर्वक र उपदफा (३) ले हेलचेक्रयाइंपूर्वक गरिएका सवारी ज्यानमा छुट्टाछुट्टै सजायको व्यवस्था गरेको छ ।

**मनसायपूर्वक** : ऐनको दफा १६१ को उपदफा (१) मा कसैले सवारी चलाई कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराई सवारीमा रहेको सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरूप एक्काईस दिनभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ । कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ भन्ने व्यवस्था गरेको छ । यस व्यवस्थालाई हेर्दा मनसायपूर्वक सवारी दुर्घटना गराई ज्यान लिएको पुष्टि हुनका लागि ज्यान मार्ने दुषित मनसाय, ज्यान जान सक्छ भन्ने पूर्वज्ञान र परिणामको इच्छा समेतका तत्वहरू विद्यमान हुनु पर्ने देखिन्छ ।

**लापरबाहीपूर्वक** : ऐनको दफा १६१ (२) मा कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था देखिँदा देखिँदै पनि अपनाउनु पर्ने सतर्कता नअपनाई लापरबाही गरी कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणाम स्वरूप एक्काईस दिनभित्र मरेमा त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा

अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरेको छ । यस व्यवस्थालाई हेर्दा लापरबाहीपूर्वक सवारी दुर्घटना गराई ज्यान लिएको पुष्टि हुनका लागि सम्भावित परिणामको पूर्वानुमान (ज्यान मर्न सक्छ भन्ने अवस्था), सतर्कता नअपनाई लापरबाहीयुक्त कार्य र अनुचित जोखिम (Unjustifiable Risk) लिने कार्य समेतका तत्वहरू विद्यमान हुनु पर्ने देखिन्छ ।

**हेलचेक्रयाइँपूर्वकः** ऐनको दफा १६१ (३) मा कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ । यस व्यवस्थालाई हेर्दा हेलचेक्रयाइँपूर्वक सवारी दुर्घटना गराई ज्यान लिएको पुष्टि हुनका लागि मृत्युको इच्छा र परिणामको पूर्व ज्ञान नहुने, उचित सावधानी नअपनाएको र विवेकपूर्ण जोखिम समेतका तत्वहरू विद्यमान हुनु पर्ने देखिन्छ ।

ऐनको दफा १६१ (४) मा चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई दफा १६१ (१) वा १६१ (२) बमोजिमको कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँ समेत जरिवाना हुनेछ । तर जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन भन्ने व्यवस्था रहेको छ भने ऐनको दफा १६१ (५) मा कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागी वा दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ भन्ने व्यवस्था छ ।

**अंगभंग भएमा हुने सजायः** ऐनको दफा १६२ (१) मा कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई त्यस्तो दुर्घटनाको कारणबाट अंगभंग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए तीन वर्षदेखि दश वर्षसम्म कैद र ३० हजार रूपैयासम्म जरिवाना हुनेछ । सो खत निको भई काम लाग्ने भएमा ५ हजार रूपैयाँ जरिवाना हुनेछ भन्ने व्यवस्था छ । दफा १६२ (२) अनुसार चालक अनुमतिपत्र नभएको व्यक्तिले सवारी चलाई दफा

१६२ (१) मा उल्लिखित कुनै कसूर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा पाँच हजार रूपैयाँ थप जरिवाना हुनेछ । दफा १६२ (३) मा कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानसिलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अंगभंग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ भन्ने व्यवस्था छ ।

**सवारी दुर्घटनामा क्षतिपूर्ती र उपचार सम्बन्धी व्यवस्थाः**

**घा खर्च, कृया खर्च र क्षतिपूर्तिः** दफा १६३ (१) मा सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत ५० हजार रूपैयाँसम्म र क्षतिपूर्ती बापत तेस्रो पक्षको बीमा नगराएको भए तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम र अंगभंग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ती बापत तेस्रो पक्षको बीमा नगराएको भए तेस्रो पक्षले पाउने अंगभंग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अंग काम लाग्ने भए घा खर्च बापत २५ हजार देखि पचास हजार रूपैयाँसम्म घा खर्च र क्षतिपूर्तीको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी दफा १६३ (२) मा कृयाखर्च र क्षतिपूर्ति रकम र अंगभंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ ।

दफा १६३ (३) मा दफा १६३ (१) मा लेखिएदेखि बाहेक सवारी दुर्घटनाबाट कसैलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधी खर्च बापत प्रमुख जिल्ला अधिकारीले चालक, सवारी धनी वा व्यवस्थापकबाट दिलाई दिनु पर्छ । त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ती पाउने भएमा त्यसरी औषधी खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ भन्ने व्यवस्था गरेको छ ।

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अनुसार तेस्रो पक्षको बिमा बापतको रकम बिमा कम्पनीबाट मृतकका हकवालालाई अधिकतम ५ लाखसम्म क्षतिपूर्ति र अंगभंगको स्थिति अनुसार अधिकतम सोही सिमाको क्षतिपूर्ति र उपचार खर्च

भराउने र दुर्घटना भएको २१ दिन भित्र क्षतिपूर्ती रकम उपलब्ध नगराए जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्तिको दाबी सहित आरोप पत्र दायर गर्नु पर्ने समेतको व्यवस्था गरेको छ ।

**सवारी दुर्घटना सम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोणः**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सवारी दुर्घटनाबाट मानिसको ज्यान मरेमा वा अंगभंग भएको मुद्दा अदालतले हेर्ने, मानिसको मृत्यु बापत क्षतिपूर्ति र अंगभंग बापतको उपचार खर्च र क्षतिपूर्तिको विवादमा निणर्यकर्ता प्रमुख जिल्ला अधिकारी हुने, सवारी संचालन सम्बन्धी नियमको उल्लङ्घनमा नियमनकारी निकाय ट्राफिक प्रहरी हुने र सर्वसाधारणको हितमा सवारी तथा यातायात संचालन एवं व्यवस्थापन सम्बन्धी विषयको उल्लङ्घनमा यातायात व्यवस्था विभागलाई तोकी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को समग्र व्यवस्थालाई सामूहिक उत्तरदायित्वको रूपमा राखेको देखिन्छ । यसरी सवारी ज्यान र अंगभंग सम्बन्धी मुद्दामा सर्वोच्च अदालतलबाट प्रतिपादन भएका सिद्धान्तलाई निम्न बमोजिम उल्लेख गरिएको छ ।

**रामचन्द्र घिमिरेको जाहेरीले नेपाल सरकार विरूद्ध परमेश्वर भन्ने कलेश्वर राउत, (नेपाल कानून पत्रिका, २०७५, अंकः ३, फैसला मिति २०७३ /०८/१६)ः**

सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ विपरीत रहेको, यसरी कानून बमोजिमको चालक अनुमतिपत्र नलिई सवारी चलाउनु स्वयंमा नै लापरबाहीपूर्ण क्रिया भएकोले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा दफा १६१(३) नभई दफा १६१(२) बमोजिमको सजाय हुने । भरत महर्जनको जाहेरीले नेपाल सरकार विरूद्ध सन्रूनी महर्जन (नेपाल कानून पत्रिका, २०७५, अंक ७, फैसला मिति २०७४।०८।२८ गते)ः सवारी अनुमतिपत्र छैन भने त्यसको सोभो अर्थ ऊ सँग सो सवारी साधन चलाउने आवश्यक ज्ञान र सीप छैन भन्ने नै हुन्छ । सवारी चलाउने अनुमतिपत्रको व्यवस्थालाई ऐच्छिक नबनाई अनिवार्य बनाइएको । सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(४) मा प्रयुक्त "थप दुई हजार जरिवाना" हुनेछ भन्ने व्यवस्थाको स्पष्ट अर्थ लापरबाही स्थितिमा दफा १६१(२) बमोजिम हुने सजायमा यो थप सजाय हुने भन्ने नै हो । दफा १६१ को उपदफा (२) को

कसूरसँग जोडिदिनुको अर्थ उक्त उपदफाहरू अन्तर्गत सवारी साधनको प्रयोग गरी लापरबाही साथमा गरिने कसूर पहिलो कसूर हो र अनुमतिपत्र नहुने कसूर दोस्रो कसूर (Double Count offence) हुने ।

दिनानाथ योगीको जाहेरीले नेपाल सरकार विरूद्ध प्रदिप खत्री (नेपाल कानून पत्रिका, २०७५, अंक ९ फैसला मिति २०७४।०२।२२ गते): पूर्वानुमान नगरिएको काबूबाहिरको कारण परी हुने दुर्घटनालाई मानवीय गल्ती नै हो भनी किटान गर्नु विवेक सम्मत नहुने । कुनै पनि वारदातमा यदि परिणामको पूर्व ज्ञान हुँदाहुँदै पनि जोखिम उठाउने तत्परता देखिएको छ भने लापरबाही भएको मान्न पनि सकिन्छ । तर परिणामको इच्छा नभएको, सावधानी अवलम्बन गर्न खोज्दाखोज्दै पनि अनिच्छित परिणाम आएको अवस्थामा लापरबाही गरेको भनी बढी सजाय गर्न मनासिब हुने नदेखिने ।

**नेपाल सरकार वि. ठग बहादुर कार्की, (नेपाल कानून पत्रिका, २०७१ अंक ५ पृ. ७६१ नि.नं. ९१७३):**

मानिस मर्न सक्तछ भन्ने जानी जानी लापरबाही साथ सवारी चलाएको कारणले दुर्घटना भई मृतकको मृत्यु भएको पृष्टी हुन नसकेको अवस्थामा दुर्घटना भएपछि प्रतिवादीले मृतकलाई बचाउन आफ्नो कर्तव्य निर्वाह नगरी भागेको (HIT and Run) भन्ने आधारमा मात्र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ का दफा १६१ (२) बमोजिम कसूर गरेको भनी मान्न नमिल्ने ।

नेपाल सरकार वि. राजकुमार तामाङ समेत, (नेपाल कानून पत्रिका, २०७०, अंक-११ पृ.१३२७, नि.नं. ९०७३): सवारी साधन चलाउन अनुमति नलिएको वा एउटा वर्गहरूका सवारी साधन चलाउन अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने कार्यलाई लापरबाही युक्त मान्नुपर्ने, व्यक्तिगत सवारी साधन चलाउने र सार्वजनिक भारी सवारी साधन चलाउनेको सतर्कता भिन्न भिन्न मापदण्डका हुनुपर्ने ।

**इन्द्र प्रसाद खनाल वि.नेपाल सरकार, (नेपाल कानून पत्रिका, २०६८, निणर्य नम्बर ८६५९, कात्तिक, पृष्ठ १२३५):**

नियन्त्रित गतिमा सावधानीपूर्वक सवारी चलाउने दायित्व पूरा नगरी आवश्यक सावधानी नअपनाई आवश्यकताभन्दा बढी गतिमा र मादक पदार्थ सेवन गरी सवारी चलाएबाट निजले लापरबाहीपूर्वक सवारी चलाएको देखिन आउने ।

पदमराज बस्यालको जाहेरीले नेपाल सरकार विरूद्ध दलबहादुर भन्ने

खेमलाल पुन, (नेपाल कानून पत्रिका, २०६६, अंक ३, फैसला मिति २०६६। ०२।२१)ः टैंकरलाई उछिन्न खोज्दा मोटरसाइकल टैंकरको अगाडिको भागमा ठोक्किन गई ओभरटेकको कारणले दुर्घटना भएको, घटनाको प्रकृतबाट ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने जानी–जानी टैंकर चालकले टैंकर चलाएको अवस्था नदेखिएको, अपर्भटको अवस्थामा टैंकर चालक प्रतिवादीको काबुबाहिरको परिस्थिति सिर्जना भई सो दुर्घटना हुन गएकोले दफा १६१(३) बमोजमि सजाय हुने ।

**कृष्णबहादुर कुँवर विरूद्ध नेपाल सरकार (नेपाल कानून पत्रिका, २०७१, अंक ५, फैसला मिति २०७१। ०२। २७)ः**

फौजदारी मुद्दामा न्याय सम्पादन गर्दा अपराधीको उद्धेश्य, अपराधको पद्धति वा शैली, घटनास्थलको दृश्य, त्यहाँ पाइएको चीज वा दशी, अभियुक्तको पूर्व आपराधिक इतिहास र निजले अन्यत्र गरेको आपराधिक कार्यसँग तादात्म्यता, घटना भएको स्थान वा सो को वरिपरि नीजको उपस्थिति, व्यवहार आदी अप्रत्यक्ष प्रमाणलाई आधार मानी सत्यको उद्घाटन गर्नुपर्ने ।

**लक्ष्मण बहादुर श्रेष्ठ विरूद्ध नेपाल सरकार (नेपाल कानून पत्रिका, २०६३, अंक ९, नि.नं. ७७५८), सवारी कर्तव्य ज्यानः**

ट्रकले आफ्नो साइड मिची दाहिने खुट्टामा ठक्कर दिए पछि हुन पुगेको घाइतेलाई पुनः व्याक गरी पछाडिको चक्काले किची मारी भागेको भन्ने प्रत्यक्षदर्शीको बकपत्र रहेको, प्रतिवादीले समेत ट्रकको अगाडिको भागले ठक्कर दिई मानिस पल्टिएपछि ट्रक अगाडि बढाउँदा पछाडिको चक्काले किचेको भन्ने स्वीकार गरेको । निजको मार्ने नै मनसाय देखिएकोले दफा १६१(१) बमोजिम नै सर्वस्व सहित जन्मकैदको फैसला ।

**श्री ५ को नेपाल सरकार विरूद्ध घनश्याम श्रेष्ठ (नेपाल कानून पत्रिका, २०५६, अंक ५, नि.नं. ६७२५)ः**

लाइसेन्स प्राप्त सिकारू चालक रहेको, वेसाइडबाट हाक्दा आफ्नो साइडबाट हिंडेको बच्चालाई ठक्कर दिंदा मृत्यु भएकोले सर्वस्व सहित जन्मकैद हुने। लाइसेन्स प्राप्त चालकलाई कानून बमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा तजविजी कैद वर्ष ५ कैद हुने ।

**राजकुमार शाहीको जाहेरीले नेपाल सरकार वि. वीरबहादुर लोप्चन (नेपाल कानून पत्रिका, २०७२, अंक ८, नि.नं. ९४५७)ः**

दुर्घटना भएको मोटर साइकलमा मृतक र आरोपित सँगै सवार रहेकोमा दुर्घटनाबाट उक्त मोटरसाइकल सवार

व्यक्तिकै मृत्यु भएको देखिँदा दुर्घटनामा प्रतिवादी वीरबहादुरको समेत मृत्यु हुन सक्ने सम्भावनालाई इन्कार गर्न सकिदैन । प्रतिवादीले जानाजान लापरबाही गरी सवारी चलाएको भन्ने देखिदैन, लापरबाही अथवा जानाजान गरिएको कार्य भनी नामकरण गर्नु उचित नदेखिने । नागरिकको सेवा सुविधाका लागि सञ्चालन हुने सार्वजनिक सवारी साधन र व्यक्तिले नितान्तरूपमा आफ्नो व्यक्तिगत प्रयोजनको लागि चलाउने मोटरसाइकलको दुर्घटनाबाट उत्पन्न हुने जोखिम एकै प्रकृतिको हुन सक्दैन । सार्वजनिक सवारी दुर्घटना हुँदा सवारी साधनभित्र रहेका तथा सडक छेउमा रहेका धेरै मानिसहरूको ज्यान जाने जोखिम हुन्छ भने मोटरसाइकल दुर्घटनाबाट सीमित सङ्ख्यामा मानिस हताहत हुने सम्भावना रहन्छ । यसरी फरक किसिमका सवारी साधनको दुर्घटना हुँदा त्यसबाट उत्पन्न हुने जोखिम पनि सोहीअनुसार नै घटी बढी हुने हुँदा लापरबाहीको मापन पनि सोही अनुसार गर्नुपर्ने हुन्छ । सबै किसिमको सवारी दुर्घटनामा एउटै मापदण्ड अवलम्बन गरिनु न्यायोचित नदेखिने ।

**अदालतले सजाय निर्धारण गर्दा लिइएका आधारहरूः**

माथि उल्लिखित सवारी ज्यान (दुर्घटना) सम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतबाट भएको फैसलाहरूको अध्ययन गर्दा सजाय गर्दा लिइएका आधारहरू निम्न बमोजिम रहेको देखिन्छ ।

- पहिलो पटकको ठक्करबाट घाइते भएको व्यक्तिलाई पुनः ब्याक गरी मारेको र वेसाइडबाट सवारी साधन हाकी घाइते भएकोमा मानिस मर्न सक्छ भन्ने पूर्वज्ञान हुँदाहुँदै पुनः गाडी अगाडि बढाउँदा मृत्यु भएको जस्ता अवस्था र आधारहरू विद्यमान भएको मुद्धामा ऐनको दफा १६१ (१) अनुसार (ज्यान मार्ने मनसायपूर्वक) जन्मकैदको सजाय गरेको देखिन्छ ।
- सवारी चालक अनुमतिपत्र नहुनु वा एक प्रकृतिको सवारी चलाउन अनुमति पाएकोमा अर्को प्रकृतिको सवारी चलाउनु, मादक पदार्थ सेवन गरी सवारी चलाउनु, सवारी चालकले घाइते वा पीडितलाई उद्धार गरी उपचारमा सक्रियता नदेखाउनु, अत्यन्त तिव्र गतिमा सवारी साधन चलाउनु, सवारी चलाउन निर्धारित मार्गको विपरीत दिशामा गई भएको दुर्घटना, Hit and Run (दुर्घटना गराई भाग्नु), कानूनले निषेध गरेको सवारी नियमहरूको उल्लङ्घन गर्नु जस्ता अवस्था विद्यमान भएका मुद्धाहरूमा ऐनको दफा १६१ (२) बमोजिम लापरबाहीपूर्वक ज्यान मारेको कसूरमा सजाय ठहर गरेको देखिन्छ ।

- चालक अनुमति पत्र रहेको, मादक पदार्थ सेवन नगरेको, सिमित गति रहेको, नीजि मोटरसाइकलमा सवार अर्को व्यक्तिको मृत्यु भएको जस्ता अवस्था विद्यमानता भएको र सवारी साधनमा खराबी भई वा अन्य कारणले काबु बाहिरको परिस्थिति भएको जस्ता अवस्था विद्यमान भएको मुद्धाहरूमा ऐनको दफा १६१ (३) (हेलचेक्र्‍याइँ) अनुसार सजाय ठहर गरेको देखिन्छ ।

**सवारी दुर्घटना सम्बन्धी मुद्धामा अनुसन्धानमा हुने गरेका कमिकमजोरीहरूः**

सर्वोच्च अदालतबाट भएका फैसलाहरू अध्ययन विश्लेषण गर्दा सवारी दुर्घटना सम्बन्धी मुद्धामा प्रहरीको अनुसन्धानमा हुने गरेको कमिकमजोरीलाई निम्न बमोजिम औल्याइएको पाइन्छ ।

- ज्यान मरेको सवारी ज्यान मुद्धामा मनसायपूर्वक, लापरबाहीपूर्वक र हेलचेक्र्‍याइँ पूर्वकको डिग्री मापन गर्ने स्पष्ट आधार निर्धारण गर्न सहयोगी हुने तथ्य, प्रमाण र विवरणको अभाव हुने गरेको तथा अनुसन्धानको क्रममा संकलित प्रमाण र कानूनी प्रावधान बीच सामन्जस्यताको अभाव हुने गरेको देखिन्छ ।
- मादक पदार्थ सेवन गरेको, लाइसेन्स नभएको, तिव्र गतिले लापरबाही पूर्वक सवारी साधन चलाएकोमा दफा १६१(२) बमोजिम सजायको मागदावी नलिई दफा १६१ (३) बमोजिम हेलचेक्र्‍याइँ पूर्वकको मागदावी लिने गरेको देखिन्छ ।
- एउटै प्रकारको तथ्य, प्रकृति र अवस्था विद्यमान भएको घटनामा तथ्य र प्रमाणको मूल्याङ्कन नगरी हचुवामा कुनै मुद्धामा दफा १६१ (२) र कुनै मुद्धामा दफा १६१(३) अनुसारको मागदावी लिने गरेको र मनसाय, लापरबाही र हेलचेक्र्‍याइँको दावी लिंदा लिइने आधारमा एकरूपता समेत नभएको ।
- दुर्घटना हुँदाको अवस्था र परिस्थिति, सवारी चालकको दक्षता, सवारी साधनको स्थिति र सवारी चलाइरहेको सडकको अवस्था र सवारीमा यात्रुको चाप वा संख्या समेतको विवरण नखुलाउने गरिएको ।
- सवारीको यान्त्रिक जाँच प्राविधिकबाट नगराई मिसिलमा राख्ने प्रयोजनका लागि औपचारिकता मात्र पुरा गर्ने उद्धेश्यले गर्ने गरेको ।
- घटनास्थलमा रहेका प्रत्यक्षदर्शी/घटना देख्ने साक्षीबाट घटनाको वास्तविक विवरण तत्कालै लिन नसकेको ।

- सवारीको गति, चालकले मादक पदार्थ/लागुऔषध सेवन लगायतको अवस्था खुलाउन नसकेको ।
- मृतक/पीडितको लापरबाही र सडकको अवस्थाको कारणबाट काबु बाहिरको अवस्थामा दुर्घटनाबाट मृत्यु भएमा दफा १६१(३) बमोजिम दावी लिंदा समेत स्पष्ट कारण खुलाउने नगरिएको ।
- दुर्घटनाबाट घाइते भएकाको उद्धार र उपचारमा चालकको सक्रियताको बारेमा मिसिल संलग्न कागजातबाट नदेखिने गरेको ।
- मृतकको लापरबाही वा गल्ती भएको तथ्यहरू मिसिल संलग्न कागजातहरूबाट नदेखिने गरेको ।

**सवारी दुर्घटना सम्बन्धी मुद्धामा प्रभावकारी अनुसन्धानका लागि ध्यान दिनुपर्ने कुराहरूः**

सवारी दुर्घटनाबाट धनजनको अपुरणिय क्षति हुन जाने हुँदा सवारी दुर्घटना सम्बन्धी मुद्धाको अनुसन्धान सधैं विवादित र चुनौतीपूर्ण हुने गरेको हुँदा अनुसन्धानमा अत्यन्त संवेदनशिल हुनुपर्ने भएकोले अनुसन्धानलाई वस्तुनिष्ठ एवं प्रभावकारी बनाउन निम्न कुराहरूमा ध्यान दिनु पर्दछ ।

- **दुर्घटनाको कारणः** दुर्घटना मानवीय, यान्त्रिक, सडक, वातावरण आदि जस्ता कारणबाट हुन सक्ने हुनाले अनुसन्धानको क्रममा दुर्घटनाको कारण पत्ता लगाउनु पर्दछ ।
- **भौतिक प्रमाण संकलनमा जोड दिनेः** सवुद प्रमाण संकलन तथा घटनास्थल र सवुद प्रमाणको स्पष्ट फोटोग्राफी/भिडियो लिने र उपलब्ध भएमा सिसि क्यामरा फुटेज संकलन गर्ने ।
- भौतिक सवुद प्रमाणको आधारमा घटनामा चालकको संलग्नता र मनसाय पत्ता लगाई अपराधको डिग्री अनुसार सजायको मागदावी गर्ने ।
- रेखाचित्रण, मुचुल्का लगायतका कागजातहरूमा घटनाको स्पष्ट वस्तुस्थिति उल्लेख गर्ने ।
- मागदावी लिंदा तथ्य, प्रमाण र कानून बीचको सामञ्जस्यता हुनुपर्ने तथा समान तथ्य र प्रमाण भएको मुद्धाको मागदावीमा एकरूपता हुनुपर्ने ।
- सवारी साधनको स्पष्ट अवस्था खुल्ने गरी दक्ष प्राविधिकबाट यान्त्रिक जाँच गर्ने ।
- सर्वोच्च अदालतबाट फैसला गर्दा लिइएका निर्णय आधारहरूमा केन्द्रित भई अनुसन्धान गर्ने ।
- सडकको वस्तुस्थिति र अवस्था, मादक पदार्थ/लागुऔषध सेवन गरे नगरेको र चालकको सिप दक्षता र सवारी चालक अनुमतिपत्र सम्बन्धी

स्पष्ट विवरण संकलन गर्ने ।

- साक्षी/प्रत्यक्षदर्शीको कागज, घाइतेको मौकाको कागज गराउने, कागज/सोधपुछ गर्दा भिडियो समेत लिने ।
- अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी, चिज वस्तु र प्रमाणको विवरण तथा अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरू उल्लेख गर्नु पर्ने ।
- लाइसेन्स नभएको व्यक्ति वा सवारी साधन धनीले चलाएको अवस्थामा दुर्घटना भएमा चालक परिवर्तन गर्ने, बिमा नभएको वा बिमा फेल भएको अवस्थामा बिमा दुरूस्त भएको गाडी परिवर्तन गर्ने जस्ता प्रवृत्तिहरू हुन सक्ने हुँदा त्यसतर्फ समेत अनुसन्धान अधिकारी सचेत हुनु पर्दछ ।
- पार्क गरेको वा रोकी राखेको ठूलो सवारी साधनमा मृतकले चलाएको सानो सवारी साधनले ठक्कर दिई मृत्यु भएको, सानो सवारी साधनको चालकको लापरबाही वा गल्तिको कारणले ठूलो सवारी साधनसँग ठक्कर लाग्दा सानो सवारी साधनको चालकको मृत्यु भएको घटनाहरूमा समेत अनुसन्धान अधिकारी सचेत हुनु पर्दछ ।

**अन्त्यमा,**

देशव्यापी रूपमा सडक संजालको विस्तार, जनसंख्या वृद्धि, आर्थिक तथा औद्योगिक विकास, मानिसहरूको बढ्दो आवागमन तथा सामग्री ढुवानीमा वृद्धि जस्ता कारणले नेपालमा सवारी साधनहरूको तिब्र वृद्धि भएबाट सवारी दुर्घटना समेतमा वृद्धि हुदै आएको छ । सवारी ज्यान, सवारी अंगभंग वा घाइते भएको कसूर र सो सम्बन्धी घा-खर्च, किरिया खर्च र क्षतिपूर्तिको विषय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएकोले सो सम्बन्धमा अनुसन्धान गर्ने महत्वपूर्ण जिम्मेवारी प्रहरीको रहेको हुँदा सवारी दुर्घटना सम्बन्धी मुद्धामा अनुसन्धान अधिकारीले सर्वोच्च अदालतबाट औल्याइएका कमिकमजोरीहरू नदोहोऱ्याउने तर्फ सचेत हुनु जरूरी रहेको देखिन्छ । अनुसन्धानको क्रममा हचुवाको भरमा न्यूनतम सजायको मागदावी नगरी मनसाय र लापरबाहीको तथ्यहरूको सहि विश्लेषण गरी मागदावी गर्नु पर्दछ । कानून र अनुसन्धानको हरेक कमिकमजोरीको प्रतिवादीले फाइदा पाउन थालेमा समाजमा दण्डहीनताले प्रश्रय पाउने, पीडित र समाजले न्यायको अनुभूति गर्न नसक्ने र न्याय पराजित हुने अवस्था आउँने हुँदा सवारी

दुर्घटनाको अनुसन्धानमा संवेदनशिल हुनु पर्दछ । सवारी दुर्घटनाको दुष्परिणाम जनधनको ठूलो क्षति भएको र जीवनको रक्षा राज्य तथा फौजदारी न्यायको मूल दायित्व भएकाले यसमा काबुभन्दा बाहिरको परिस्थिति नदेखिएसम्म दयामाया गर्नु भनेको जनसाधारणको जीवनरक्षाको दायित्वबाट पन्छिनु हो । जति ज्यान लिए पनि फरक पर्दैन, न सवारी अनुमतिपत्र रद्ध हुन्छ न खासै आर्थिक भार पर्छ, सजाय पनि साङ्केतिक वा आलङ्कारिक मात्र हुन्छ भन्ने सन्देश प्रवाहित हुनु भनेको अराजकता र दण्डहीनताको सूत्रपात हुनु हो । कानून र फौजदारी न्यायको सही प्रयोग गरेर यसलाई दुरूत्साहन गर्नु प्रहरीको समेत दायित्व हो । ♦♦♦

कविता

# चिनारी



✍ **भुवन सिवाकोटी 'चौघरे'**

मैले सुख थपिदिएर
दुःख बाँडेर
दिलमा सजाएर मात्र पुगेन तिमीलाई
माग्यौ
दुनियाँका अगाडि चिनारी चाहियो
नाइ भनिन्
मुटु चिरेर
रगतका थोपा थोपामा
एक एक चिनारीका रङ्गहरू दिएँ तिमीलाई
जस्तो की
उजाड सिँउदो भरिदिएँ
गलामा रातो पोते रङ्गाइदिएँ
नाडीमा राता चुरा लगाइदिएँ
ओठमा रातो लाली सजाइदिएँ
र नाम दिएँ
जब
तिमी रातो रङ्गमा खुल्यौ
जब सर्वाङ्गमा मेरो रगतले पहिचान दियो
जब समाजले चिन्यो
एक्लो स्वतन्त्रताको पहिचान खोज्दै
रातो पोते चुँडाल्यौ
सिन्दूर पखाल्यौ
चुरा फुकाल्यौ
तर
रङ्गीन चिनारी विना
यो समाजमा बाँच्न
सजिलो छैन

यात्रा संस्मरण

# आमाको मायाले वर्षातमा यात्रा



✍ **घनबहादुर थापा**

"आमा बिरामी हुनुहुन्छ, भोलि आउने कि पर्सी ? "एक शुभचिन्तकले एक्कासि यस्तो प्रश्न सोधेपछि झसङ्ग भएँ ।

आमाको स्वास्थ्यबारे दाइदिदीहरूसँग फोनबाटै बुझेँ । उपचार तत्काल के-कसरी गर्ने विषयमा परामर्श भयो । उहाँहरूले अर्जुनचौपारी बजारमा औषधी उपचार भइसकेको, घरेलु औषधी सेवन र खानपानमा ध्यान दिएपछि निकै सुधार आएको बताउनुभयो । जटिल अवस्था छैन भन्नुभयो ।

कुरा वि.सं. २०७८ साउनको अन्तिम साताको हो । दुई दिन देखिको साउने झरी थामिने छाँट नै थिएन । "अझै एक हप्ता मनसुन सक्रिय हुने" यस्तै समाचार आइरहेका थिए सञ्चार माध्यमहरूमा ।

उमेरले ९० वर्ष कट्नु भएकी आमा । त्यसमाथि बिरामी भएको अवस्था थाहा पाउँदा मन साउने झरी भयो । भेट्न जानलाई वर्षात त के आँधी तुफान पनि तगारो हुने कुरै भएन ।

आमासँग फोनमा कुरा गर्दा भन्नुभयो, "मलाई ठिक छ बाबु, पिर नगर्नु । तर छोराछोरीको माया कति हुन्छ ? कहिले आउँछन् भन्दै बाटो हेर्छु ।"

आमाले बाटो हेरी बसेको सुन्दा मन नौनी घिऊ बन्यो । आमा बिरामी भएको सुन्नासाथ अपर्झट कार्यालयमा बिदा समेत लिइसकेको थिएँ । आमालाई नभेटेको ६ महिना बढी भइसकेको थियो । त्यसैले घरमा नगई मन मानेन् । आमा र छोराछोरीको मायाको अगाडि समयको पावन्दी केही थिएन । तत्काल भेट्न जानु उपयुक्त लाग्यो । लगत्तै साउन ३१ गते स्याङ्जाको यात्रा तय भयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरको आन्तरिक टर्मिनलमा उडानको प्रतीक्षा गर्दैगर्दा यती एअरलाइन्सले अनुरोध गर्‍यो, "मौसम खराबीको कारण पोखराको लागि ०७:०० बजेको उडान ०८:०० बजेलाई सारिएको छ ।"

मौसमका कारण अशान्त भइरहेको मन यस्तो सुनेर झन् खल्बलियो । उडान प्रतिक्षाकै क्रममा पुनः ०८ः४५ बजे TV Screen मा देखियो, "यती एअरलाइन्स वाईटी ६७१ काठमाडौं-पोखरा उडान ०९:०० बजे । "थाहा भयो उडान समय फेरि एक घण्टा सरेछ ।

"पोखरामा भीषण वर्षा भइरहेको छ रे !" अन्य यात्रुहरूले आफन्तसँग फोनमा कुरा गर्दै यस्तै समाचार सुनाउँथे । अब उडान स्थगित नै हुन्छ कि भन्ने आशङ्का मनमा उब्जियो । घरमा पुग्न आतुर मनले शान्तिको स्वास फेर्न पाएन । यसैबीच फाप्लुको उडान रद्ध भएको सूचना आयो । यसले झन् तनाव थपियो तर केही क्षणमै तराईतिर जाने उडान सुरू भए । केही आश पलायो ।

अन्ततः बिहान ०९:०० बजे पोखराका लागि उडान भयो । तर जहाजको झ्यालझ्यालमै उडेको कुहिरोझैं मन कता उड्यो उड्यो । अनेक तर्कवितर्कसँग खेल्दै गर्दा करिब २५ मिनेटको उडानपछि पोखरा विमानस्थलमा अवरण हुन पाउँदा भर्खरै मडारिएको शङ्का उपसङ्काप्रति आफैसँग काउकुती लाग्यो ।

पोखरा विमानस्थलमा सिमसिम पानी परिरहेको थियो । स्वच्छ ठाउँको परिचय बनाएको पोखराले मेरो मन पनि सुटुक्क खिच्यो । तर झरीले रूझेको पोखराले मलाई के न्यानो दिन्थ्यो र ? केही छिन रूमलिएँ ।

विगत डेढ वर्षदेखि कोरोना कहर छ । यसबाट पोखरा पनि प्रभावित छ । मेरो गन्तव्य स्याङ्जा त झन् प्रभावित छ । सार्वजनिक यातायात प्रयोग गर्नु पनि जोखिम हुने देखियो । जानु छ पोखरादेखि करिब ७५ किलोमिटर टाढा स्याङ्जासम्म । अब कसो गर्ने ? प्रश्न उब्जियो । समाधानका उपाय एकपछि अर्को गर्दै छालझैं उर्लिएर आए ।

एउटा अनुरोधमा सहयोग प्राप्त मोटरसाइकलमा झोला कसेर बाधेँ । यात्रा सुरू भयो । अनि लम्कें पश्चिमतिर । कास्की र स्याङ्जाको सिमानामा पुग्दा बाल्यकाल बिताएकी छोरी वर्षौंपछि माइतीघरको ढोकाभित्र प्रवेश गरेझैं महसुस भयो । हरिया डाँडाकाँडा, रूख, छहरा, पहराले मन ताने । तैपनि आफै चालक भएको कारण ध्यान सडकमै केन्द्रित रह्यो । स्याङ्जाको भालुपहाड निकै प्रसिद्ध छ । तल निकै गहिरो भाग छ । माथितिर ठूलो पहाड छ । बिच भागमा चट्टानी पहाड फोडेर सडक बनाई गाडी कुदाइएको छ । भालुपहाड पुग्नै लाग्दा पहिरोले सडक उबडखाबड पारेको रहेछ । मोटरसाइकल जोल्टिङ् खाँदा

पछाडि भिरेको झोलाको फिता चुँडिएर हिलोमा ग्वाम्मै झऱ्यो । उफ् कति सास्ती ! हतपत झरेर झोला उठाएँ । पुछपाछ पारी मोटरसाइकलमा बाँधेर गन्तव्य ताकें ।

भालुपहाडमा भ्यूटावर छ । सबै यात्रुहरू सवारी साधन रोकेर भ्यूटावरमाथि चढ्छन् । तस्बिर लिन्छन् । मैले अहिले हैन फर्केर आउँदा लिने विचार गरें । किनकी मलाई छिटो घरमा पुगेर आमालाई भेट्नु थियो । थोरै समय पनि सदुपयोग गर्नुपर्ने अवस्था थियो ।

भालुपहाड कटेपछि स-साना तर सुन्दर होटलहरू देखा परे । त्यहाँको फापरको रोटी प्रसिद्ध छ । अन्य ठाउँमा खाएको खानाखाजाले मलाई सन्तोष भएन । मोटरसाइकल रोकें । त्यहाँको अचार, तरकारीसँग फापरको रोटी खान पाउँदा अर्गानिक स्वादले भुतुक्कै पाऱ्यो ।

खाजा खाएपछि यात्रा पुनः अगाडि बढ्यो । पोखरादेखि स्याङ्जाको हेलूबजारसम्म पिच सडक भएकोले यात्रा रोमाञ्चक रह्यो । सडक वरिपरीका दृश्यले आफ्नो ठाउँको अपनत्व दर्शाए । हेलूबजार पुगें । अब सिद्धार्थ राजमार्ग छोडेर आँधीखोलाको पुल तरेर कच्ची सडकमा कुद्नु छ । कस्तो होला सडकको अवस्था खुल्दुली बढ्दै गयो ।

"बाटो त ठिकै छ तर पिच गर्नका लागि नाला खन्दै गरेको कारण अहिले हिलो बढी छ", भाइ क्षेत्रबहादुर रोकाले फोनमा भनेका कुराहरू सम्झें । त्यसमाथि साउने झरी कति सास्ती होला, मनमनै चकित परें ।

यात्रा हो अगाडि बढ्नुपर्छ । झोला मोटरसाइकलमा अझै राम्ररी मिलाएर कसें । एक नम्बर गियरमा हिलोमा पौडी खेल्न तम्सिएँ । केही क्षणको सङ्घर्ष पश्चात अर्जुनचौपारी गाउँपालिका मजुवास्थित नेत्र दाइको घरमा पुग्दा घुँडामुनीको भाग जुत्ता समेत हिलोसँग मितेरी लगाउनुबाहेक अन्य सङ्कट केही आएन । यो भेगमा सडक वरिपरी कस्तो दृश्य थियो नजर लगाउनै बिर्सेछु ।

दाइभाउजु सबैसँग भेट भयो । केही क्षण आराम गरें । अब जानुछ, खाल्टेको उकालो । "चिप्लो त छैन तर कुनै कुनै ठाउँमा अलिअलि सडक भत्केको छ, जान त सकिन्छ", नेत्र दाइले ढाढस दिनुभयो ।

"हेलू-अर्जुनचौपारी भन्दा त अर्जुनचौपारी-खाल्टे सडक सजिलो छ दाइ" क्षेत्रबहादुर रोकाले फोनमा भनेका कुरा सम्झें । आँट गरेर उकालोमा मोटरसाइकलको कान बटारें ।

भिकुवा खोला अलि दरिलो रहेछ । तर मेरो मोटरसाइकलसँग उसको केही जोड चलेन । अर्थात बगाउनै

लागेको मोटरसाइकल बँच्यो । कच्ची उकालो सडक भए पनि प्राकृतिक सौन्दर्यले तान्यो । उकालो चढेको पत्तै भएन । "त्यर्सौबाटो" भन्ने ठाउँमा पुग्दा अगाडि चिप्लो सडक रहेछ । मन सिरिङ्ग भयो ।

बाटोको पारीपट्टी राइछहरोले मन तान्यो । बयरको बनको हरियालीले यात्रामा बढेको तनावलाई शान्त बनायो । माथिपट्टी झुल्केका खिलुङ्, लामडाँडा र तामूको जूरोले ठिङ्ग उभिएर मलाई स्वागत गरिरहेझैं लाग्थे । तिनैको दृश्यावलोकन गर्दै घर पुगें । आमा विस्तारामा आराम गरिरहनुभएको रहेछ । "ढोग गरें आमा !" मैले शिर नत गरें । "भाग्यमानी भए !" आमाले भन्नुभयो । अनि भलाकुसारी सुरू भयो ।

मानिसको उमेर र स्वास्थ्य अवस्था फेरबदल भइरहन्छ । यसबाट कोही पृथक हुनै सक्दैन । न उमेर घटाउन सकिन्छ न शरीरलाई जवानीमाझैं तन्दुरूस्त बनाउन सकिन्छ । तर सत्य कुरा के हो भने बुढेसकालमा सबै सन्ततिको माया, ममता, स्नेह र आधार सक्दो बढी हुनुपर्छ त्यसले नै मानिसलाई आत्मबल बढाउँछ । कमजोर हुन दिँदैन र दीर्घजीवी बन्न मद्धत पुऱ्याउँछ ।

घरमा दाइभाइ, दिदीहरू र छिमेकी सबै भेला जम्मा भएर बस्दा आमा खुसी देखिनुभयो । धेरै कुराहरू व्यक्तिगत छन् तर जे जति कुरा, हेरचाह र सम्मानका छन् ती हरेक सन्ततिले मनग्य गर्नुपर्छ, सकेजति गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

केही दिनको भलाकुसारी पछि काठमाडौं फर्किने भएँ । आमालगायत सबैसँग बिदा भई निस्कें । ओरालो बाटोमा मोटरसाइकलको यात्रा कठिन नहुने कुरै थिएन । तैपनि साहसकासाथ क्षेत्र भाइ र म झर्‍यौं ।

बाँसकोटमा भगवतीमाइको मन्दिरमा पुगेर दर्शन गर्‍यौं । त्यहाँदेखि तल दरौंखोला र माथि खाल्टेसम्मको मनमोहक दृश्य सहितको लामो दुरी प्रष्ट देखियो । पहिला त्यो बाटोको उकालोमा ठाँटीहरू थिए । पैदलयात्रुहरूलाई घामपानीबाट बचाउन मद्धत गर्थे । अहिले मोटर बाटो भएको कारण तिनको उपयोगिता त्यति छैन । काम छैन भन्दैमा ती ऐतिहासिक महत्वका ठाँटी, पाटीपौवाको संरक्षण नहुनु दुःख लाग्दो कुरा हो । यिनको संरक्षण जरूरी छ । तर आवश्यक संरक्षणबिना भत्किएर बेहाल भएको पाएँ । यसबारे कुरा उठाउँदा गाउँपालिका र वडाको पहलमा मर्मतसंहार हुन लागेको क्षेत्र भाइबाट थाहा पाएँ । यसले खुसी तुल्यायो । तल बेशीदेखि माथि लेकका घर बस्तीहरूसम्म एकपटक पुनः नजर डुलाएर मोटरसाइकल स्टार्ट गरें ।

सरर ओरालो झरिरहेको बेला बाँसकोटको ओरालोमा मोटरसाइकल एक्कासि चिप्लियो । दाजुभाइ लड्यौं । चोट केही लागेन तर मोटरसाइकलको चेन फुत्केछ । अब भयो फसाद, न कुनै मर्मत केन्द्र न कोही मेकानिक ! ओरालोमा चढेरै गुडाउँदै नेत्र दाइको घरमा पुगेर मिस्त्री बोलाई मर्मत गरियो ।

अब यात्रा पोखराको लागि सुरू हुँदैछ । हेलूबजारसम्मको कच्ची सडक मेरा लागि चुनौतीपूर्ण थियो । तै पनि अगाडि बढें । माटेथरमा पक्की सडकमाथि पानी बगेको थियो । बिच भागमा गहिरो भएको कारण जुत्ता भिज्छ भनेर कुनापट्टीबाट मोटरसाइकल लगें । गाडी नहिँडेको ठाउँ परेछ, चिप्लो रहेछ । चिप्लिएर मोटरसाइकल लड्यो । झोला पानीमा डुब्यो । हतपत उठाएर पानी बाहिर निस्कें ।

त्यही बेला दुर्गा जिसी आइपुगे । "लड्नुभयो कि के हो ?" उनले प्रश्न गर्दै भने, "म पनि लडेको छु यहाँ कुनै दिन । छेउकुनापट्टी चिप्लो छ । बिचबाट हिँड्नु पर्छ ।"

नयाँ ठाउँको बाटोमा सावधानी अपनाइएन भने दुर्घटना हुने रहेछ । अब भने म होसियार बनें । चिप्लो सडक, अप्ठेरो छल्दै सुरक्षितसाथ राजमार्गमा पुगें । त्यो बाहेक अन्य अप्ठ्यारो केही परेन । मनमनै भगवानलाई धन्यवाद दिएँ ।

त्यो दिन पोखरामा बस्ने कार्यक्रम थियो । तर भालुपहाडको भ्यूटावरमा चढेर दृश्यावलोकन गर्दै गर्दा काठमाडौंबाट श्रीमतीज्यूको फोन आयो, "आज मौसम राम्रो छ । भोलि कस्तो हुन्छ भन्न सकिन्न । काठमाडौं आजै आउने हो कि ? टिकट पायो भने काटीदिम् ?" यसो विचार गरें, "टिकट भयो भने त आजै काठमाडौं पुगिन्छ । कोरोना कहर बिचमा पोखरामा किन बस्नू ?" अनि हुन्छ भनिदिएँ । बाटो हिँड्दै गर्दा काठमाडौंको यात्रा तय भयो । यात्रामा हिँडेपछि आकस्मिक कार्यक्रम पनि बन्दो रहेछ ।

दिउँसो साढे ३ बजे पोखरा पुगें । पोखरा विमानस्थलमा ०४:०५ बजे बुद्ध एअरको उडान नम्बर यू ४-६१६ ले मलाई पर्खिबसेको थियो । आकाश खुला देखियो । मौसम सफा थियो । मनमा कुनै शङ्का उपशङ्का उब्जिन पाएन । साँझको समय भए पनि पश्चिमबाट घाम लागेकै थियो । जहाजले उचाइ लिंदा केही बादल देखिए पनि नकारात्मक प्रभाव पार्न सकेन । खुलेको मौसमले मन प्रफुल्ल बनायो ।

यात्राको चुनौती मोल्दै हिंड्नु परे पनि आमालाई भेट्न पाएँ । आशिर्वाद लिन पाएँ । सबैलाई भेटेर खुसीसाथ फर्किन पाउँदा मन आकाशझैं

खुल्यो । साँझ ५ बजे काठमाडौं बानियाँटारस्थित घरमा पुग्दा त्यो खुसी घर नजिकैको भुवनेश्वरी मन्दिरसम्म फैलिएको आभास भयो । ♦♦♦

**लघुकथा**

## लत



✍ **लीलाराज दाहाल**

रामबहादुरले धेरै वर्ष अघिदेखि रक्सीको स्वाद लिंदै आए । घरमुली उनै थिए । त्यसैले उनलाई रक्सी पिउने लतको पोखरीबाट कसैले बाहिर निकाल्न सकेनन् । नानीदेखि लागेको बानी भने भैं उनको दैनिक जीवनमा रक्सी अभिन्न अङ्ग हुँदै आएको थियो । कसैले अवरोध गर्न खोजे पनि उनी अनेक जुक्ति निकाल्थे र रक्सीसँग भेट गरेरै छोड्थे ।

तर उनले अब रक्सी खान सकेनन् । रक्सीले उनलाई खान थाल्यो । उनको शरीरमा अनेक बिकारहरू देखिन थाले । उनको कलेजोले काम गर्न छोड्यो । शरीरका आँखा लगायतका अङ्गमा पहेलोपन बढ्न थाल्यो । खानेकुरामा अरूची बढ्दै गयो । उनी कमजोर हुँदै गए । उनको बास अब अस्पतालमा हुन थाल्यो । अब पनि पिउन नछोडे ज्यान नबाँच्ने भएकाले रक्सी छोड्ने कडा निर्देशन सहित डाक्टरले उनलाई एक महिनाको औषधी लेखे र औषधीको मात्रा पुरा गरी आफूलाई भेट्न आउन सुझाए ।

उनी जहान परिवारको साथ लागेर घर आए । घरकाले अब उनको कडा निगरानी गर्न थालेका थिए । उनी सिधा आफ्नो कोठामा उक्लिए । उनको कोठा अव्यवस्थाको नमुना थियो । उनकी श्रीमती पनि उनको कोठामा छिर्न नपरोस् भन्थिन् । अरू झन् किन छिर्थे ? पतिको रक्सीको लत छुट्ने आशाका साथ उनकी श्रीमती आज उनको कोठामा छिरिन् । कोठामा जताततै रक्सीका बोतलहरू लडेका थिए । अनि श्रीमतीले देख्ने गरी उनले भुइँमा लडेका खाली बोतल टिपे । मलाई बिगार्ने तैं होइनस् भनेर रिसाउँदै रक्सीको खाली बोतलहरू झ्यालबाट बाहिर मिल्काउन थाले । पतिको आजको क्रियाकलापले उनलाई खुसी तुल्याएको थियो ।

उनले श्रीमतीतिर हेरेर भने, "हेर त राधा ! मलाई हानी गर्ने खाली बोतलहरूलाई मैले फाल्दिसकें ।" रामबहादुरले श्रीमतीको आँखा छलेर रक्सीका भरी र आधा बोतलहरूलाई भने पहिल्यै लुकाइसकेका थिए ।

# नेपालमा सामाजिक सुरक्षाको महत्व विकास तथा वर्तमान अवस्था



✍ गम्भीरबहादुर हाडा

सामाजिक र समाज कल्याणपक्ष राष्ट्रको सर्वाङ्गिण विकासको एक अभिन्न अंग हो । आधुनिक कल्याणकारी राज्यले समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका जेष्ठ एवं वरिष्ठ नागरिकलाई सम्मान र सुविधा प्रदान गरी आर्थिक, सामाजिक सुरक्षा दिनुपर्ने हुन्छ । राष्ट्रका असहाय, अपांग, महिला, बालबालिका, वृद्ध तथा अशक्त व्यक्तिहरूको सुरक्षाका लागि उचित पुनर्स्थापना, रोजगारी र सुरक्षाको व्यवस्था गरी देश विकास कार्यमा सरिक गराउनु आवश्यक छ । नेपालको मूल कानून संविधानमा महिला, बालक र वृद्धहरूलाई विशेष व्यवस्था गरी सामाजिक सुरक्षा प्रदान गरिने व्यवस्था गरिएको छ । यस व्यवस्थालाई कार्यान्वयनमा ल्याउन विभिन्न मन्त्रालयहरू (शिक्षा, स्वास्थ्य, वन, स्थानीय विकास, कृषि आदि) ले महिला विकाससम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेका छन् भने यस्ता कार्यक्रमलाई एकीकृतरूपमा सञ्चालन र समन्वय गर्न २०५२ सालमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय स्थापना गरिएको पाइन्छ । फिड ल्यान्डरको भनाइ अनुसार- 'सामाजिक संरक्षण भन्नाले कुनै व्यक्तिको जीवनमा आइपर्ने बिरामी, बेरोजगारी, वृद्धावस्था, परनिर्भरता औद्योगिक दुर्घटना तथा कमजोर स्वास्थ्य भएको अवस्थामा समाजले उसलाई गर्ने संरक्षण हो ।'

सामाजिक संरक्षण वा सुरक्षा भन्नाले मानवीय प्रतिष्ठा तथा सामाजिक न्यायसँग गहिरो सम्बन्ध राख्ने गर्दछ । यसले प्रारम्भमा सामाजिक र मुलभूतरूपमा अन्य आर्जन गर्नेबाट अन्य आर्जन गर्ने क्षमता गुमाएका वा अन्य आर्जन गर्ने हैसियत नभएका व्यक्तिलाई संरक्षण प्रदान गर्ने कुरासँग सरोकार राख्दछ । मानिसले सुखको अनुभूति गर्नका लागि आफू बसेको समाजमा शान्तिको अनुभव तथा

सुरक्षाको प्रत्याभूति चाहन्छ । तर वर्तमान विश्व समाजमा जनसंख्याको आकारमा उल्लेखनीयरूपमा हुँदै आएको वार्षिक वृद्धिले भने समाजमा सुरक्षा पद्धति खलबलिदै जान थालेको अनुभूति रहन्छ । प्राचिन युगमा प्राकृतिक प्रकोपबाट समाजलाई बचाउनु नै सामाजिक सुरक्षा मानिन्थ्यो भने पछि आएर जीवन र काममा आउने कठिनाईबाट सुरक्षा दिलाउनुलाई नै सामाजिक सुरक्षा मान्न थालियो । १८ औं र १९ औं शताब्दीमा युरोपमा भएको औद्योगिक क्रान्ति सँगसँगै कारखानामा काम गर्ने कामदार वर्गको प्रादुर्भाव भयो । कामदारहरूलाई उनीहरूको घर र परिवारबाट टाढा गएर कमाएको ज्यालाले दैनिक जीवन धान्न अत्यन्त कठिन थियो । कारखाना वा औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदार बिरामी भयो वा दुर्घटनामा पर्‍यो भने उक्त कामदार वा निजको आश्रितलाई कसले सहयोग गर्ने ? कति सहयोग गर्ने ? र कसरी सहयोग गर्ने ? भन्ने अवस्थाको सिर्जना भयो । यस्तो परिस्थितिको सामना गर्न कामदारहरूले आफ्नो आयको थोरै थोरै रकम बचत गरी एक अर्कालाई सहयोग गर्ने समाजको स्थापना गर्न थाले । शारीरिक अवस्थाका कारण जुन कामदार काम गर्न सक्षम हुँदैन त्यस्तालाई आर्थिक सुरक्षा प्रदान गर्नुपर्दछ भन्ने धारणाको विकास हुन थाल्यो । यसैलाई सामाजिक सुरक्षाको पहिलो रूप मानियो ।

समाजमा धेरै पहिलेदेखि नै गरिब गुरूवाहरूको हेर विचार गर्ने जिम्मेवारी व्यक्ति वा संस्थाहरूले बहन गर्दै आएको पाइन्छ । औद्योगिक क्रान्तिपछि यो समस्या अर्कै रूपमा आउन थाल्यो । किनभने उद्योगहरू विकसित हुँदै गएपछि विभिन्न कारखानाहरूमा काम गरी नियमित ज्यालामा जीवनयापन गर्नुपर्ने मजदुरहरूको एउटा ठूलै जमातको सिर्जना भयो । समाजका कुनै अशक्त वर्ग महिला, बालबालिका र वृद्ध व्यक्तिहरूका लागि विशेष व्यवस्था गरिएको पनि पाइन्छ । कमजोर र अशक्त वर्गलाई सशक्तिकरण गरी उनीहरूलाई सामाजिक न्याय, प्रदान गर्ने कुरा लोक कल्याणकारी राज्यको आधरभूत मान्यता हो । राष्ट्रको सर्वाङ्गिण विकासका लागि समाजका हरेक वर्ग र व्यक्तिको महत्वपूर्ण भूमिका हुन्छ । प्राचिन धर्मग्रन्थहरूमा उपकार, सेवा र अशक्त तथा उत्पीडितहरूको सामाजिक न्यायका लागि जोड दिइएको पाइन्छ । विश्वमा खासगरी सन् १९३० को महान आर्थिक मन्दीपछि सामाजिक सुरक्षाको अवधारणामा तीव्र विकास भएको पाइन्छ । सामाजिक सुरक्षाको स्पष्ट कानूनी व्यवस्था सर्वप्रथम

अमेरिकामा सन् १९३५ को सामाजिक सुरक्षा कानूनबाट भएको पाइन्छ । राज्यले एकातिर कानूनको अगाडि सबै समान हुने गरी समानताका व्यवस्था गरेको हुन्छ भने अर्कोतिर केही वर्ग वा कुनै किसिमका व्यक्तिहरूका लागि संरक्षित विशेष व्यवस्थाहरू गरेको पाइन्छ । सामाजिक सुरक्षा अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका कुराहरू अतिरिक्त दुर्घटना, मृत्यु, बिरामी वा अशक्तताको अवस्थामा सहयोगका कुराहरू पर्दछन् । केही मुलुकमा सामाजिक सुरक्षा कार्यक्रम विस्तृत छ भने केही मुलुकमा सीमित मात्रामा छ । विकसित मुलुकहरूमा सामाजिक सुरक्षाले जन्मदेखि मृत्यु र चिहानमा गाड्दासम्मको अवस्थालाई समेट्छ । खासगरी सामाजिक सुरक्षा अन्तर्गत निम्न कुराहरू पर्दछन् : १.प्रसुति हुँदा उपलब्ध गराइने सहयोग । २.बच्चाको हेरचाह र खानपिनका निम्ति उपलब्ध गराइने सहयोग । ३. बिरामी हुँदाको बखत स्वास्थ्य उपचारको व्यवस्था । ४.बेरोजगारहरूलाई उपलब्ध गराउने सहयोग।५.अपाङ्गहरूलाई उपलब्ध गराइने सहयोग । ६. वृद्धावस्थामा उपलब्ध गराइने सहयोग । ७.दुर्घटना भएका बखत उपलब्ध गराइने सहयोग । ८. महिला, दलित र केटाकेटीको संरक्षणका निम्ति उपलब्ध गराइने सहयोग । ९. बिरामी भएका बखत पाउने तलबी बिदा ।१०. विपन्नलाई स्वास्थ्य र शिक्षाको व्यवस्था ।

नेपालमा ६० वर्ष उमेर पुगेकाहरूलाई वृद्ध मानिन्छ । अहिले नेपालमा वृद्धहरूको संख्या १३ लाखभन्दा माथि रहेको छ । आधुनिक औषधी विज्ञानको प्रभावकारिकताले गर्दा वृद्धहरूको सख्या वृद्धि हुँदै जान थालेको पाइन्छ । राष्ट्रिय जनजणना २०५८ को तथ्यांकअनुसार ६० वर्ष भन्दा माथिको साक्षरता दर पुरूषको ३१.२ प्रतिशत र महिलाहरूको २.५ प्रतिशत रहेको छ । ग्रामीण क्षेत्रमा १.९ प्रतिशत मात्रै वृद्धाहरू साक्षर भएको पाइन्छ । यसबाट पनि के प्रष्ट हुन्छ भने शिक्षाको अभावका कारण वृद्धाहरू बौद्धिक काम गर्न सक्दैनन् । शारीरिक श्रम गर्ने शक्ति उनीहरूमा हुँदैन ।

अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको परिवार र समुदायमानै रही समाजको अभिन्नअङ्गको रूपमा अधिकार प्रयोग गर्न सहज बनाउने उद्धेश्यले स्वास्थ्य, शिक्षा जीवननिर्वाह, सामाजिकीकरण र सशक्तिकरण अन्तर्गतका विविध कार्यक्रमका लागि अपाङ्गता आर्थिक वर्ष २०६६/६७ देखि ७५ वटै जिल्लामा विस्तार गरिएको छ । अपाङ्गताको शारीरिक स्थिति हेरी उनीहरूलाई आवश्यक पर्ने सहायक उपकरण जस्तै सेतो छडी,

ह्विल चेयरहरू अनुदान प्राप्त अपाङ्ग क्षेत्रमा कार्यरत तीन विकास क्षेत्रका संस्थाहरूबाट विभिन्न जिल्लाहरूमा निःशुल्क वितरण भएका छन् भने अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच तथा सञ्चार सेवा निर्देशिका, २०६९ जारी भएको छ । अपाङ्गता परिचय पत्र वितरण कार्यलाई सहज तुल्याउने उद्धेश्यले अपाङ्गतापन पहिचान गर्न सजिलो हुने किसिमले Flip Chart निर्माण कार्य शुरू भएको छ । अपाङ्गता सम्बन्धी विधान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून नीति अनुसार सञ्चालित कार्यक्रम सेवा सुविधा तथा अधिकार उपयोगमा सहजिकरण गराउने "अपाङ्गता स्रोत पुस्तिका" २०६९ प्रकाशित गरिएको छ ।

नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहको, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई काननू बमोजिम सामाजिक सरुक्षाको हक हुनेछ भनिएको छ ।

सामाजिक सहयोग संरक्षण गर्ने पुरानो तरिका हो । यसमा पीडित श्रमिकको प्रत्यक्ष आर्थिक योगदान रहँदैन । यो त कुनै श्रमिक कठिनाइमा परेपछि राज्यले वा रोजगारदाता वा अरू कसैले एकतर्फी रूपमा गर्ने सहयोग हो । यस्तो सहयोग पनि दुई प्रकारका छन् । (अ) स्वेच्छिक सहयोग (आ) अनिवार्य सहयोग गैरसरकारी क्षेत्रमा हाल देखा परेका समस्याहरूलाई समय सापेक्ष र प्रभावकारी ढंगबाट अगाडि बढाउन वर्तमान समाज कल्याण ऐन, २०४९ लाई समयानुकूल संशोधन, परिमार्जन गरी समाज विकास ऐन निर्माण गर्ने गत वर्षमा देखिएको प्रयासलाई यस वर्ष पनि जारी राखिएको छ । सामाजिक बिमाअन्तर्गत कुनै प्रकारको दुःख तथा कठिनाइमा परेका श्रमिकलाई बिमा कम्पनी तथा बिमा गर्ने पेशाबाट उसको समस्याको गाँठो फुकाउने कार्य गरिन्छ । यहाँ कठिनाइमा परेको व्यक्ति स्वयंले वा उसको तर्फबाट व्यवस्थापक वा अरू कसैले नियमितरूपमा आर्थिक योगदान गरिरहेको हुन सक्छ । नेपालमा सवारी तथा यातायात व्यवस्था नियमावली, २०४९ ले सवारीचालक, परिचालक तथा हेल्परको दुर्घटना बिमा सवारी धनीले अनिवार्यरूपमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षाका दुई वटा आयामहरूलाई प्रमुख रूपमा लिन सकिन्छ । पहिलो क्षितिजीय दृष्टिकोणका रूपमा चिनिने सामाजिक सहायता हो । जसमा सबै नागरिकले आम रूपमा

सहायता सुविधाका रूपमा पाउने राज्यको अनुदानजन्य सुरक्षा पर्दछ । त्यसैगरी दोस्रो लम्बिए दृष्टिकोणका रूपमा आफूले योगदान गरेको थैलीको आधारमा पाईने सहायता सामाजिक संरक्षण वा आधिकारको रूपमा प्राप्त हुने सुरक्षा हो ।

**सामजिक सुरक्षाको उद्धेश्यहरू**

- आधारभूत वस्तु तथा सेवाको पहुँच सुनिश्चित गर्ने
- सक्रिय सामाजिक आर्थिक सुरक्षाको बढवा दिन
- जीविकोपार्जनको लागि न्यूनतम आयको सुनिश्चित गर्ने
- विपत्ति सामानका लागि सामाजिक बिमा र सुरक्षा कवच प्रदान गर्न

**सामजिक सुरक्षाका तरिकाहरू**

**क.** सामाजिक सहायता

**ख.** सामाजिक सुरक्षा बिमा

**ग.** रोजगारी सिर्जना

**घ.** लक्षित कार्यक्रम

**ङ:** अनौपचारिक तथा औपचारिक तरिका

**राष्ट्रिय सामाजिक सुरक्षा कोषको खाँचो**

आधा शताब्दीभन्दा लामो इतिहास बोकेको कर्मचारी संचयकोषले यस अवधिमा केही निजी क्षेत्रका कामदार तथा कर्मचारीलाई आफ्नो दायरामा ल्याउने संचय कोष योगदान रकमकै व्यवस्थापनको माध्यमबाट संचयकर्तालाई सिमित सामाजिक सुरक्षा प्रदान गर्ने संचयकर्ताको सेवाकालिन आवश्यकतालाई सम्बोधन गर्ने सहुलियतपूर्ण सापटी प्रदान गर्ने बाहेक मुलुकको समग्र सामाजिक सुरक्षालाई लक्षित गरी आफ्नो कार्यक्षेत्र र दायरामा खासै विस्तार गर्न सकेको छैन । मुलुकमा उपलब्ध कुल एक करोड पचास लाख श्रमशक्ति मध्ये पाँच लाख पचास हजार मात्र संचय कोषमा आबद्ध छन् । यो संख्या कुल श्रम शक्तिको ४ प्रतिशत भन्दा कम हुन्छ अर्थात ९६ प्रतिशत श्रम शक्ति सामाजिक सुरक्षाबाट हाल बन्चित छन् । कोषमा आबद्ध संचयकर्तामध्ये ८० प्रतिशत भन्दा बढी अवकास पश्चात सरकारी ढुकुटीबाट मासिक निवृत्तिभरण पाउने विभिन्न सरकारी सेवाका कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षक समावेश छन् । संचय कोषको स्थापना गर्न अन्य देशमा स्थापना गरिएका समकालिन संस्थाहरू आज सामाजिक सुरक्षाको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरी मुलुकको प्रमुख सामाजिक सुरक्षा प्रदायक संस्थाका रूपमा आफुलाई स्थापित गरि सकेका छन् ।

सामाजिक सुरक्षा नागरिक अधिकारको अभिन्न अंग हो । मानव अधिकार विश्वव्यापी घोषणापत्र १९४८ र नागरिकहरूका राजनैतिक, आर्थिक तथा सामाजिक अधिकार सम्बन्धी अनुबन्ध

१९६६ मा समत सुरक्षालाई मानव अधिकारको अंगको रूपमा लिइएको देखिन्छ । समाजमा सबै वर्ग, समुदाय, भाषाभाषी, लिङ्ग धर्मका मानिसहरूले सम्मानपूर्वक बाँच्न पाउने, सामाजिक क्रियाकलापमा सहभागी हुन पाउने र सामाजिक वस्तुको उपयोग गर्न पाउने अवस्थाका सिर्जना नै सामाजिक सुरक्षा हो । यस अलवा, आवास, खाद्यान्न, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा रहने पहुँच पनि विस्तृत अर्थमा सामाजिक सुरक्षा हो ।

**सामाजिक सुरक्षा कसलाई** ?

१ बालबालिकालाई सामाजिक सुरक्षा, २. जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा ३. अपांगता भएका व्यक्तिको सामाजिक सुरक्षा, ४. श्रमिकहरूलाई समाजिक सुरक्षा, ५ किसानलाई सामाजिक सुरक्षा, ६. बरोजगारलाई सामाजिक सुरक्षा ७. सीमान्तकृत तथा लोपउन्मुख समुदायलाई सामाजिक सुरक्षा ८. एकल महिलालाई सामजिक सुरक्षा

सामाजिक सुरक्षा मानव अधिकारको अभिन्न अंग हो । मानवीय विकासका पक्षहरूको समेत यसले वकालत गर्ने गर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित विषयलाई मूर्तरूप दिन पनि सामाजिक सुरक्षाको प्रबर्द्धन आवश्यक छ । यसले राज्यको मानव अधिकारप्रतिको दायित्व पुरा गर्दछ । समुदायमा मानिस मानिस बिचका सुसम्बन्ध कायम गर्ने माध्यम हो । जसले अन्याय, विकृति र विभेद विरूद्ध समानता एकता र भातृत्वको अनुभूति गराउने गर्दछ । पारिवारिक सम्बन्धलाई समेत यसले मजबुत बनाउने गर्दछ । सामाजिक सुरक्षाका माध्यमबाट व्यक्तिको पहिचान गर्दछ । नेपालको संविधान, २०७२ को धारा ४३ मा सामाजिक सुरक्षाको हकलाई मौलिक हक अर्न्तगत समावेश गरिएको छ र धारा ३४ मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यास हुने उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने कुरा उल्लेख गरिएको छ । त्यस्तै धारा ३६ मा खाद्यसम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हकको व्यवस्था छ । धारा ३८ मा महिलालाई शिक्षा, स्वाथ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हक हुने व्यवस्था छ । धारा ४१ मा जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुने कुरा उल्लेख छ । यसरी नेपालको संविधानले सामाजिक सुरक्षाको अवधारणलाई वृहत र फराकिलो ढंगले अवलम्बन गरेको देखिन्छ । सामाजिक सुरक्षा ऐन २०७५ ले जेष्ठ नागरिक,

असहाय, बालबालिका, अपाङगता भएका व्यक्ति, एकल महिला, विद्युवा र आफ्नो हेरचार आफै गर्न नसक्ने व्यक्तिलाई सामजिक सुरक्षा प्राप्त हुने व्यवस्था छ ।

**सामाजिक सुरक्षा सम्बन्धी ऐन, निर्देशिका र बजेटमा भएका व्यवस्था**

१. ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई मासिक रू.४,०००/- का दरले भक्ता उपलब्ध गराउने ।
२. एकल महिलालाई मासिक रू.२,६६०/- का दरले भक्ता उपलब्ध गराउने
३. कर्णाली अञ्चलका ६० वर्ष माथिका बासिन्दालाई २,६६०/- भत्ता उपलब्ध गराउने
४. अपांगता भएका व्यक्तिलाई मासिक रू. ३,९९०/- का दरले भत्ता उपलब्ध गराउने ।
५. जेष्ठ नागरिकलाई सार्वजनिक यातायातमा र स्वाथ्य संस्थामा ५० प्रतिशत छुट दिने व्यवस्था छ ।
६. लोपउन्मुख तथा अल्पसंङ्ख्यकलाई मासिक भत्ता उपलब्ध गराउने ।
७. बालबालिकाको लागि स्वाथ्य तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने बालबालिका सम्बन्धी राष्ट्रियनीति २०६९ को व्यवस्था भएको ।
८. योगदानको आधारमा श्रमिकलाई सामाजिक सुरक्षा प्रदान गर्नु योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ पारित भएको छ ।
९. स्वाथ्य बिमाको व्यवस्था
१० किसानहरूलाई कृषिमा अनुदान, बाली बिमा , पशु बिमा , कृषि प्रविधि खरिदमा अनुदान जस्ता प्रावधान रहेको छ ।

**वर्तमान पन्ध्रौ योजना २०७६-२०८१ मा सामाजिक सुरक्षा कार्यक्रम**

**सोच**

सबैका लागि दिगो सामाजिक सुरक्षा प्रणाली, समतामूलक समाज र लोक कल्याणकारी राज्य व्यवस्थाको आधार

**लक्ष्य**

सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी । पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने,

**उद्धेश्य**

१. सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी समाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु
२. आर्थिक सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु,
३. सामाजिक सुरक्षा र संरक्षण मार्फत नागरिकहरूको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु,

**रणनीति**

१. सामाजिक सहयोग र संरक्षणका

कार्यक्रम विस्तार गरी आर्थिक सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग वर्ग र समुदायको पहुँच बढाउने,

२. योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रमा साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने

३. सामाजिक सुरक्षा, सहयोग र संरक्षण संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन अन्तर सरकार सूचना प्रणालीको विकास गर्ने,

**कार्यनीति**

१. जीवनयापन गर्ने आयस्रोत नभएका, सरकारले तोकेका भन्दा न्यून आय भएका, श्रम गर्न नसक्ने असक्त र असहाय, एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपउन्मुख जातिका नागरिकको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ ।

२. बहुक्षेत्रीय पोषण योजना, सुरक्षित आमा कार्यक्रम, बाल संरक्षण कार्यक्रम लगायतका सामाजिक सुरक्षा कार्यक्रमलाई पहुँचयोग्य बनाई राष्ट्रव्यापी रूपमा विस्तार गरिनेछ ।

३. सामाजिक सुरक्षा करको दायरा विस्तार र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई सवल र दिगो बनाइनेछ। सबैका लागि अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम तयार गरी लागू गरिनेछ ।

४. विपद्बाट सिर्जना हुने सम्भावित जोखिम प्रकोपको सामना गर्न सक्ने गरी सामाजिक सुरक्षा कार्यक्रमलाई विपद संवेशनशील बनाइने छ ।

५. वैदेशिक रोजगारमा गएका कामदारलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

६. सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी अवधारणा र अभ्यासका बारेमा अध्ययन अनुसन्धान गरी उपयुक्त योजना, प्रारूप तथा प्याकेज प्रयोगमा ल्याइनेछ ।

७. एकीकृत सामाजिक सुरक्षा योजना र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत, कानूनी तथा अन्तरनिकाय समन्वयात्मक सुधार गरिनेछ ।

ज्येष्ठ नागरिकहरूको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक संविधानले प्रत्याभूत गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना

कार्यान्वयनमा रहेका छन् । कुल जनसङ्ख्याको ८.१४ प्रतिशत ज्येष्ठ नागरिकमध्ये पुरूष ज्येष्ठ नागरिक ८.२८ प्रतिशत र महिला ज्येष्ठ नागरिक ७.९८ प्रतिशत रहेको छ । नेपाल सरकारले ज्येष्ठ नागरिकहरूप्रति सम्मानस्वरूप मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । सरोकारवाला निकायबीच समन्वयका लागि केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र सबै जिल्लाहरूमा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भएका छन् । बेसहारा ज्येष्ठ नागरिकहरूलाई आश्रयसहितको सेवा उपलब्ध गराउन पशुपतिमा सरकारी निकायका रूपमा वृद्धाश्रम सञ्चालन भएको छ भने संस्थाहरूको साझेदारीमा विभिन्न स्थानमा वृद्धाश्रमहरू सञ्चालन भएका छन् । ज्येष्ठ नागरिकहरूमा रहेका विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको नियमन र समन्वय गर्नु, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थित गर्नु, ज्येष्ठ नागरिकहरूको लागि काम गर्ने संस्थाहरूलाई प्रदान गरिने अनुदानको मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आदि चुनौतीहरू रहेका छन् ।

संविधानमा ज्येष्ठ नागरिकको हकसम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिएको, सार्वजनिक यातायातमा सहुलियत, सरकारी अस्पतालहरूमा बेड छुट्याउने, सेवा प्रदायक निकायहरूबाट विशेष सुविधा दिने व्यवस्थाहरू गरिएको, केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरी असहाय, दुर्व्यवहारबाट पीडित ज्येष्ठ नागरिकहरूलाई राहत, सुरक्षा र स्वास्थ्य उपचार प्रदान गरिएको, पुनर्स्थापनाका लागि महिला तथा बालबालिका कार्यालयहरू मार्फत सेवा प्रदान गर्ने कार्य प्रारम्भ भएको, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट ज्येष्ठ नागरिकको क्षेत्रमा क्रियाशीलता बढ्दै गएकोलाई यस क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

**सहायक ग्रन्थ**


- ग्रामिण सामुदायिक विकास- रूद्र प्रसाद भट्टराई- दीक्षान्त प्रकाशन, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाडौं, नेपाल प्रथम संस्करण २०६५ ।
- गरीबी र सामुदायिक विकास सिद्धान्त र व्यवहार-कृष्ण बहादुर कुँवर- मीना कुँवर, मीना प्रकाशन, लाजिम्पाट, काठमाडौं १४, नेपाल प्रथम संस्करण २०६१ ।
- स्थानीय तहको योजना तर्जुमा

दिग्दर्शन २०७५ नमुना, नेपाल सरकार राष्ट्रिय योजना आयोग, सिहदरबार काठमाडौं ।

- लैंगिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७१-२०७२ कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रबर्द्धन तथा वातावरण, महाशाखा लैंगिक समता तथा सामाजिक समावेशीकरण शाखा २०७३ अषाढ २०७४ ।
- गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७०, नेपाल सरकार मिति २०७०/०९/२३ को निर्णय अनुसार स्वीकृत प्रथम संस्करण २०७२ सहित, नेपाल सरकार उद्योग मन्त्रालय सिंहदरबार काठमाडौं।
- भिमद्धत्त सापकोटा र विमल कुमार खड्का ग्रामीण प्रविधि र सीप विकास सुजाता प्रकाशन काठमाडौं, नेपाल ।
- कृष्ण बहादुर कुंवर, गरिबी र सामुदायिक विकास सिद्धान्त र व्यवहार, मिना कुवर मिना प्रकाशन, लाप्जिम्पाट, काठमाडौं प्रथम संस्करण २०६१ ।
- जगन्नाथ अधिकारी, सरद घिमीरे , बद्लिदो खाद्य श्रृङ्खला, मार्टिन चौतारी पहिलो संस्करण २०६३, २००७ काठमाडौं नेपाल ।
- रमेश कुमार के. सी. सामाजिक न्याय र सामाजिक सुरक्षा एक विवेचना कोष आर्थिक विशेषांक २०७३, अंक ८३ कर्मचारी सञ्चयकोष केन्दीय कार्यालय पुल्चोक काठमाडौं नेपाल पेज नं. १९)
- दिपक राज आचार्य जेष्ठ नागरिकलाई राज्यबाट गरिएको व्यवस्था र कार्यान्वियन लेखा परीक्षण पत्रिका वर्ष ३८, अंक ८९, पौष २०७६, महालेखा परीक्षकको कार्यालय बबरमहल काठमाडौं नेपाल ।
- Dr. Rajendra Shrestha Social Protection Measures in Nepal" Nepal Council of World Affairs Annual Journal 2013.
- Dr. Suman Kumari Sharma "Social Practice in Nepal - some thoughts on Building a social protection Index (SPI) KAMAD Vol.7 No-2, Issue-14 October 2004 (Aswin 2065)
- सिद्धान्त र नेपालमा सामाजिक सुरक्षाका कार्यक्रमहरू आर्थिक मीमांस नेपाल वित्तिय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक वर्ष ११, २०७२ चैत्र ।
- लक्ष्मी विलास कोईराला "सामाजिक

न्याय र सामाजिक सुरक्षा” नेपाल वर्ष ४५, अंक १, पूर्णाङ्क २०४, श्रावण भदौ २०७१ सूचना विभाग ।

- राम बाबु नेपाल समृद्धि र सामाजिक सुरक्षा अन्तर सम्बन्ध र व्यवस्थापन कोष ५७ औ वार्षिक विशेषांक २०७५, अंक ८५, कर्मचारी संचय कोष केन्द्रिय कार्यालय, पुल्चोक ललितपुर ।
- ऋतु राजभण्डारी बुढ्यौली सशक्तिकरण (Empowerment) (A journal of MOWCSW) वर्ष ३, अंक ६, २०६१ पौष (महिला, बालबालिका तथा समाज कल्याण सँग सम्बन्धित) श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबार ।
- भीम कोईराला, जेष्ठ नागरिकहरूलाई तिरस्कार हैन सम्मान गरौ सशक्तिकरण, वर्ष ८, अंक १, पूर्णाङ्क १२, २०६५ आषाढ ।

♦♦♦

गीत

# खतरा बढ्यो.......



✍ दिपकराज विश्वकर्मा

मस्कि हेर्ने आँखाको तिर मन्मै गढ्यो लौन
शान्त मेरो ढुकढुकीको चाल बढ्यो लौन
त्यसै त कमजोर, पिरतीमा यो मन
खतरा बढ्यो झन्भन्, लौन खतरा बढ्यो झन्भन्......

जादुमयी छुवाईले, सासै जाने रैछ
कसैको त हेराईले पनि, ज्यानै लाने रैछ
त्यसै त कमजोर, पिरतीमा यो मन
खतरा बढ्यो झन्भन्, लौन खतरा बढ्यो झन्भन्......

सम्झिनु बिर्सिनु के कुरा, दिमागै उसको भैसक्यो
माया गर्नु नगर्नु के कुरा, मनै उसको भैसक्यो
त्यसै त कमजोर, पिरतीमा यो मन
खतरा बढ्यो झन्भन्, लौन खतरा बढ्यो झन्भन्......

निबन्ध

# मनको धनी मान्छे



✍ छायादत्त न्यौपाने 'बगर'

विशाल मनको सामाजिक प्राणी हो मान्छे । यसले चेतनाको बर्को ओड्छ । मान्छे बुद्धिको संवाहक र कर्ममा रमाउने प्रकृतिजन्य स्वभावको धनी मानिन्छ । यो आपसी सरसहयोग साटेर रमाउने प्राणी हो । आपसी मेलमिलापमा सहज जीवनशैली बाँचेर पृथक् र विशिष्ट परिचयको खोजी गरिरहने प्रवृत्तिले सक्रिय बनाएको मान्छे त्रिशुलीका ढुङ्गाझैं आपसमा ठोक्किएर चिल्लाउन चाहन्छ । जीवनपर्यन्त यस्तै यस्तै प्रतियोगितात्मक दौड दौडिरन्छ । यो उसको भरजन्म चलिरहने यत्न हो । कस्तो अचम्म छ । सृष्टिका अनन्त प्राणीमध्ये सँगै जन्मे हुर्केको साथीलाई होच्याएर अग्लिने दाउपेच पालेर अनौंठो चरित्र खेलाउने मान्छे । यो आपसी भीडन्त, भीडन्तसँगै जीवनलाई घाटमा पुऱ्याउँछ, विसर्जन गर्छ, पञ्चतत्वमै विलीन हुन्छ, सकिन्छ ।

सृष्टि सौन्दर्य सम्पन्न मान्छे आपसी घोचपेच बोकेर हिंड्छ । यो एकले अर्कोलाई थिचेर बहादुर बन्ने जन्मौटे ईर्ष्या लिएर आउँछ र सँगै लिएर जान्छ । गजबको छ स्वभाव । फूल टिप्छ, च्यात्छ र काँडालाई गाली गर्न लाज मान्दैन । यस्तो चलन कहिले, कसले, कहाँबाट सुरू गऱ्यो ? ठयाक्कै भन्न सजिलो छैन । कति भाइभारदारमा अस्वस्थ होडको विकार थुप्रिन्छ, समाजभित्र कति, उपद्रो छ ? जथाभावी मच्चिएर मर्यादा भत्काई भत्काई परिवार र व्यक्ति-व्यक्ति बिच फाँडिने अमानवीय प्रकृतिको छुल्याइँ कति छ कति ? यसबाट कसलाई कति लाभ हुन्छ ? यो कल्मष मनको तुच्छ उपजबाट कसले के पाउँछ, उसैले पत्ता लगाओस् । यसको सङ्ग्रह गर्ने खुत्रुके प्याट्ट फुट्छ, फुटेपछि न हो खुत्रुके र खुत्रुके भित्रको छरिने ।

गतिशील विचार सम्प्रेषण गरेर स्वच्छ मनले परिष्कृत भावना पस्किने दूरदृष्टि खै कसले कति विकसित गऱ्यो कुन्नि ? कहाँ पुऱ्यायो, गोडमेल कति गऱ्यो उत्पादन कति बढायो ? अनुमान

त प्रशस्त हुन सक्ला तर मूर्तीकरण ? सम्भव देखिँदैन । आज प्रत्येक मान्छे आफ्नो दुनो सोझ्याउने ध्याउन्नमा व्यस्त छ । बालक, प्रौढ, वृद्ध जो कोही आफ्नै मनोकाङ्क्षा परिपूर्तिमा तल्लीन छ, झ्याई नझ्याई छ उसलाई । अरूको हितमा समय, श्रम, सिप ज्ञान खर्चन पटक्कै तयार छैन मान्छे । हो, फूल धेरैलाई मन पर्छ, मन पर्ने विषयका पछि धेरै लाग्छन् । यी मन-मनका धनी मान्छेहरू तँछाडमछाड गरिरहेर विवेक गुमाउँछन् र विना अर्थ जीवन गतिलाई अन्त्यष्टिमा पुऱ्याउँछन्, स्वाहा हुन्छन् । भइरहेको तथ्य ।

सृष्टिकै सुन्दर प्राणी मानव खेल्ने बगैंचा हो धर्ती । धर्ती नै हो सृष्टिको नियमानुसार निर्बाध चलखेल गर्न पाउनुपर्ने थरी थरी प्राणीहरूको साझा घर । यिनै अनेक प्राणीहरूमध्ये सचेतना बोकेको प्राणी भनेर मान्छेलाई चिनाउने अभ्यास प्राचीन कालदेखि हुँदै आएको छ तर के कति कारणले मान्छे मान्छे हो ? विशिष्ट छ भन्ने कुराको अन्तर्य कोट्याउने हो भने उसको निजी स्वार्थभन्दा बलियो विकल्प अर्को भेटिँदैन । हो, मान्छे आफ्नो लागि विशिष्ट हो तर समग्रमा विशिष्ट ? अन्य प्राणी हितमा उसले कुनै तृण त्याग गरेको पाइँदैन । सपाट सृष्टिका सबै अङ्गहरू केलाउँदा मान्छे स्वार्थकै वशीभूत छ उसकै बोलबालामा रमाउँछ । विलासको फेर समातेर उभिन्छ । के हामी निजी स्वार्थमा लिप्त रहेर अरूको जीवन हर्नुलाई विशिष्टता मान्छौं र ? कि सिङ्गो समाजको उज्यालोका लागि आफू उत्सर्गित हुने इमानदार उत्साही नैतिक चरित्रलाई ? जटिल छ परिभाषित हुन ।

निरन्तर नवीनता रूचाउने मान्छे आजन्म निजी सुखका लागि दौडिरहन्छ । उसले भौतिक सुख प्राप्तिकै लागि प्रकृति र प्रकृतिजन्य उत्पत्तिको उपयोग आफू खुसी गरिरहेको छ । जीवनजगतका यावत् पक्षको उपयोग आफ्नै सम्पन्नताका लागि गरिरहेको छ तर त्यो सम्पन्नता जीवन्त भई सन्तुष्टि दिने गरी सुकिलो राख्न सकिरहेको हुँदैन । निजी सुखमा समग्र जीवन मुस्कुराउन सक्दैन भन्ने जान्दाजन्दै पनि सञ्चयको बौचो (कपडा राख्ने साधन) भर्ने दाउले पसिनाको अवमूल्यन गरिरहन्छ । ऊ ठसठस्ती कन्दै बेथितिको बौचो बोकिरहन्छ । यसैलाई अनन्त प्राप्ति ठानी सिरानी लिएर निदाउँछ ।

मान्छे बाल्यावस्थादेखि अभिभावक, परिवार, विद्यालय, समाज, राष्ट्र जहाँ-जहाँ जे सकिन्छ त्यसमा निहित स्वार्थ पालिरहन्छ । स्वार्थकै निम्ति आवश्यक चेतनाको जोहो गर्छ र त्यसैमा रमाउँछ । आफ्नो रमाइलोमा

अरूको सुख भत्काउँछ, जीवनमूल्य बोध गर्दैन । पशुपन्छीसँगै मान्छेले मान्छे नियन्त्रण गर्न तम्सिन्छ, पानीको भँगालो थुन्छ, चट्टान फुटाउँछ, आकाश भेदन गर्छु भनेर उत्ताउलिन्छ । यी र यस्ता धेरै गतिविधि मानवीय मर्म विपरीत गर्छ, प्रकृति विद्रुप बनाउँछ, भूगोल र प्राणी कल्याणको दायित्व भुसुक्क बिर्सन्छ । उसले बिर्सनुमै पुरूषार्थ देख्छ ।

परिवर्तन पछ्याइरहने मान्छेले भौतिक विकासको बाटो खन्छ,। स्वार्थलाई निकास दिन्छ, बिरूवा रोप्छ शीतल ताप्छ, स्वस्थ रहन्छ, जरीबुटी गोडमेल गर्छ, डढेलो निभाउँछ, हरियाली बढाउँछ, कुचो लाउँछ, खसी सुमसुम्याउँछ, जे-जे गर्छ, निष्कर्षमा आफ्नै सुरक्षाकवच बलियो बनाउँछ । बाँझो खन-जोत गर्छ, मल हाल्छ, बिउ छर्छ, सिचाइँ डोल्याउँछ अन्त्यमा आफ्नै पोल्टो भर्छ, एक्लै मोटाउन बल गर्छ । जीवन यात्राको प्रत्येक चरणमा स्वान्त सुखका यी गुच्छाहरू देखेर सक्रिय हुन्छ । यस्तो सुख नितान्त वैयक्तिक हुने गर्छ । बगैंचाको स्याहार गर्छ ऊ, आफ्नै मनोभावमा सौन्दर्य बढाउँछ, आफै मनोरञ्जन लिन्छ, बाह्यावरण सजाउन र स्वच्छ हावा बगाउन पहल गर्छ आफ्नै निम्ति न कि फूलको वंश परम्परा बढाउन । गाई भैंसी पाल्छ, बाख्रा चराउँछ, हाँस, कुखुरा, बट्टाई, माछा, मौरी, घोडा खरायो,जुन-जुनको सेवा गरेको देखिन्छ त्यसमा स्वार्थवश गरिने अभिनय हुन्छ । मान्छे यतिसम्म स्वार्थी भइदिन्छ कि शरीरलाई स्वच्छ र मस्तिष्कलाई स्वस्थ राख्न नपर्ने भएको भए भुँडीको मलमूत्र पनि सञ्चय गरेर दरसन्तानलाई हस्तान्तरण गर्दो हो । अरू केहीले नभरिने लोभको भकारी यसैले भर्थ्यो कि ।

अनेक थरी जिज्ञासा बोकेर दौडिरहने मान्छेले ऐना हेर्न नडराए अनुहार छर्लङ्ग देखिन्छ । कुराले पुग्ने भए मान्छेले आफूलाई साँच्चै विशिष्ट र सभ्य देखाउन सक्ने थियो । प्राणी हित विपरीत केही नगर्ने बाचा गरेको मान्छे व्यवहारमा यसरी धुवाँ, धुलो उडाएर रासायनिक पदार्थको प्रयोग गरी स्वयं आफू र समग्र प्रकृतिको विनाश मच्चाइरहने थिएन कि । कति राम्ररी बालकलाई पालनपोषण गर्छु, आवश्यक सबै सेवा दिन्छु भन्छ, आफू अनुकूल नियम कानून बनाउँछ र त्यसैले बाँधेर हुर्काउँछ । यसैमा मन कल्पाउँछ र अहिले गरेको सेवाले बुढेसकालमा पैंचो तिर्छ भन्ने विश्वासको पोको दरो गरी कसेर रमाउँछ । आफूले बन्धनमा राखेर हुर्काएका तिनै बालक ठुला भएपछि आदर सत्कार र स्नेह देऊन् भन्ने आशा भरोसाको राल काढ्छ । कस्तो होला है । यो बडो विचित्रको मानवीय प्रवृत्ति ।

स्वभावैले तर्कशील प्राणी हो मान्छे । ऊ आफै भन्छ, अलमल नगरी

खुरूखुरू भन्छ, भन्दै आएको हो, भनिरहन्छ कागतीको बोटमा नास्पाती फल्दैन । मेवाको बोटमा स्याउ फल्दैन अर्थात जे रोपिन्छ त्यही फल्छ । आफूले अधीनमा राखेर हुर्काएको बालकबाट स्वाधीनताको आशा राख्छ, आफैले भनेजस्तो नमिल्दा दुःख पाएँ भनेर गुनासो गर्छ, मन दुखाउँछ, पीडा पोख्छ र आफूले आफ्ना बाआमालाई कस्तो सेवा दिएको थिएँ, कति खुसी हुनुहुन्थ्यो मबाट बाआमा भन्ने मर्म बिर्सन्छ । मेरो व्यवहारबाट सन्तानले के सिके र सिक्दै आए ? हेक्का रहँदैन कि वास्ता गरिँदैन । खाली आफ्नो सुखको खोजी गरिन्छ । उसको निजी चाह बलियो बनेर मन ओगट्छ । सदैव आफू खुसी हुने सुखी रहने अवसर पर्खिरहन्छ । उसले आफ्नै कथा व्यथा जोडेर आख्यान बनाउने दाउपेचमा रमाउन बल गर्छ । अरूका आङका लिखा कोटयाउने मान्छेले आफ्ना आङभरिका भैंसी भेटाउँदैन । बोलक्कड न हो मान्छे, कुरा कति मिठा गर्छ । मेरो कारण परिवार त के कसैलाई पनि दुःख दिन्न, दिँदै दिन्न भन्छ, निर्धक्क भन्छ लाजै नमानी भनिरहन्छ तर मेरा गोरूको बाह्रै टक्का भनेर ढिपी कस्दा क–कसलाई कति मर्का परिरहेको हुन्छ ? अचानुको पिर खुकुरीले के बुझोस्, कहिले बुझेको थियो र ?

अग्नि बल गर्ने मान्छेको मौलिक संस्कार संस्कृतिको अन्तर्घुलन गरी पुर्खाले नयाँ पुस्तामा पुस्तान्तरण गर्दै आएको मान्छेको वास्तविक चरित्र यस्तै यस्तै पाइन्छ । वर्तमान आएर यसैमा ठोकिन्छ र यसरी नै घाइते हुन्छ । हिजो यस्तै रह्यो, आज उस्तै छ, भोलिको नियति दुरूस्तै रहने सम्भावना मान्छेसँगै छ । ♦♦♦

## गजल



✍ **युगीन रेग्मी**

तिमीलाई माया गरे तर पाउन सकिन
तिम्रो सिउँदो हेरे तर सिन्दुर लाउन सकिन
मैले माया गर्छु भन्ने तिमीलाई थाहा थियो
तर पनि तिम्रो मनमा म आउन सकिन ।

जे नहुनु थियो, त्यही भयो यो जीवनमा
तिमीसँग हाँस्दै खेल्दै जीवन बिताउन सकिन
तिम्रो पाउमा काँडा बिझ्दा अझै पनि दुख्छ मलाई
तर पनि तिम्रो बाटोको काँडा पन्छाउन सकिन

तिम्रो नाममा लेखेका यी मेरा सिर्जनाहरू
पानाबाटै च्याती गए तिमीलाई सुनाउन सकिन
पूजा गरी यो आत्मामा तिमीलाई सधैं राखे पनि
यर्थाथमा यो मुटुमा तिमीलाई बसाउन सकिन

# कोभिड-१९"साइबर अपराध र यसबारे जानकारी"



✍ **ई. कुमार अभिनव**

विश्वमा प्रौद्योगिकीको बढ्दो प्रयोगसँगै त्यसमा चुनौती पनि बढ्नु नौलो कुरा हैन । हाल साइबर अपराधीहरूले आकस्मिक फाइदा लिनका लागि युवायुवतीहरूलाई आफ्ना प्रलोभनमा पार्न विभिन्न माध्यमबाट कोसिस गरिरहेका छन्। मुख्यतः यसले (साइबर अपराधी) इन्टरनेट प्रयोगकर्ताहरूबाट महत्वपूर्ण डाटा चोर्न वा प्रयोगकर्ताको उपकरण नियन्त्रण गर्न र भविष्यको आक्रमणको लागि तयार गरिरहेका छन्।

**साइवर अपराध भनेको के हो?**



साइबर अपराध अपराधको एक प्रकार हो जसमा कम्प्युटरलाई अपराधको वस्तुको रूपमा लिइन्छ।

साइबर अपराध भनेको कम्प्युटर नेटवर्क मार्फत गरिएको आपराधिक गतिविधि हो। जबकी अधिकतर साइबर खतरा साइबर अपराधको लागि नाफा कमाउन गरिन्छ। जसमा कम्प्युटरलाई ह्याकिङ्ग अपराधको फिशिंग रूपमा मानिन्छ र यो कुनै अपराध वा अपराधी (चोरी, जासुसी, बाल अश्लीलता, र अन्य घृणा अपराधहरू) आदि गर्नका लागि एक उपकरणको रूपमा प्रयोग गरिन्छ । जसले यो साइबर अपराध गर्छ त्यसलाई साइबर अपराधी भनिन्छ । त्यस्ता साइबर अपराधीहरूले व्यक्तिगत जानकारी, फिशिंग, आदिमा पहुँच प्राप्त गर्न इन्टरनेटको प्रयोग गर्दछन् र संगठन वा व्यक्तिको व्यक्तिगत जानकारीलाई भाइरल बनाउनका लागि इन्टरनेटको व्यापक प्रयोग गर्दछन्।

**साइवर अपराधको नकारात्मक प्रभाव**


आजको युग इन्टरनेटमा आधारित छ। आजको युगमा प्रत्येक मानिस सूचना प्रविधिसँग जोडिएको पाइन्छ र धेरै मानिसहरू साइबर अपराधको चपेटामा पनि परिसकेको देख्न सकिन्छ। विश्व यस महामारीबाट गुज्रिरहेको बेला यस साइबर अपराधले झन् भयावह स्थिति सिर्जना गरेको पाइन्छ। इन्टरनेटले हाल समाजमा विकृति पैदा गरेको छ। यसले समाजमा बाल यौन दुराचारलाई बढावा दिएको छ। हाल साइबर अपराधमध्ये प्रमुख अपराध निम्न छनः-



**साइबर बुलिङ (बदमासी)**

विज्ञान तथा प्रविधिको युगमा सामाजिक सञ्जालमा मानिसको दिनचर्या बितेको देख्न सकिन्छ । अहिलेको युगमा सामाजिक सञ्जालको उपयोगबाट कोही व्यक्ति पनि वञ्चित छैन । करिब ६० प्रतिशतभन्दा बढी महिलाहरू भारतमा साइबर बुलिङको ( बदमासी) शिकार भएको देख्न सकिन्छ र नेपालमा पनि प्रायः स्कूल तथा कलेजका युवायुवतीहरू यसको सिकार भएको देख्न सकिन्छ। उदाहरणको रूपमा भारतको बनारसमा एक जना कलेजको आफ्नै एउटै कक्षाको युवाले आफ्नै कक्षाको केटी साथीलाई प्रेम प्रस्ताव राख्यो र केटीले पछि उनको प्रस्तावलाई अस्वीकार गर्दा त्यही केटाले त्यस केटीको सामाजिक सञ्चालनमा भएको फोटोको दुरूपयोग गरी त्यो केटीलाई मानसिक तनाव दिन सुरू गऱ्यो । केटीले त्यसलाई सहन नसकी आत्महत्या गर्न बाध्य भइन् । सामाजिक सञ्जालमा हामीले अनेक व्यक्तिसँग विभिन्न माध्यमबाट कुराकानी गर्छौं। कहिलेकाँही सुरूमा हामी यो पनि बुझ्न सक्दैनौं कि कसैले हामीलाई अनलाइन धम्काउँदैछ ? कुनै अनभिज्ञ व्यक्तिहरूसँग हामीले गरेको कुराकानी उनीहरू स्क्रीनशर्टको माध्यमबाट विभिन्न ठाउँमा प्रस्तुत गरिरहेको हुन्छ । समाजिक संजालको माध्यमबाट व्यक्तिको आचरण माथि प्रश्न उठाउने शैलीलाई साइबर बुलिङ (बदमासी) भनिन्छ। यस्ता प्रकृतिका घटना दिनदिनै बढिरहेको पाइन्छ जसले महिलाको समाजिमा प्रतिष्ठामा प्रश्न उठाएको देख्न सकिन्छ ।

## ऐड क्लिकर



सामाजिक सञ्जालको माध्यमबाट नवयुक्त युवाहरूलाई प्रलोभनमा पार्न यस विधिको अत्यन्तै प्रयोग गरिएको पाइन्छ । यस विधिमा, साइबर अपराधीले (ह्याकर) कलेजका युवायुवतीहरूलाई विज्ञापनमा क्लिक गर्न लगाई लोभ्याउने कोसिस गर्दछ । उदाहरणको रूपमा जब तपाइँ कुनै वेबसाइटमा जानुहुन्छ, तब तपाईंले विज्ञापन देख्नुहुनेछ जहाँ “Congratulations you won lottery of 10000” लेखिएको हुन्छ। जब प्रयोगकर्ताले यसमा क्लिक गर्दछ, तब उसको डेटा गोप्य रूपमा चोरी हुन्छ। यो एक प्रकारको युवायुवतीहरूलाई फसाउने जाल हो ।

## फिशिंग अटैक

साइबर अपराधीहरूले सबैभन्दा बढी फिशिंग अटैक मार्फत युवायुवतीहरूलाई फसाउन बढी प्रयोग गर्दछन्। उदाहरणको रूपमा कोभिड-१९ महामारीको समयमा विश्वका विभिन्न मुलुक तथा संस्थानहरूले कोभिड-१९ कोष सञ्चालन गरेको थियो । त्यस समयमा साइबर अपराधीहरूले कोभिड-१९ को नाममा फेक कोष सञ्चालन गरी फेसबुक, भाइबरमा सूचना पठाएर इन्टरनेट प्रयोगकर्तालाई यस लिङ्कमा क्लिक गर्न बाध्य पारिरहेको परिस्थिति सिर्जना गरेको थियो र लिंकमा क्लिक गर्नासाथ व्यक्तिको व्यक्तिगत सूचना, पासवर्ड, पैसा जस्तो अति आवश्यक सूचना बाहिर आएको सुन्न सकिन्छ । यसरी हुने विधिलाई फिशिंग अटैक भनिन्छ ।

यस कोभिड-१९ महामारीको




समयमा साइबर अपराधी (ह्याकर)द्वारा लाखौं मानिस यस अटैकमा फसेको देख्न सकिन्छ।

## साइबर अपराधको रिपोर्ट कहाँ र कसरी गर्ने ?

ती व्यक्तिहरू जो साइबर

अपराधको शिकार हुन्छन्, समाजको डर र त्रासले यसबारे बोल्न चाहदैनन् । धेरै मानिसहरू साइबर अपराधको रिपोर्ट कहाँ र कसरी गर्ने भन्ने अन्योलमा हुँदा अपराधीहरूको मनोबल अझै उच्च भएको देख्न सकिन्छ।जसकारण समाजमा दिन प्रति दिन साइबर अपराध वृद्धि भएको देख्न सकिन्छ। यदि तपाई कुनै साइबर आपराधमा पर्नु भयो भने नजिकको प्रहरी कार्यालय वा प्रहरी प्रधान कार्यालयको साइबर ब्यूरोमा गएर उजुरी दिन सक्नु हुन्छ। यदि तपाई भौतिक उपस्थिति हुन सक्नु भएन भने नेपाल प्रहरीको ईमेल cyberbureau@nepalpolice.gov.np वा spokesperson@nepalpolice .gov.np वा साइबर ब्यूरोको सम्पर्क नम्बर ०१-४२१९०४४, ०१-४२१९०४८, ९८५१२८६७७०मार्फत पनि उजुरी दिन सक्नु हुन्छ। साइबर शाखाले अनलाईन तथा अपलाईनमा दिइएको उजुरीमाथि अनुसन्धान गर्दछ।

**साइबर अपराधबाट कसरी बच्ने?**

कुनै पनि अज्ञात साइटमा आफ्नो व्यक्तिगत विवरण साझेदारी नगर्नुहोस् । तपाईंको जन्मदिन, बीचको नाम वा प्रेमिकाको नाममा आधारित छ भने त्यस्ता नामको पासवर्ड प्रयोग नगर्नुहोस् । ह्याकरहरूले यस प्रकारको पासवर्ड सजिलैसँग तोड्न सक्छ। त्यसैले कडा पासवर्डको प्रयोग गर्नुहोस् उदाहरणको रूपमा (Nepal@#321)। कुनै पनि अज्ञात साइटमा आफ्नो व्यक्तिगत विवरण साझेदारी नगर्नुहोस्। कहिल्यै अनावश्यक सफ्टवेयर वा एपलिकेशन जस्तै डेटिंग ऐप, अनलाइन गेमिंगलाई अज्ञात स्रोतबाट इन्स्टल नगर्नुहोस्। जब तपाई ईमेलहरू जाँच गर्दै हुनुहुन्छ वा मेसेन्जरमा च्याट गर्दै हुनुहुन्छ, तब कुनै पनि अज्ञात व्यक्तिले पठाएको सन्देशमा संलग्न लिंकमा क्लिक गर्दा होसियार हुनुहोस् । ♦♦♦

**लेखक इन्जिनियर तथा साइबर सुरक्षा विश्लेषक हुनुहुन्छ ।**

**गजल**



✍ **प्र.ह. मानबहादुर बोहरा**

बसन्तको लहर सम्झें,
गजलको बहर सम्झैं ।
उनले दिएको सुन्दर,
सपनीको सहर सम्झैं ।
प्रेममा त विश्वास हुन्छ,
जिन्दगीको ठहर सम्झैं।
अन्धकारको यो जिन्दगीमा,
प्रभातको प्रहर सम्झैं ।

# बिग्रदो वातावरण-अतितदेखि वर्तमानसम्म



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

**क) सार**

वातावरणीय क्षेत्रमा जनचेतनाको वृद्धि, संस्थागत दरिलो प्रबन्ध, विषादीहरूको सुरक्षित विसर्जन, राष्ट्रिय महत्वका सम्पदाको संरक्षण ध्वनि, वायु र जल प्रदूषणमा कमी, सहरीक्षेत्रका नदीहरूको प्रदूषण न्यूनीकरण र वातावरण सम्बन्धी महासन्धिहरूको कार्यान्वियनमा पूर्ण उपलब्धि हासिल गर्न तय भएका हाम्रा योजनाहरूले गर्न भने सकेका छैनन्। विगतको तुलनामा वातावरणीय समस्या भने झन् झन् जटिल बन्दै गएको र काठमाडौं उपत्यकामा बढ्दै गएको प्रदूषण, विश्व सम्पदा सूचीमा रहेको बागमती नदीमा विगत तीस वर्ष यतादेखि नै जलचरहरू नपाइने स्थिति देखा परेको छ । अन्य सहायक नदीहरू विष्णुमती, टुकुचा, धोबीखोला, मनहरा, बल्खु, नख्खु, गोदावरी, हनुमन्ते, साङ्ला, कोड्कु खोला समेत प्रदूषणले आक्रान्त बन्दै गरेको परिप्रेक्ष्यमा नेपालको विगतदेखि वर्तमानसम्ममा जल, जङ्गल, जमीन, जलवायु परिवर्तन एवं जैविक प्रतिबद्धता र जैविक विविधताको अपार भण्डार नेपालमा देखा परेका समस्या एवं चुनौतीहरूको विश्लेषण गर्नु यस लेखको मुख्य उद्धेश्य रहेको छ ।

**ख) पृष्ठभूमिः**

प्राकृतिक वातावरणको संरक्षण, पुनर्स्थापन र बुद्धिमतापूर्ण उपयोगमा जोड दिने, सहरी प्रदूषणलाई रोकथाम गर्ने र ग्रामीण क्षेत्रलाई स्वच्छ, सफा, हराभरा सुन्दर पारी स्वच्छ वातावरणमा मानिसहरूलाई बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गर्दै वातावरण व्यवस्थापन सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्ने मूल उद्धेश्य लिएर विगतका योजना हाम्रा सामु प्रस्तुत भएका थिए ।

छैठौं पञ्च वर्षीय योजना अवधि देखिनै हाम्रो मुलुक वातावरण प्रति सचेत हुँदै आएको हो । हाम्रो मुलुकले दर्शाएको अन्तर्राष्ट्रिय प्रतिबद्धता, वातावरण सम्बन्धी सन्धि, महासन्धिलाई

अनुमोदन गर्दै दिगो विकासको अवधारणालाई आत्मसात् गर्दै वातावरण निर्देशिका २०५३, वातावरण संरक्षण ऐन २०५३ र नियमावली २०५४ कार्यान्वयन हुँदै आएको हो । सहश्राब्दी विकास लक्ष्य र नेपालको दिगो विकासको एजेण्डामा वातावरणीय पक्षलाई उच्च प्राथमिकता दिइएको हो । स्थानीय स्तरमा वातावरण सुधार कार्यक्रम, जनचेतना अभिवृद्धिका कार्यक्रम, जिल्ला विकास समितिहरूले योजना तर्जुमा गर्दा वातावरणीय पक्षलाई समावेश गर्ने कार्य, वातावरण शिक्षा तर्फ प्राथमिक तहदेखि विश्व विद्यालयस्तरसम्म शिक्षाको पठन पाठन चालु भएर राष्ट्रिय स्तरका उच्चस्तरीय जनशक्ति उत्पादनका कार्यसम्म यस क्षेत्रबाट भएका छन् ।

वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन गर्ने क्रममा जलवायु परिवर्तन सम्बन्धी महासन्धि अनुरूप राष्ट्रिय सूचनाहरू तय गर्ने, मरूभूमिकरण सम्बन्धी महासन्धि कार्यान्वयन स्थितिको राष्ट्रिय प्रतिवेदन तयार गर्ने कार्यदेखि ओजोन तह संरक्षण सम्बन्धी महासन्धि कार्यान्वयनका सन्दर्भमा ओजोनतहलाई विनाश गर्ने वस्तुहरूको पैठारीमा रोक र यस्ता पदार्थको उपयोग नियन्त्रण नियमावली २०५७ समेत कार्यान्वयन हुँदै आएको हो ।

हाम्रो मुलुकमा भएको जथाभावी वन फँडानी, अव्यवस्थित बसाइँसराइ, अवैज्ञानिक एवं परम्परागत पद्धतिमा आधारित कृषि प्रणाली, अव्यवस्थित र अवैज्ञानिक सहरीकरण, सहर केन्द्रित जनघनत्व, बाढी, पहिरो र आगजनीको समस्यादेखि आधुनिक प्रविधिको अभाव, प्रकोपको सम्भावित क्षेत्रको नक्साङ्कन गर्न नसकिएको, आवासीय उच्च भवनहरू निर्माण गर्दा न्यूनतम आवश्यक मापदण्ड तय हुन नसकेको जस्ता विकराल समस्याहरूले गर्दा हाम्रो वातावरणीय समस्याले हाम्रै लागि ठूला चुनौतीहरू प्रस्तुत गरिरहेका छन् । काठमाडौँको धुवाँ, धूलो, ट्राफिक जाम, ढल निकासको समस्या, पिउने पानीको अभाव र उपत्यकालाई सरस बनाउने प्रमुख नदीहरूको दर्दनाक अवस्था हेर्दा जो कोहीलाई पीडा र छट्पटाहट हुनु स्वभाविक हो ।

विकीरणयुक्त धुवाँ फैलाउने काठमाडौँका इट्टाभट्टाहरू हाल कम भए पनि ढुंगा खानी एवं क्रसर उद्योगबाट पर्ने वातावरणीय समस्या उस्तै रहेको छ । बिहानैदेखि क्रसर उद्योगमा सुरू हुने धूलो र यातायातको चापले जीवन संचालन कष्टकर बनेको छ । क्रसरको धूलोले खोलाको पानी प्रदूषित भएर छेउ, किनाराका बस्तीहरू बढी मारमा

पर्ने गरेको छ । ढुंगाखानीको कारण पानीको मुहान सुकेको, वनक्षेत्र अतिक्रमण भएको र धुवाँ धूलोका कारण दम र छातीको रोग बढ्दै गएको पनि देखिन्छ । उपत्यका वरिपरिका गाउँमा पानीको मुहान समेत सुक्नाले ग्रामीणभेगी जनताको जीवनसमेत पीडाग्रस्त बनेको छ भने सहरीक्षेत्रमा अधिक रूपमा संचालन भई रहेका पुराना थोत्रा गाडीहरू र तिनले फाल्ने विषाक्त धुवाँका कारण जीवन थप कष्टकर बनेको छ ।

**ग) राजधानीको समस्या :**

पूर्वीय दर्शनले प्रकृति संरक्षणमा जोड दिएको छ । अथर्ववेदले पर्यावरणको रक्षा, प्राकृतिक सुन्दरता, हराभरा संसार, जीवन्त जीवन, पर्यटकीय विकास, पानी र जीवन, वायु र जीवन, माटो र जीवन, ध्वनि र जीवन, सौर्य ऊर्जा र जीवनलाई एक अर्काको परिपूरक मानेको छ । वैदिकभूमि र पूर्वीय संस्कार, संस्कृति र सम्पदाको स्रोत केन्द्र सगरमाथा बोकेको नेपालीभूमि र नेपालको ओजोनतहमा देखा परेको वातावरणीय समस्याले दिन प्रति दिन उग्ररूप लिंदैछ । जलवायु परिवर्तनदेखि प्राकृतिक वस्तुको स्रोत केन्द्रको चेतना वृद्धिसम्मका लागि सरकारले विगतमा मन्त्रिपरिषद्को बैठक नै सगरमाथाको आधार शिविर कालापत्थरमा राखेर विश्व चेतना अभिवृद्धि गर्ने कार्य गरेको थियो तर बत्तीमुनि अँध्यारो भने जस्तै काठमाडौंकै मुटु मुख्य नदीहरूमा जीवन पटक्कै नपाइनुले आजभन्दा भोलिको काठमाडौं सहर थप जटिल हुदैछ ।

काठमाडौंमा भएको अव्यवस्थित सहरीकरणका कारण, सिमेन्टका ठूला खम्बाहरूभैं ठूला भवनहरू देखा परेका छन् । तर ती भवनमा रहने मानिसहरूबाट निस्कासन भएको प्रदूषणको कारण काठमाडौंको स्रोतभूमिको पानी प्रदूषित बनेको छ । नदीहरूमा अक्सिजन शून्य छ । वागमती, विष्णुमती आदि उपत्यकाका धेरै सहायक नदीहरूमा अब जीवन छैन । वागमतीको कटुवालदहदेखि पशुपतिको आर्यघाटसम्म १२.५ कि.मि. क्षेत्रमा कुनै जलचर भेटिदैनन् । हिउँदमा मात्र होइन वर्षायाममा पनि यी नदीहरूमा अब पानी होइन ढलमात्र बग्छन् । पशुपतिदेखि सुन्दरीजलसम्मको मुहानक्षेत्र पनि अब तीव्ररूपमा विषाक्त हुने क्रम जारी छ । एउटा अध्ययन प्रतिवेदन अनुसार वि.सं. २०४७ सालसम्म कटुवालदहदेखि थापाथली पुलसम्म मात्र जलचर थिएनन् । तीस वर्ष पछि अब पूरै नदीमा चलचर छैनन् । अक्सिजन नहुँदा पनि बाँच्ने काइरोनोमिड र ओलिजोकेड जीव मात्र यहाँ बाँकी रहेको

छ, जुन गड्यौँला प्रजातिमा पर्छ । नदीमा पूरै ढल बग्ने र मुहानको पानी वितरणमा प्रयोग भएकाले अब उपत्यकाको मुख्य नदीहरूमा जीवन्तता नपाइने भएको छ । सडक, सिमेन्ट, ढल आदिको कारण आकाशबाट परेको पानी पनि जमिनले सोस्न सक्ने अवस्था नहुँदा जमिनमुनिको पानी पनि विषाक्त बनिसकेको छ । जलचर, वनस्पति र अक्सिजन नपाइने पानी प्रयोग योग्य हुँदैन । सामान्यतया एक लि.शुद्ध पानीमा १.५ मि.ग्रा. सम्म एमोनिया रहेको पाइएको छ । जसको कारणले महामारी रोग, झाडापखाला आदिको समस्या झन् थपिने देखिएको छ । सामान्यतया पिउन योग्य १ लि. पानीमा ७-८ मि.ग्रा. अक्सिजन हुनु जरूरी छ तर उपत्यकामा बन्ने नदीहरूको पानीमा अक्सिजनको मात्रा शून्य प्रायः देखिएको छ । सुन्दरीजल - कटुवालदहको २७.५ कि.मी. दूरीको अवस्था यस्तै छ । सहायक नदीहरू पनि सबै यस्तै हुने क्रममा छन् ।

**घ) विश्व परिवेशमा नेपाल**

झण्डै ७ अर्ब मानिसहरू रहेको यस विश्वमा ३५ करोड मानिसहरू पानीको चरम संकटमा छन् । ब्राजिल पछिको विद्युतीय ऊर्जा स्रोत पानीमा दोस्रो स्थान ओगटेको नेपालमा असंख्य नदीनालाहरू छन् । तर पनि शुद्ध पिउने पानीको संकट यही धेरै छ । काठमाडौं सहरका धाराहरूमा पानी चुहिन छोडेका छन् । काठमाडौं उपत्यकाका सबै जसो वितरित पानीको शुद्धता परीक्षण गर्ने हो भने प्रदूषण मिसिएको नै पाइन्छ । विषाक्त प्रदूषणकै कारण सहरका बजारमा अत्यधिक बिक्री वितरण हुने तरकारी एवं फलफूलका कारण पनि यहाँका मानिसहरूले आफ्नो आयु क्षीण गरिरहेका छन् । कृषि बालीको विविधता पनि गुमिसकेकाले आगामी दिनमा खाद्य संकट पनि चरम सीमामा पुग्ने कुरामा दुई मत छैन ।

हाल जलवायु परिवर्तका कारण वैशाख जेठमा फुल्ने लालिगुराँस माघ-फागुनमा फुल्न थालेको छ । ऐँसेलु, काफल आदि एक महिनाअघि नै फल्न थालेका छन् । वसन्तमा पात झर्ने वृक्ष शिशिरतिरै झर्न लागेको छ । अति चिसो मीनपचास भनिने पचास दिनको समय अब पच्चीस दिनको हुन गएको छ । मुस्ताङको स्याउमा अधिक तापक्रममा देखिने किराहरू देखिन थालेका छन् । स्याउ फल्ने कीर्तिपुरको बागवानीमा सुन्तला बढी फल्न थालेको छ । तराइमा फल्ने बेल, बयर, जामुन हाल एक महिना अघि नै फल्न फुल्न थालेको छ ।

जलवायु परिवर्तका कारण

जैविक प्रजाति माथि पनि थप संकट पैदा हुन थालेको छ । पानीका स्रोत, जीव प्रणाली र मानवीय स्वास्थ्यमा प्रतिकूल असर परेको छ । तराइको ६० मिटर उचाइदेखि हिमाली हिमरेखासम्मको वनस्पति तथा जैविक विविधतामा असर पुगेको छ । फलस्वरूप फल फुल्ने, फल लाग्ने, पात झर्ने समयमा परिवर्तन देखा पर्दैछ भने होचो ठाउँमा हुने वनस्पति अग्ला ठाउँतिर पाइन थालेका छन् ।

जैविक प्रजातिका दृष्टिले विश्वको ०.००३ र एसियाको ०.३ प्रतिशत भूभाग नेपालले ओगटेको छ । तराइको समथर क्षेत्र ६० मि. देखि सर्वोच्च शिखर सगरमाथा १९३ माइलसम्म र पूर्व पश्चिम ८८५ माइल भूभाग रहेको नेपालमा ५ किसिमको भौगोलिक वातारण पाइन्छ । त्यस्तै ३५ किसिमको वन क्षेत्र, १३ किसिमको हावापानीले गर्दा जैविक विविधताको प्रचुर संभावना पछि छ । पूर्वको ताप्लेजुङदेखि पश्चिमसम्म फैलिएको झण्डै तीन हजार कि.मि. भूभागमा सधैँ सेता हिमाल देखिन्छन् भने दक्षिणतिर फैलिएका समथर जमिन त्यस बीचमा पर्ने पहाड, खोला, थुम्का, उपत्यका, पतझर र कोणधारी जंगलले गर्दा मुलुकको शोभा थप रमणीय देखिएको छ । फलस्वरूप विश्वमान चित्रमै नेपाल सुन्दर रहेकाले विश्वकै लागि पर्यटकीय स्थल पनि बन्न पुगेको छ । विविध हावापानी र विविध जाती प्रजातिका जीवजन्तुको बासस्थान रहेका हाम्रो मुलुकको सौन्दर्यमा विगत केही सयम यतादेखि नकारात्मक परिदृष्यहरू देखा पर्न थालेका छन् । ०.०८ डिग्री का दरले तामक्रम वृद्धि हुनाले हिमालमा हिउँ कम भएको र समग्र नेपालमा वार्षिक ०.६ प्रतिशतले तापमान वृद्धि हुनाले हिमाली क्षेत्र र अन्य क्षेत्रमा गतिविधिहरूमा असर पर्न गएको छ ।

विश्वमा पाइने १० हजार थरी माछा मध्ये करीब २ प्रतिशत अर्थात १८७ थरी र विश्वमा पाइने १२६५० हर्पेट मध्ये करीब २ प्रतिशत अर्थात १९५ थरी नेपालमै पाइन्छ । पुतली, माकुरा प्रजातिका लागि पनि नेपाल नै अग्रस्थानमा छ । नेपालमा रहेका असंख्य खोलानाला, नदी, तलाउ, हरियाली डाँडा, पाखा, थुम्का, भीर, पहाड, समथर भूभाग, हिमाल, गल्छी, उपत्यका आदिका कारण विविध वातावरणीय प्रणालीका बहुसंख्यक जीवजन्तुको संगमस्थल नेपाललाई मानिन्छ । त्यति मात्रै होइन विश्वकै दुर्लभ एक सिंगे गैंडा, लोपोन्मुख अवस्थाका पाटेबाघहरू, अर्ना, हिमचितुवाहरूदेखि हाब्रे सम्मका जीवजन्तुहरू पनि यही छन् । विश्वमै

दुर्लभ चराहरू, माछा, सर्प र मुसाहरू पनि यहीं पाइन्छन् ।

त्यस्तै कालीगण्डकीको सेरोफेरोमा पाइने सबै खाले वनस्पति र कालीगण्डकीदेखि दार्चुलासम्मको हिमालयक्षेत्रमा युरोपियन हावापानी एवं वनस्पति पाइने गर्नाले पनि हाम्रो मुलुक वनस्पति विकासमा मात्रै होइन पर्यटकीय विकासमा पनि ठूलो महत्व राख्दछ । विश्वमा फूल फुल्ने प्रजातिका झण्डै ६ हजार र फूल नफुल्ने झण्डै ४ हजार प्रजातिका वनस्पतिहरू छन् । वनस्पति विभागका अनुसार प्राकृतिक प्रणालीका ३५ किसिमको वन हामी सँगै छ । विभागका अनुसार २५० प्रजातिका मौलिक वनस्पति नेपालमै पाइन्छ । त्यस्तै ५७१ थरीका औषधीजन्य गुण भएका वनस्पतिहरू पनि यहीं छन् । विश्व वनस्पति भण्डारको रूपमा रहेको नेपालको जैविक विविधतामा आँच आउनु भनेको सबैका लागि कष्टपूर्ण स्थिति पैदा हुनु हो । प्रजाति सम्भाव्यताका दृष्टिले विश्वमै पच्चीसौं स्थानमा र महाद्वीपीय दृष्टिले एघारौं स्थानमा पर्ने नेपाल आफैंमा समृद्ध हुनुपर्ने हो । बढी वर्षा हुने स्थल पोखराको लुम्ले र कम वर्षा हुने स्थल मनाङ्ग, मुस्ताङ्ग र डोल्पा यहीं पर्छ । सबैभन्दा अग्लो १५ मि. सम्मको गुराँसको बोट यहीं पाइन्छ । जुन विश्वमा पाइने ८५० थरीका गुराँस मध्ये सबैभन्दा अग्लो हो ।

**ङ) हाम्रो चिन्ता, हाम्रो चुनौती र हाम्रै सम्भावना**

हाम्रो मुलुकमा जैविक विविधता महासन्धिको कार्यान्वयन गर्न जैविक विविधता रणनीति कार्यान्वयन योजनादेखि दिगो विकास सम्बन्धी कार्यक्रमहरू कार्यान्वयनमा आएको देखिएको र वातावरण संरक्षणका लागि सामुदायिक संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था एवं स्थानीय सरकारी निकायहरू समेत सक्रिय रहेको देखिए पनि वातावरण व्यवस्थापन गर्ने व्यवस्थित नीतिलाई विषयगत निकायको महत्व र प्राथमिकतामा नराखेको अनुभूति हुन गएको देखिन्छ । क्षेत्रगत नीति एवं कार्यक्रमहरूमा वातावरण नीति तथा कार्यक्रमको तालमेल हुन नसक्नु, अन्तर निकायहरू बीच समन्वय हुन नसक्नु, लक्षित समुदायसम्म वातावरण सचेतना कार्यक्रम पुग्न नसक्नु र दातृ निकायहरूबाट भएका कार्यक्रमहरू समन्वय हुन नसक्नु जस्ता समस्या हाम्रा सामु विद्यमान नै छन् ।

वातावरण सम्बन्धी स्वीकृत मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू केवल

पुस्तकालय अध्ययनका विषय मात्र बन्नाले पनि जीव र जन्तुदेखि मानिससम्मको बाँच्न पाउने हक सुनिश्चित भएको पाइदैन । वैदेशिक क्षेत्रबाट द्विपक्षीय सम्बन्धी जनशक्ति उत्पादन भईरहेको परिप्रेक्ष्य र अन्तर्राष्ट्रिय सन्धि सम्झौताप्रति मुलुकको प्रतिबद्धता वृद्धि हुदै आएको सुनौलो अवसर हामीले गुमाएनौं भने भविष्यमा अझै आशावादी हुन स्थान भने अझै देखिन्छ ।

प्राकृतिक वातावरणको संरक्षण र बुद्धिमतापूर्ण उपयोगमा जोड दिंदै सहरी प्रदूषणलाई छिट्टै रोकथाम गर्ने र ग्रामीण क्षेत्रका अधिकांश भूभागलाई स्वच्छ, सफा र सुन्दर पार्ने दीर्घकालीन सोचलाई सबैले मूर्त रूप दिन सकेमा पनि हाम्रो भविष्य थप आशावादी हुने नै देखिन्छ । प्रमुख तत्वहरू हावा, पानी माटो तथा ध्वनी प्रदूषणका थप मापदण्ड तयार गरी कार्यान्वियन गर्ने, वातावरणीय स्रोतहरूको संरक्षण गर्दै जाने, नेपाल पक्षधर वातावरण सन्धि सम्झौतालाई व्यवहारतः कार्यान्वियन गर्ने, क्योटो प्रोटोकल अर्न्तगतको स्वच्छ विकास संयन्त्रबाट लाभ लिन कार्वन व्यापारलाई प्रबर्द्धन गर्ने जस्ता कार्यहरू व्यवहारमा उतार्न सके पनि हाम्रो भविष्य हाम्रै पक्षमा रहेको देखिन्छ । काठमाडौं उपत्यका र सहरी क्षेत्रहरूका नदीहरूको सफाई कार्यक्रम, विषादीहरूको सुरक्षित विर्सजन, काठमाडौं उपत्यका भित्रका उच्च ध्वनि प्रदूषण हुने संवेदनशील ठाउको ध्वनि तह मापन, वायु गुणस्तर मापदण्डको अनुगमन, घरभित्रको प्रदूषण नियन्त्रणमा कानूनी व्यवस्था, सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण मापदण्डलाई कडाईका साथ कार्यान्वियन हुन सके पनि हाम्रो भविष्य सकारात्मक हुने देखिन्छ ।

विश्वले वातावरण बचाउ अभियान सुरू गर्नु पूर्व हजारौं वर्ष पहिलेदेखि नै नेपालको पूर्वीय वैदिक वाङमयले हावा पानी माटो, शुद्ध हुनुपर्ने अवधारणालाई आत्मसात गरेको हो । हामीले धेरै त्रासदीय सुनामीहरू देखे सुनेका छौं । विगतमा त अमेरिका पनि यसको अछुतो रहन सकेन । उत्तरपूर्वी अमेरिकाको ओहायोबाट उठेको भयङ्कर ठूलो आँधिबेहेरीले त्यस वरपरका धेरै क्षेत्रमा उत्पातै मच्चाएको थियो । आँधिवेहेरी सँगै आएको चक्रवातले सात जनाको मृत्यु, दर्जनौं भवनहरू ध्वस्त र सयौं सवारी साधनहरू नष्ट हुन पुगे । आधिकै कारण भूकम्प सरह भवनहरू हल्लिएर घरहरूका धेरै छानाहरू उडेको सनसनीपूर्ण खबर आयो । आँधि प्रभावित क्षेत्र युद्ध पछिको मैदान जस्तै देखिएको थियो ।

विश्वव्यापी तापक्रम वृद्धि र

अनौठो हिसाबले जलवायु परिवर्तन भई रहेको बेला वृहत् दैवी प्रकोप निम्त्याउन सक्ने कुरा सं. रा. संघीय मामिला निरूपण निकायले जनाएको थियो । अष्ट्रेलियाको सिड्नीमा आयोजित एक कार्यक्रममा जलवायु तथा मौसम सम्बन्धी अनियमित परिवर्तनले द्रुत गति लिएमा यसले बाढी, पहिरो, सामुन्द्रिक आँधि, अनावृष्टि, भूकम्प समेत निम्त्याउने कुरा पनि छलफलको मुख्य विषय बनेको थियो । विश्वका सबै राष्ट्र यस प्रति सचेत नहुने हो भने कुनै पनि भूभागमा महाप्रलय आउन सक्ने कुरा पनि हामी सबै सामु जगजाहेर भएको विषय हो ।

विषादीको प्रयोग गरी माछा मार्ने र नदीलाई थप विशाक्त बनाउने चलन पनि हामी कहाँ बढेको छ । यसै क्रममा जलचरको अस्तित्व मेटिनुको साथै विषाक्त माछाको सेवनले मानव जीवन रोगग्रस्त भएको खबरहरू पनि यहाँ नौलो छैन । विपन्न वर्ग या सोखैका लागि पनि यसो हुने गरेको छ । सिन्धुलीको कमला नदी, मरिण खोला, चौदाहा खोला, वाक्सु खोला यसै सेरोफेरोमा परेकाले सहर केन्द्रित मात्रै होइन काठमाडौं उपत्यका बाहिरका नदीनालाहरू पनि प्रदुषित भएको थप पुष्टि हुन्छ । विषादी सम्बन्धी ऐन धेरै समय अघि नै बने पनि व्यवहारमा यो लागु हुन नसकेको कुरा यस्ता क्षेत्र वरपर बस्ने बासिन्दाहरू बताउने गर्छन् ।

तराई र चुरेक्षेत्रमा हुने व्यापक वन फडानी पनि हाम्रो प्राकृतिक विपत्तिको अर्को कारक तत्व बनेको छ । जलवायु परिवर्तनको दृष्टिले नेपाल छैठौं जोखिम मुलुकमा पर्नाले पनि हाम्रा सामु गम्भिर समस्याहरू भएको पुष्टि हुन्छ । जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम अर्न्तगत विगतमा मुलुकका धेरै जिल्लामा विद्यार्थी समूहहरूबाट हस्ताक्षर संकलन कार्यक्रम सञ्चालन हुँदै आएको देखिनुले नयाँ पुस्ता यस तर्फ बढी आकर्षित हुने देखिन्छन् । कमजोर निर्माण सामग्रीको प्रयोगको कारण हाइटीमाफै नेपालमा फेरि भूकम्प जाने हो भने यहाँ ठूलो धनजनको क्षति हुने कुरा विश्वकै चासोको विषय भएकाले हामीले पनि यस तर्फ बढी ध्यान दिनुपर्ने हुन्छ ।

**च)ओजन, तापमान र जैविक विविधता**

जीवन संचालनका सामान्य कुरा डनलप, फ्रिज, हेयर ड्रायर आदिमा प्रयोग हुने कार्वन क्लोरोफ्लोरो ग्याँसका कारण अन्तरिक्षदेखि पृथ्वीमा आउने सौर्यकिरण विषाक्त बनेको छ । ओजोनतह पातलिएका कारण हानिकारक किरणबाट मानिसलाई

प्रत्यक्ष असर पर्न थालेको छ भने वस्तु उत्पादनका उद्योगहरूमा प्रयोग हुने विषाक्त रसायनका कारण जमिनमा रहने जीवजन्तुदेखि बालिनाली र मानिसहरूलाई आक्रान्त बनाएको छ । आधुनिक सर सुविधाले ल्याएको कृत्रिम विधि व्यवहार र प्रकृतिप्रतिको उदासीनताले गर्दा लाखौं वर्षपछि मात्र वृद्धि हुने गरेको तामक्रम हिजो आज केही दशकभित्रै वृद्धि भएको छ । त्यतिमात्र होइन समुद्रसतहको भारी वृद्धि हुंदैछ । सामुद्रीतटीय भागहरूमा आँधी, तुफान, सुनामी जस्ता बाढीहरूको प्रकोप बढ्दैछ । माछा र चलचर अन्य जीव जन्तु लगायत प्रकृति उपहार प्रयोग गर्ने मानव प्राणीलाई सिधैं समस्या खडा भएको छ । प्राकृतिक असन्तुलनका कारण पृथ्वीमा जति पनि विनाश भएका छन् ती मध्ये ७० प्रतिशत विनाश केवल जलवायुकै कारण हुने गरेको छ । प्रस्तुत पृष्ठभूमिमा पृथ्वीका प्राणीहरू खतरामा छन्, पूरै पृथ्वी खतरामा छ । हाम्रै वायुमण्डलमा ४५५ पिपिएम कार्वनडाइअक्साइड मात्रा छ, यसलाई हटाइएन भने घातक रोगहरूबाट बच्ने सम्भावना छैन ।

जलवायु परिवर्तनका कारण मानिसका सहयात्री जीवहरूको उपस्थिति न्यून हुन्छ । सन्तान उत्पादन प्रक्रियामा सिधैं असर पार्छ । वंशाणुगत बनावटमा फरक पार्छ । बसाइँसराइको तीव्र वृद्धि गराउँछ । शारीरिक आकार प्रकारमा फेरबदल गराउँछ । जनसंख्याको तथ्यांकमा भारी असर पार्छ र हानिकारक जीव, परजीवीहरूको वृद्धि समेतले त्रासदीय वातावरणको निमन्त्रणादेखि कडा रोगहरूको चापमा समेत वृद्धि गराउँछ ।

वात- हावा र आवरण- त्यसको ढकनी अर्थात वातावरणको सामान्य अर्थ हावा र त्यसको परिवेश भन्ने बुझिन्छ । हावा, पानी विना कुनै जीवात्माको कल्पना गर्न सकिन्न । वातावरण भन्नाले जैविक र अजैविक वस्तु एवं तत्वलाई समेत बुझाउँछ । हिजोआज वातावरणमा देखिएको समस्या जलवायु परिवर्तनको कारण हो । यसको प्रत्यक्ष असर पृथ्वीमा जीवहरू लोपोन्मुख हुने क्रममा भारी वृद्धि भएको छ । भूक्षय र माटोमा अम्लीयता बढेको छ । जनसंख्या वृद्धि र बसाइँसराइको कारण जमिनको अति प्रयोग भएको छ । हावा, पानी, माटो, तेज र शब्द अर्थात पञ्च तत्वबाट निर्मित जीव जगतले पछिल्ला दिनहरूमा इन्धनको खपत बढाएको छ । विकास र निर्माणको अनि भौतिक सुख सुविधाको नाममा प्रकृति दोहनमा भारी वृद्धि भएको छ । अति चरण, एकै जातिको वालीनालीबाट अति

कृषिकरणदेखि बढ्दो किटनाशको प्रयोगले वातावरण विषाक्त बनेको छ भने वनक्षेत्र र सिमसारक्षेत्रको कमीले वतावारण बढी विषाक्त बन्दैछ । आधा शताब्दी अघिसम्म ४५ प्रतिशत वनक्षेत्र भएको पृथ्वीको समग्र वातावरणीय प्रणाली नै गम्भीर संकटमा रहेको पृष्टि हुन आउँछ । वैज्ञानिकहरूका अनुसार पृथ्वीमा झण्डै १ करोडसम्म जीवजन्तुहरू रहेकोमा हाल केवल १४ लाख जति मात्र नामांकन हुन सकेको छ । यसरी जीवहरूको लोप हुने अवस्थाले जैविक विविधतामा थप संकट देखिएको छ । हावाको गुणास्तर, जलवायुको अशुद्धता, परागसेचनमा परेको प्रभाव, समग्र प्राकृतिक पर्यावरणीय प्रक्रिया सुविधामा मानिसहरूले ध्यान नदिने हो भने सम्पूर्ण मानव जगत एउटै चिहान हुन वेर लाग्दैन । ठूला-ठूला आणविक भट्टीहरूको प्रभाव, हातहतियारको होडबाजीदेखि ओजोन तहसम्मको क्षतिले यिनै कुराको संकेत गर्दैछन् ।

काठमाडौं सहरको ७० कि. मि क्षेत्रफलभित्र नाइट्रोजन अक्साइड, कार्वन मोनो अक्साइड, सल्फर अक्साइड एवं टोटल सस्पेन्डेड् पार्टिकुलेट्स प्रतिदिन ३३.९०, ६५६.२६, १८,.७४, १२६.१२६.०१, मेट्रिक टन क्रमशः उत्सर्जन भई रहेको एक अध्ययनले जनाएको छ ।

ड्रोन प्रयोग गरी काठमाडौं उपत्यकामा उत्सर्जन हुने प्रदूषणको मापन हुँदा यस्तो परिणाम देखिएको हो । उत्सर्जित वायु प्रदूषणको मात्रा विश्व स्वास्थ्य संगठनले तोकेको भन्दा ६ गुणाले र सन् २०१७/०१८ को मापदण्ड भन्दा यो ४ गुणाले अधीक छ । आँखाले नदेखिने केमिकलयुक्त कणहरूले शरीरको रक्त नली एवं मुटुलाई प्रत्यक्ष आघात पुऱ्याउँछ । काठमाडौं उपत्यकाको वायुमण्डलमा ठोकिएको प्रदूषण उपत्यकाको आकाश भन्दा बाहिर जान सक्दैन । उडेर फेरि भूमितिरै फर्कन्छ । उत्तरतिरको चिसो हिमालय र दक्षिणतिरको महाभारत पहाड बीचमा कचौरा आकारको काठमाडौं उपत्यका जहाँबाट उठेको वायुले माथितिर ढकनी बनाएर चिसिएर आफैंतिर फर्कन्छ । अझ बिहानीपख त यहाँको हावा डेढ दुई सय मिटरभन्दा माथि जानै सक्दैन ।

हामीले घरायसी प्रयोजनबाट निकालेको प्रदूषणलाई ८० प्रतिशत, यातायात क्षेत्रबाट निकालेको प्रदूषणलाई ७० प्रतिशत र हाम्रा औद्योगिक कलकारखानाबाट निस्कने गरेका प्रदूषणलाई ६० प्रतिशतले घटाउन सक्ने

हो भने तोकिएको मापदण्डमा आउने सम्भावना छ जुन असम्भव नहोला तर दुरूह पक्कै छ । लाखौं मात्राका सवारी सधान त्यो पनि धेरै पुराना र थोत्रा, मापदण्ड विपरितका, पुराना ईटाभट्टाहरू, जथाभावी जलाउने गरिएका फोहोरहरू, घाट मसान घाटहरू बाट हुने प्रदूषण जस्ता अनेकौं कारणले हामी र हाम्रो वायुमण्डल प्रदूषित छ ।

सबै बेला सहज विद्युत आपूर्ति हुने, सार्वजनिक परिवहनहरू विद्युतीय प्रणालीमा सञ्चालन हुने, इन्धन शुद्धिकरण हुने, सवारी साधनहरू को राम्रो र समयमा मर्मत सम्भार हुने ईटा भट्टाहरूको राम्रो व्यवस्थापन हुने, जथाभावी रूपमा फोहोर नजलाउने गर्नाले पनि हाम्रो वायुमण्डल प्रदूषित हुनबाट बच्ने छ । विगतका अध्ययनहरूले पनि काठमाडौं लगायत दिल्ली ढाका आदि सहरहरू वायु प्रदूषणका हिसाबले अग्रणी स्थानमा भएको देखाएको छ । विश्वका १८० प्रदूषित सहरमध्ये नेपाल १७६ औं स्थानमा पर्छ । दक्षिण एशिया क्षेत्रमा नेपाल, भारत र बंगलादेश वायु प्रदूषणको गुणस्तरमा सबैभन्दा खराब सूचीमा छन् यो हाम्रो बाध्यता र विवशता हो ।

♦♦♦

## मुक्तक



✍ **प्र.स.नि.मनिष अर्याल**

हिलो मैलो धुलो खेप्ने यो ज्यान चट्टान बनेको छ
खटिरहँदा विपत्तिमा आत्म सम्मान जागेको
मेरै राष्ट्रको सुरक्षाको खातिर नै त हो
परिआए प्रमाणकै आहुती दिनुपर्छ भने लागेको छ ।।

१

सबै हाँसीखुसी चाडबाड मनाई रहेको देख्दा
रत्तिभर पीर छैन, मैले स्वतन्त्रता गुमाए भनेर
गर्वको साथ आमाले भन्न सकुन
आहा मैले कस्तो सपुत जन्माए भनेर ।।

२

म जन्मेको कसले जान्यो जन्मिएछ यो भनेर
मरेको चाहिँ जुगले जानोस् अमर भए भनेर
वीरताको गाथाले संसारै ज्योति फैलाउनु छ
समृद्धिको गोरेटो अब सबै मिली पहिल्याउनु छ ।।

३

# नेपाली वैज्ञानिक डा बलराम जोशी



✍ **राजेशमान के.सी.**

नेपालको विज्ञान क्षेत्रमा गहकिलो योगदान पुऱ्याउने थोरै वैज्ञानिकहरूमध्ये डा. बलराम जोशी पनि पर्नु हुन्छ । उहाँको जन्म पिता हिमालयराज जोशी र माता श्रीमती चन्द्रकुमारी जोशीको कोखबाट वि.सं. १९८७ साल कात्तिक शुक्ल पञ्चमीका दिन काठमाडौंको डिल्लीबजारमा भएको थियो । उहाँ आठ महिनाको हुँदा आमाको र १५ वर्षको पुग्दा बुबाको निधन भएको थियो ।

डा.जोशीको शुभ-विवाह वि.सं. २००० सालमा भएको थियो । विवाह हुँदा डा. जोशी १३ वर्षको मात्र हुनुहुन्थ्यो । उहाँकी धर्मपत्नी श्रीमती अङगुरबाबा जोशी एक सुपरिचित शिक्षाविद् एवम् समाजसेवी हुनुहुन्थ्यो । श्रीमती जोशीको क्यान्सर रोगका कारण केही वर्ष अघि मात्र मृत्यु भएको थियो । विवाहपछि डा. जोशीको दम्पत्ती सँगसँगै पढ्न थाल्नुभयो र दुवैले एकै वर्ष सन् १९४८ मा म्याट्रिक पास गर्नु भएको थियो । त्यतिखेर एस.एल.सी. सरहको परीक्षा उत्तीर्ण भएपछि म्याट्रिक पास भन्ने गरिन्थ्यो । विद्यालयस्तरीय शिक्षा पुरा गरिसकेपछि डा. जोशीले काठमाडौंको त्रिचन्द्र कलेजबाट आइ. एस्सी. सन् १९५० मा अनि सन् १९५२ र सन् १९५४ मा क्रमशः बी. एस्सी भौतिक शास्त्रमा र एम.एस्सी भारतको वनारस हिन्दू विश्वविद्यालयबाट गर्नु भएको थियो । आणविक भौतिकशास्त्र अध्ययनको क्रममा डा. जोशीले “भ्यान डि ग्राफ जेनेरेटर” भन्ने एउटा यन्त्रको निर्माण गर्नु भएको थियो जुन यन्त्रले त्यतिबेला निकै चर्चा पनि पाएको थियो ।

सन् १९५४ तिरकै कुरा हो । एम.एस्सी. अध्ययन पूरा गरेपछि डा. जोशी स्वदेश फर्कनु भयो र त्रिचन्द्र कलेजमा प्राध्यापन गर्न थाल्नु भयो । झण्डै तीन वर्षसम्म प्राध्यापन कार्य गरिसकेपछि डा. जोशीले 'कोलम्बो

प्लान' अन्तर्गत छात्रवृत्ति प्राप्त गर्नुभयो र उहाँ सन् १९५७ मा विद्यावारिधी गर्न धर्मपत्नी श्रीमती अङगुरबाबा जोशी सहित बेलायततर्फ लाग्नु भयो । बेलायतमा रहँदा उहाँले ग्लास्गो विश्वविद्यालयमा अध्ययन गर्नु भएको थियो भने उहाँकी धर्मपत्नी श्रीमती अङगुरबाबा जोशीले चाहीं अक्सफोर्ड विश्वविद्यालयमा अध्ययन गर्नु भएको थियो । विद्यावारिधीमा डा. जोशीको अनुसन्धानसम्बन्धी कार्यपत्र Studies of Orbital Electron by Scintillation Counter Method भन्ने थियो जुन निकै उत्कृष्ट पनि मानिएको थियो । उक्त उत्कृष्ट कार्यपत्र प्रस्तुतिकै कारण डा.जोशी त्यहाँबाट प्रदान गरिने 'थमसन एवार्ड' नामक एक प्रतिष्ठित पुरस्कारबाट पुरस्कृत समेत हुन पुग्नु भएको थियो ।

सन् १९६१ मा विद्यावारिधी गरेर स्वदेश फर्केपछि डा. बलराम जोशीले त्रिभुवन विश्वविद्यालयको भौतिकशास्त्र विभागमा प्राध्यापन गर्न थाल्नु भयो । प्राध्यापनकै क्रममा उहाँले सन् १९६५ देखि सन् १९७१ सम्म विभागीय प्रमुखको जिम्मेवारी समेत सम्हाल्नु भएको थियो । त्यतिमात्र नभई आफ्नो ६ वर्षीय कालमा उहाँले त्यहाँ एउटा उच्च गुणस्तरीय प्रयोगशालाको पनि स्थापना गर्नु भयो । डा.जोशीले सन् १९७१ देखि सन् १९७८ सम्म यूनेस्कोका लागि भौतिकशास्त्रको सल्लाहकारको रूपमा यमनमा कार्य गर्नु भएको थियो भने सन् १९७८ देखि सन् १९७९ सम्म करिब एक वर्ष नाइजेरियामा यूनेस्कोकै सल्लाहकार भएर पनि कार्य गर्नु भएको थियो । आफ्नो सेवाकाल पूरा गरी स्वदेश फर्केपछि डा.जोशीले नेपाल भौतिकशास्त्र समाज (Nepal Physical Society) को अध्यक्ष पदको जिम्मेवारी सम्हाल्नुका साथै नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) मा विकीरण जाँच समितिको सदस्यको रूपमा आबद्ध रही देशको विभिन्न भागमा विकीरणको विभिन्न प्राकृतिक स्थितिका सम्बन्धमा पनि अध्ययन गर्नु भएको थियो ।

डा. बलराम जोशी हाम्रो जस्तो विकासोन्मुख मुलुकमा विज्ञानको विकास नभई अन्य क्षेत्रको विकास सम्भव नहुने धारणा राख्नुहुन्थ्यो भने उहाँकै अग्रसरतामा काठमाडौंको बागबजारस्थित पद्म कन्या क्याम्पसमा विज्ञान कक्षाको शुरूवात एवम् सञ्चालन समेत गरिएको थियो । नेपालका ग्रामीण क्षेत्रका बालबालिकाहरूलाई वैज्ञानिक शिक्षा दिने अभिप्रायले यूनेस्कोको 'एक्सन प्लान'अन्तर्गत उहाँकै अग्रसरतामा विभिन्न विद्यालयहरूमा वैज्ञानिक उपकरणका साथै प्रयोगशालाको सुविधा

समेत उपलब्ध गराइएको थियो । डा.जोशी केटाकेटीहरूलाई पनि औधी माया गर्नुहुन्थ्यो । माया गर्दा पनि उहाँ केटाकेटीहरूलाई नमूना जहाज बनाएर देखाउने, रेल-मोटर जस्ता खेलौना बनाएर देखाई वैज्ञानिक आविष्कारमा नै अभिप्रेरित गर्ने गर्नुहुन्थ्यो ।

त्यसोत बेलायतमा रहँदा डा. जोशीलाई आफू अध्ययनरत ग्लास्गो विश्वविद्यालयमै प्राध्यापक भएर काम गर्न पनि आग्रह गरिएको थियो । एउटा नेपालीको लागि कम महत्वपूर्ण सम्मान र अवसर थिएन त्यो । तर उहाँले सम्पत्ति आर्जन गरी विदेशमा ऐस आराम गरेर जिन्दगी बिताउनु भन्दा स्वदेशमै फर्केर आफ्नो जन्मभूमिको सेवा गर्नु श्रेयस्कर ठान्नु भयो ।

यस्ता महान् प्रतिभाशाली नेपाली वैज्ञानिक डा. बलराम जोशीको पछि स्वास्थ्य बिग्रदै जान थाल्यो । यसरी स्वास्थ्य बिग्रदै गएपछि वि.सं. २०४७ सालमा उहाँको मृगौला प्रत्यारोपण समेत गर्नु परेको थियो । मृगौला प्रत्यारोपण गरेपछि करिब ३ वर्ष सम्म त उहाँ स्वस्थ नै रहनु भएको थियो । तर मृत्युको अगाडि कसको के लाग्छ र ? अन्ततः वि.सं. २०५० साल मंसीर २४ गते ६३ वर्षको उमेरमा भारतको मद्रास अस्पतालमा उहाँको दुःखद् निधन भयो ।

♦♦♦

## गीत



✍ **होम थापा**

खुसी दिन्छु भन्थ्यौ तर रूवाएर गयौ
ज्यानै दिन्छु भन्थ्यौ जहर खुवाएर गयौ

तिम्रो हुने चाहनामा जति मरिमेटे पनि
माया र विश्वास गरि तिम्रै भर परे पनि
पिरतीको डोरी व्यर्थै चुडाएर गयौ
ज्यानै दिन्छु भन्थ्यौ जहर खुवाएर गयौ

सँगै हिँड्छु भन्ने आज डाँडा काटी गयो
साथ दिन्छु भन्ने आज परपर भयो
शीतल दिन्छु भन्थ्यौ आगो छुवाएर गयौ
ज्यानै दिन्छु भन्थ्यौ जहर खुवाएर गयौ

खुसी दिन्छु भन्थ्यौ तर रूवाएर गयौ
ज्यानै दिन्छु भन्थ्यौ जहर खुवाएर गयौ

बालकथा

# डमरु र बचेरा



✍ गङ्गा कर्माचार्य पौडेल

चिँचिँचिँ च्यार्रच्यार्रच्यार्र गरी जङ्गल छेउको बाटोमा एउटा चराको बचेरा रोइरहेको थियो । त्यही बाटो भएर एउटा डमरू कतै जादै थियो । डमरूले बचेरा रोएको देखेर उसको नजिकै गएर सोध्यो तिम्रो नाम के हो ? किन त्यसरी रोएको ?

बचेराले सुक्क सुक्क गर्दै भन्यो मेरो नाम चकचके हो । म नचली बस्न सक्तिन त्यसैले आमाले चकचके नाम राखि दिनु भयो । आज बिहानै तिमी थुपुक्क गुँडमा बसिरहनु म चारो खोज्न जान्छु भनेर आमा जानु भयो । मलाई एक्लै बस्न मनै लागेन र भुर्र उडेर यहाँसम्म आएँ । अहिले दुवै पखेटा दुखेर उड्नै नसक्ने भाको छु । अब के गर्ने होला ? भनेर फेरि रून थाल्यो ।

डमरूले बचेरालाई फकाउँदै भन्यो त्यसरी नरोउ न । हेर ! मेरो हालत पनि तिम्रो जस्तै छ । मेरो नाम छुकछुके हो । म पनि चुप लागेर एक ठाउँमा बस्नै सक्तिन । त्यसैले छुकछुके नाम आमाले नै राखिदिनु भएको। तिमी कतै नजानु, भित्रै बसिरनु म छिट्टै खानेकुरा ल्याउँछु भनेर आमा जङ्गलमा सिकार गर्न जानु भयो । उहाँ नभएको मौका छोपि म सुटुक्क बाहिर निस्कें । गुफाको बाटो अँधेरो थियो । मैले राम्ररी देखिन अनि भित्तामा डयाम्मै नाक ठोकियो । ई अहिलेसम्म रगत थामिएको छैन हेर त भनेर आफ्नो नाक छाम्यो ।

"ए ! होर ? अनि तपाईंको घर कता छ ? गुफामा किन जानु भको नि ?" बचेराले सोध्यो ।

"म आमासित गुफामा बस्छु । गुफानै हाम्रो घर हो" ।

"ए..अब कता जानु हुन्छ त ? बचेराले फेरि सोध्यो "।

"खै कता जाने जाने ? जता हेऱ्यो उतै जङ्गल देख्छु । गुफामा फर्कने बाटै भेट्दिन" डमरूले भन्यो ।

"मलाई कस्तो भोक लागि सक्यो । आमाले चारो ल्याएर पर्खि बस्नु भएको होला ? अब कसरी गुँडमा

फर्कने" भन्दै बचेरा फेरि रून थाल्यो ।

डमरूलाई बचेराको माया लाग्यो । उसले विस्तारै टाउकोमा सुमसुम्याउँदै भन्यो "त्यसरी नरोऊ न । म तिमीलाई गुँडमा पुऱ्याइ दिन्छु । आउ मेरो पिठ्युमा बस"।

बचेरा डमरूको ढाडमा उक्लिन खोज्यो तर सकेन । किनभने उभन्दा डमरू धेरै अग्लो थियो । डमरूलाई पिर पऱ्यो । अनि टाउको समातेर थुचुक्क भुइँमा बस्यो । एकछिन पछि सोचेर फेरि भन्यो "मेरो पुच्छरमा टेकेर माथि उक्ल त"।

बचेरा डमरूको पुच्छरमा टेकेर खुरूखुरू उसको ढाड माथि उक्लिएर थुपुक्क बस्यो । त्यस पछि डमरूले सोध्यो "तिमी बस्ने गुँड कहाँनेर छ ?"।

"उ....त्यो परको रूखको टुप्पामा छ" बचेराले आफ्नो गुँड भएको रूख देखायो ।

बचेरालाई बोकेर डमरू रूखको फेदमा पुग्यो र माथि उक्लिन थाल्यो । रूख अग्लो, सुरिलो थियो । त्यसैले ऊ सुलुत्त चिप्लेर नराम्ररी भुइँमा पछारियो । बचेरा पनि चारहात पर उछिट्टीयो । "ऐयानी आमा ! मरें" भन्दै ऊ चिच्च्याएर रोयो ।

डमरूले उसको आँसु पुछि दिंदै भन्यो "नरोऊ हेर, मैले जानीजानी तिमीलाई पछारेको होइन खुट्टा चिप्लेर लडियो । अब त्यस्तो हुँदैन । आउ पिठ्युमा बस ।

भर्खरै मात्र पछारिएर जिउ दुखिरहेकोले बचेरा हच्कियो । ऊ डमरूको ढाडमा चढ्न मानेन। डमरूले उसलाई फकाउँदै भन्यो "आउन बस अब लडाउँदिन क्या..।

डमरूले फकाए पछि बचेरा मन नलागि नलागि उसको ढाडमाथि चढ्यो । डमरू रूखको फेदमा नङ्ग्रा गाड्दै माथि उक्लेर रूखको एउटा सानो हाँगा माथि टेकेको मात्र थियो । हाँगा कऱ्याक्कै भाँचिएर तल झऱ्यो अनि डमरू र बचेरा ड्याम्मै भुइँमा पछारिए । बचेरालाई अघि भन्दा पनि बढी चोट लाग्यो ऊ चिइँचिइँचिइँ गर्दै रोयो । डमरूलाई पनि नदुखेको कहाँ हो र? तैपनि ऊ लाजले बचेराको अगाडि आँसु खसाल्न सकेन। डमरूलाई अब के गर्ने कसो गर्ने भयो । त्यसैले दुवै हातले टाउको समातेर एकछिन सोचेर मनमनै भन्यो "चकचकेलाई गुँडमा पुऱ्याइदिनु पर्छ । यो त मेरो कर्तव्य हो तर कसरी ? मैले गर्दा उसलाई दुःख भयो विचरा"।

एकछिनको मौनतालाई चिर्दै डमरूले भन्यो "भाइ ! तिमीलाई साह्रै दुख्यो हो ? यो सब मैले गर्दा हो । मलाई माफ गर । तर भाइ एक दुइ पटक लडियो भन्दैमा कोसिस गर्न छोड्नु हुँदैन ।

म तिमीलाई जसरी भए पनि गुँडमा पुऱ्याएर छोड्छु" ।

डमरूको कुरामा बचेरालाई विश्वास लागेन । उसले ओठ लेप्राएर कर्के आँखाले हेऱ्यो । डमरूलाई लाज मर्नु भयोअनि घोत्लिएर सोच्यो । त्यहि बेला भट्ट आफ्नो मीतबाको याद आयो । मीतबाले जङ्गलको रूखमाथि बस्छु, अरूको जस्तो हाम्रो घर हुँदैन रूखनै हाम्रो घर हो भनेको पनि सम्भयो । त्यस पछि "ए ! मीत बा मलाई मद्धत गर्नुहोस्" भनेर ठूलो स्वरले बोलायो ।

डमरूको स्वर सुनेर ढेडु बाँदर एउटा रूखबाट अर्को रूखमा हाम्फाल्दै आइपुग्यो र सोध्यो "किन के भयो तिमीलाई ? जङ्गलका अरू जनावरलेहेपेकी ? भन म त्यसको दोहोलो काढि दिन्छु "। डमरूले रूँदैरूँदै सबै कुरा बतायो । ढेडुले उसको आँसु पुछिदिंदै भन्यो भईगो नरोऊ आउ म तिमीलाई पुऱ्याई दिन्छु । डमरूले मीत बा ! पहिला मेरो साथीलाई उसको गुँडमा पुऱ्याई दिनु । म बरू पछि जाउँला भन्यो । डमरूको सहयोगी बानी देखि ढेडु खुसी भयो । त्यस पछि उसले बचेरालाई हलुका सित उठाएर आफ्नो टाउको माथि राखेर खुरूखुरू रूख चढेर गुँडसम्म पुऱ्याई दियो। माउ चरी चुच्चोमा आहार च्यापेर रोई रहेकी थिई । बचेरालाई देख्नासाथ खुसी हुँदै क्वाप्प चारो ख्वाई अनि ढेडुलाई धन्यवाद दिई । ढेडुले धन्यवाद मलाई होइन सहयोगी डमरूलाई दिनु भनेर रूखबाट तल ओर्लियो । ♦

**लघुकथा**

## चोरको बयान



✍ **हरिप्रसाद भण्डारी**

प्रहरीले चोरलाई सोध्यो, "अर्काको धनमाल किन चोरिस् ?"

चोर केही बोलेन ।

"अर्काको घरमा पस्न डर लागेन ?"

फेरि पनि चोर केही बोलेन ।

"सुनिनस्?" प्रहरीको स्वर झन् चर्को भयो ।

"घरमा कोही थिएन हजुर ।" चोरले डराइ डराइ भन्यो ।

"कसरी थाहा पाइस् त घरमा कोही छैन भन्ने कुरा ?"

घोसे मुन्टो लगाउँदै चोरले भन्यो, "फेसबुकको स्टाटस हेरेर ।"

# महिला हिंसा विरुद्धको आवाज



✍ सुदर्शन अधिकारी

हाम्रो समाज महिलाप्रति कहिल्यै पनि सकारात्मक दृष्टिकोण राख्न जान्दैन । पुरातन सोचका कारण महिलालाई जहिले पनि दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने गर्नु विडम्बना नै हो । विभिन्न कारणले महिलामाथि हुने हिंसालाई नै महिला हिंसा भनिन्छ । पछिल्ला समयमा यो डर लाग्दो समस्या बनेर देखिएको छ । हाम्रो समाजको संरचना नै पितृसत्तात्मक भएकाले नै महिलालाई गरिने व्यवस्थामा पुरूषहरूको स्थानलाई सर्वोपरी मान्ने र महिलाहरूई भने संस्थागत रूपमा नै दबाउन हक र अधिकारबाट समेत बञ्चित गराउने कार्यले महिला हिंसालाई बढावा दिइरहेको पाइन्छ । हाम्रो वास्तविक धरातलको कुरा गर्ने भनेर हो भने महिला र पुरूष भनेका एउटै रथका दुई पाङ्ग्रा हुन भनेर चर्को स्वरमा कुर्लछन् तर व्यवहारमा त्यसको ठिक विपरित कार्य हुन्छ । अबला असक्षम र दोस्रो उर्जाको नागरिकको रूपमा हेरिनु ने हिंसाको थालनी हुनु हो ।

महिलालाई हरेक क्षेत्रमा समान अवसर र स्वतन्त्रता दिने हो भने पुरूषभन्दा कुनै पनि क्षेत्रमा उनीहरू कमजोर हुँदैनन् र छैनन् पनि । महिलाप्रति गरिने व्यवहारकै कारण धेरै घटनाहरू जुन हिंसासँग सम्बधित छन् त्यस्ता अमानवीय प्रकृतिका कार्य हुने गरेका छन्। अहिले पनि अधिकांश महिलालाई पारिश्रमिकमा समेत विभेद हुने, सम्पत्तिमा अधिकार नहुने, प्रजनन अधिकारको सुरक्षा नहुने जस्ता कुराले पनि महिला हिंसा हुने घटना बढेका छन् भने हरेक क्षेत्रमा महिला पछाडि पारिएका छन् । महिलाले पाउने विभिन्न अधिकारहरू जुन संविधानले नै सुनिश्चित गरेको भए पनि व्यवहारमा त्यसको निर्वाधरूपले उपयोग गर्न पाइरहेको छैनन् । महिला हिंसाका घटना बढ्दै गएको प्रति चिन्ता र चासो राख्दै विगत दुई दशक देखि महिलाका हक अधिकार र हितका सवालमा व्यापक चर्चा गोष्टी सेमिनार

सचेतना कार्यक्रम गर्दै आएका छन् । नेपालको अन्तरिम संविधान २०६३ र २०७२ सालको संविधानमा समेत मौलिक हकको रूपमा महिला हकलाई राखिएको छ । जसमा महिलाको शिक्षा स्वास्थ्य र रोजगारीका विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा गराउने नीति राज्यले अवलम्बन गर्ने भन्ने उल्लेख गरिएको छ ।

महिला हिंसालाई न्यून गर्ने उद्धेश्यकासाथ स्थापित विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू छन् जस्तै, महिला तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग, विभिन्न महिला संघ संगठन लगायतका अन्य गैरसरकारी संस्था माइती नेपाल ए.वि.सि नेपाल र साथी जस्ता दर्जनौ संस्था कार्यरत छन् । महिला सशक्तिकरणको सवालमा भन्नु पर्दा सन् १९९५ मा चीनको राजधानी बेइजिङ्मा अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरिएको थियो । सोही सम्मेलन पश्चात नेपालमा पनि महिलाका पक्षमा बढी कानूनको खोजी कार्य हुन थालेका छन् ।

समाजमा महिलाको स्थान उच्च बनाउनका लागि संगठित रूपले विकृति र विसंगतीलाई निराकरण गर्न सबै नागरिक सचेत हुनैपर्छ । महिला हिंसा र विभदेका कुरा गनु पर्दा बोक्सीको नाममा आज नि सयौं महिलाले क्रुरतापूर्ण यातनाको सामना गर्नु परिरहेको छ । बोक्सीको आरोप पनि महिलामाथि नै लाग्ने गर्दछ। अपवादको रूपमा पनि पुरूषलाई बोक्सीको आरोप लागेको भेटिदैन । यी सबै पुरूष प्रधान समाजको प्रतिफल नै हो । अर्को हाम्रै समाज कति सम्म विभेदकारी छ भने लोग्नेको मृत्युपश्चात स्वास्नी चाहीं आजिवन विधवा नै रहनुपर्ने तर श्रीमतीको मृत्यु भएको तेह्र दिन पनि बित्न नपाउदै अर्को श्रीमती ल्याउने छुट हाम्रो समाजले दिएको छ ।

अन्धविश्वास र पुरातन सोंचकै कारण हजारौं महिला पुरूषको दबाबमा रहन बाध्य बनाइएका छन् । आजको एक्काइसौ शताब्दीमा समेत छोरी मात्रै जन्म दिएको भनेर सौता भित्र्याउने पुरूष हाम्रो समाजमा धेरै भेटिन्छन् । आज समय निकै बदलिएको छ । महिलालाई सबै क्षेत्रमा अग्रस्थानमा पुर्‍याउनका लागि माथिल्लो तहबाट नै व्यवस्था गरिएको छ । हाल पुरातनवादी व्यवहार र सोंचाइले महिलामाथि शारीरिक र मानसिक हिंसा गर्न पाइदैन भन्ने कुरामा पनि परिवर्तन हुदैछ। जबसम्म समाजमा महिलाको स्थान मर्यादित र उच्च रहदैन तबसम्म समग्र विकासको परिकल्पना पनि गर्न सकिन्न ।

मूलतः शिक्षा स्वास्थ्य राजनीति लगायतका क्षेत्रमा महिला सहभागितामा

वृद्धि गराई निश्चित समय आरक्षणबाट स्थान उपलब्ध गराई हर क्षेत्रमा उपयुक्त वातावरण दिने हो भने पुरूष सरह अगाडि बढेर सक्षमता प्रदर्शन गर्न सक्छन् । त्यसका लागि समाजमा हुने गरेका हरेक खालका हिंसाजन्य घटनालाई कम गर्दै पूर्णरूपले निराकरण गर्न शिक्षाको माध्यमबाट चेतना अभिवृद्धि गर्ने र भएका कानूनको कार्यान्वियनमा कडा गने अनि अन्य थप कानूनको आवश्यक्तालाई पूर्ति गर्न नयाँ कानूनको निर्माण गरी प्रभावकारी कार्यान्वियन गर्ने भने महिला हिंसा हटाउन र घटाउन सकिन्छ । यसका लागि सचेत नागरिकको सक्रियताको उत्तिकै भूमिका रहन्छ । हामीमा समस्या भनेको नै हिंसा सहनुको कारण नपहिल्याउनु हो । यदि वास्तविक कारण थाहा पाउने हो भने अवश्यनै समस्याको उचित रूपले समाधान पनि गर्न सकिन्छ । महिलाको हक अन्तर्गत प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक र सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । महिला विरूद्ध मार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । यदि त्यस्ता कार्यै गरेमा कानून बमोजिम दण्डको स्पष्ट व्यवस्था गरिएको देखिन्छ । तर हामीले व्यवहारमा ती सबै अधिकारको निर्वाध रूपले प्रयोग गर्ने अवस्था समाजमा देखिदैन । मूल प्रश्न त समाजमा महिलाइ हेर्ने दृष्टिकोणलाई बदल्न सक्नु पर्छ । कागजमा जे जस्ता अधिकार भए पनि त्यसको व्यवहारमा सहज रूपमा कार्यान्वियन गर्न सकिने वतावरणको निर्माण गर्न हामीले प्रभावकारी पहल गर्नु पर्ने भएको छ ।

आजको आधुनिक सभ्य र वैज्ञानिक युगमा समेत महिलालाई अनेकौं लान्छना लगाई अमानवीय यातना दिइने गरेका घटनाहरू हामीले दैनिक जसो देख्ने र सुन्ने गरेका छौं । बोक्सीको आरोपमा कुटपिट गर्ने, मानवका मलमुत्र खुवाउने जस्ता क्रुरतापूर्ण यातना दिने गरेको पनि देखे सुनेकै छौ । अहिले पनि महिनावारी हुँदा र सुत्केरी हुँदा गोठमा बस्नु पर्ने बाध्यता छदैछ । छाउपडी प्रथा सुदूपश्चिमको जटिल सामाजिक समस्याको रूपमा रहेको सर्वविदित नै छ । हाम्रो कानूनमा लिंगको आधारमा कुनै पनि भेदभाव गरिने छैन भने पनि व्यवहारमा समान कामका लागि असमान ज्याला दिने परिपाटी छदैछ । त्यसैगरी प्रजनन अधिकार तथा स्वास्थ्यको अधिकार अन्तर्गत पनि विभिन्न अधिकारलाई संविधानमा

व्यवस्था गरिए पनि व्यवहारमा भने त्यसको कार्यान्वयन भएको देखिदैन । समग्रमा भन्नुपर्दा हाम्रो सोंचलाई परिवर्तन गर्नुपर्छ भने लिखित कानूनलाई व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउनु जरूरी देखिन्छ । ♦♦

## मुक्तक



✍ **रेणु अधिकारी 'मौनता'**

रोकेर नि नरोकिने जीवन बगेको खोला न हो
सधैं सँगसँगै रहने समय भिरेको झोला न हो
जो आउँछ जिन्दगीमा आत्मसाथ गर्नै पर्छ,
केलाई लिनु पिर चिन्ता मरिजाने चोला न हो ।
।।१।।

कुरीति र कुसंस्कारलाई छेक्नु पर्छ तिमीले
साँचो झुठो सत्यतथ्य सबै बुझ्नु  पर्छ तिमीले
कलम नै हो समाज बदल्ने बलियो हतियार,
अन्याय र अत्याचार विरूद्ध लेख्नु पर्छ तिमीले ।
।।२।।

हे मानव गएर अर्काको देशमा झुक्दछौ किन तिमी
परिश्रम गरी पसिना बग्दा लाजले लुक्दछौ किन तिमी
खनी र खोस्री बरू आफ्नै देशमा सुन फलाउ,
अर्काको माटो संरक्षण गर्दै झुक्दछौ किन तिमी ।
।।३।।

अस्तव्यस्त भयो बस्ती लगातारको झरीले
बाटो भत्के पहिरो गयो बास पाएनन् चरीले
प्रकृतिको नियमलाई कुल्चिएर अघि बढ्दा,
पशुपक्षी मानव जाति दुःख पाए सबै थरीले ।
।।४।।

**कथा**

# चिम्टेश्वर



✍ **यशु श्रेष्ठ**

परापूर्वकालमा देवता र दानव मिलेर समुद्र मन्थन गरे । सुमेरूको पर्वत मदानी, शेष नागको नेती बनाएर गरिएको समुन्द्र मन्थनबाट नयाँ र अनौंठा कुराहरू निस्केछन् । 'ऐरावत' नाम गरेको हात्ती यहींबाट निस्केछ । त्यसलाई देवराज इन्द्रले लिएछन् । यहीँबाट निस्केकी सुन्दर नारी लक्ष्मीलाई विष्णुले आफ्नी अर्धाङ्गिनी बनाएछन् ।

यसरी राम्रा राम्रा कुराहरू देवताले आपसमा बाँडी लिएछन् । समुद्र मन्थन गर्दै जाँदा त्यहाँबाट कालकूट नाम गरेको विष पनि निस्केछ । लौ फसाद, यो विष चाहिं कसले लिने त ? विष जस्तो कुरा, खायो कि मरिने । खतम हुने । यस्तो चिज कसैले लिन मानेनन् । अब विष त्यतिकै छाडिने भयो । विषलाई त्यतिकै छोडे पछि त संसार नै विषमय हुने भयो । संसार खत्तम हुने अवस्था आयो । यस संसारमा बस्ने सबै प्राणीहरूको लागि खतरा हुने भयो । यस्तो संकटको घडी खडा भएको देखेर सबै जना मिलेर भगवान शिवको आराधना गरेछन् । "हे प्रभो, ! हामीमाथि करूणा राखी यस सङ्कटबाट मुक्ति दिनुहोस् ।" यसरी सबै मिलेर प्रार्थना गरेछन् ।

प्रार्थना सुनी संसारको कल्याण गर्न महादेव त्यहाँ प्रकट भएछन् र त्यो कालकूट विष पान गरेछन् । त्यो विष निलेमा त महादेवको पनि मृत्यु हुन सक्ने थियो । त्यसैले विषलाई घाँटीको कण्ठमा लगेर अड्काइ राखेछन् । अब त्यो विष संसार बाहिर पनि रहेन अनि महादेवको पेटमा पनि पुगेन । महादेवले त्यस विषलाई कण्ठमा अड्काएपछि महादेवको कण्ठ नै नीलो हुन थालेछ । विषले महादेवलाई अति जलन हुन लागेछ । यसरी विष कण्ठमा लगेर राख्दा उनको कण्ठ नीलो भएको कारण महादेवलाई पुकारा गर्ने अर्को नाम 'नीलकण्ठ' रहन गयो ।

विष पानपछि शिवजीलाई त

औडाहा, छटपटी भएछ । उहाँ शीतलताको खोजमा भौतारिन थाल्नु भएछ । सबैभन्दा चिसो स्थानमा गएर बस्ने मनसुवा भएका कारण हिमालतिर लम्कनु भएछ । हिमाल खोज्दै त्यहाँबाट उत्तरतिर लाग्नु भएछ । धेरै दिन हिँडेपछि शिवजी नुवाकोट जिल्लाको दक्षिणी भेगमा पर्ने कुमरी खोला हुँदै उकालो चढ्नु भएछ । त्यसपछि कुमरी खोलाकै सिर कान्ले खोला पुग्नु भएछ । कान्ले खोलै-खोला उत्तरतिर लाग्न थाल्नु भएछ । अहिले पनि कान्ले खोलाका ढुङ्गाहरूमा विभिन्न खाल्डा र डोबहरू देख्न सकिन्छ । जसलाई त्यतिबेला शिजजी हिँडेका र उहाँले लौरो टेकेका डोबहरू हुन् भनेर मानिसहरू भन्छन् । त्यसपछि उहाँ उकालो चढ्दै अघि बढ्दै जाँदा चुचुरोमा पुगेपछि हिमाल देख्नु भएछ । विषले औडाहा भएर त्यहीं एकछिन आराम गर्नु भएछ । यहाँ केहीबेर सुस्ताएर अघि बढ्दा शिवजीले आफ्नो सबै कुरा बोकेर लानु भएछ तर चिम्टा यहीं भुल्नु भएछ ।

धेरै वर्षपछि यस चुचुराको तलतिर मानिसहरूको बस्ती बस्न थालेछ । जङ्गलमा गाईवस्तु चराउन जाँदा गोठालाहरूले अनौंठो आकारको चिम्टाजस्तो शिला देखेछन् र गाउँघरमा यो कुरा बताएछन् । गाउँलेहरू मिली त्यस शिलालाई पूजाआजा गर्न थालेछन् । त्यस शिलालाई पूजाआजा गर्दा गाउँलेहरूलाई पनि फलिफाप हुन थालेछ । यसरी यो चिम्टा आकारको शिला भएको त्यो स्थान एउटा देवस्थलको रूपमा स्थापित हुन पुगेछ ।

त्यस शिलालाई पूजा गर्न धेरै माथिको चुचुरामा पुग्नु भन्दा बरू हाम्रै गाउँमा ल्याऊ भनेर गाउँका धनीमानी व्यक्तिहरूले कोसिस गर्न थालेछन् । गाउँका बलियाबाङ्गा व्यक्तिहरूलाई खन्ने सामग्री बोकाई चुचुरोमा पुगी शिला गाडिएको स्थानमा खन्न थालेछन् । खनेर पुरै शिला निकाल्ने र तल गाउँमा लगेर स्थापित गर्ने भन्दै दिनभरि खनेछन् । यसरी खन्दा केही मात्र शिला बाहिर देखिएछ । भोलि त पुरै शिला निकाल्न सकिन्छ होला भनेर छोडी आएछन् । भोलिपल्ट जाँदा त फेरि शिला तल धसिकेको रहेछ । शिला त हिजो खन्नु अगाडि जति पुरिएको थियो, आज पनि त्यतिकै पो भएछ । यसरी धेरै धामा गर्दा पनि शिलालाई गाउँमा ल्याउन सकिएनछ ।

'यो शिला धेरै शक्तिशाली रहेछ, बरू यहाँ नै मन्दिर बनाउनु पऱ्यो' भनी त्यस शिलालाई घेरेर मन्दिर निर्माण सुरू गरिएछ । आज मन्दिर बनाउन

सुरू गरेर आयो, भोलि त त्यो भत्किसक्दो रहेछ । 'लौ जा कसले भत्काएछ' भनेर फेरि अर्को दिन अग्लो गारो लगाएर फर्कियो, भोलिपल्ट हेर्दा त भत्किएर जस्ताको त्यस्तै हुने रहेछ । 'हैन यो के अचम्म हो ? न शिलालाई गाउँमा ल्याउन सकियो, न त यहाँ मन्दिर नै बनाउन सकियो । के भएको होला यस्तो ?' भनी चिन्तित हुँदा त्यसै समूहमध्येका एक जनाले सपनामा शिवजीलाई देखेछ । उसको सपनामा शिवजी प्रकट भई "हे भक्त, म कालकुट विष कण्ठमा राखी त्यसको जलनले गर्दा चिसो स्थान खोज्दै हिंड्दा यहाँ आइपुगें । मैले यहाँ केहीबेर आराम गरें । यहाँबाट हिंड्दा मैले मेरो चिम्टा यहीं बिर्सेछु । यसैबाट यो शिला बनेको हो । यो मेरो स्वरूप हो । म चिसो हावा, शीत खाएर आनन्दका साथ बस्न चाहन्छु । त्यसैले मलाई यहाँबाट अन्त लैजाने वा मलाई छोप्ने नगर्नू । खुल्लै रहन दिनू ।" भनेर भन्नुभएछ । यसरी सपनामा महादेव प्रकट भई भनेका कुरा सपना देख्ने मान्छेले सारा गाउँलेहरूलाई सुनाएछ । अब भने गाउँलेहरूले मन्दिर बनाउन छाडी त्यही स्थानमा नै आई, त्यस शिलालाई महादेव सम्भी धुमधामसँग पूजा आरधना गर्न थालेछन् । यसरी महादेवले चिम्टा बिर्सिएको स्थान भएकाले त्यस स्थानको नाम नै चिम्टेश्वर अनि महादेवको नाम पनि चिम्टेश्वर महादेव भनी कहलिएछ ।

अहिले पनि यस स्थानको छुट्टै महत्व रहेको छ । भगवान महादेवले विश्राम लिएको यस स्थान ज्यादै रमणीय र हराभरा छ । यहाँबाट हिमालका सुन्दर दृश्यहरू देख्न सकिन्छ । यहाँ वर्षको चार पटक तिज, धान्य पूर्णिमा, मरूवा औंसी र शिवरात्रीका समयमा ठूलो मेला लाग्ने गर्दछ । यहाँ नबोल्ने मान्छे वा बोली फुट्न नसकेका बालकहरूलाई ल्याएर दर्शन गराएमा बोल्ने, ब्याउन नसकेका वस्तुका दाम्ला ल्याएर महादेवलाई चढाउने, बस्तु नै डोऱ्याएर ल्याई दर्शन गराउने गरेमा बस्तु ब्याउने, बथान बढ्ने विस्वास गरिन्छ । टाढा टाढाबाट भक्तजनहरू आफ्नो मनोकांक्षा पूरा होस् भनी यहाँ आई पूजाआजा गर्ने गर्छन् । नुवाकोट जिल्लाको दक्षिणी भेग तथा कुमरी खोलाको उत्तरतिर पर्ने यस स्थानलाई महादेवस्थान वा महादेवथान पनि भनिन्छ । यसको प्रसिद्धि दिन दिनै बढ्दो रूपमा रहेको छ । यस क्षेत्रलाई हाल पर्यटकीय क्षेत्र पनि घोषणा गरिएको छ । यहाँ एक जना योगी आई बसेका छन् । उनले नै चिम्टेश्वर महादेवको नित्य पूजा गरिरहेका छन् । ◆◆◆

# कानूनी व्यक्ति सम्बन्धी व्यवस्था



✍ **प्र.ना.नि.सरस्वती बुढाथोकी**

**परिचय** :

जसले कानूनी रूपमा अधिकार र कर्तव्यको बारेमा जानकारी राख्दछ, त्यसलाई व्यक्ति भनिन्छ । व्यक्ति भन्नाले मानव पनि हुन सक्छ र अरू पनि हुन सक्छ तर त्यसमा अधिकार उपभोग गर्ने र कर्तव्य पालना गर्ने सक्षमता हुनु पर्छ । व्यक्ति दुई प्रकारको हुन्छ । एक प्राकृतिक व्यक्ति जसको प्रकृतिक रूपमा जन्म हुन्छ र प्राकृतिक रूपमै नै मृत्यु हुन्छ । अर्को कानूनी व्यक्ति जसलाई कानूनले नै जन्म दिन्छ र कानूनले मार्दछ । कानूनी व्यक्तिलाई त्यति मात्र अधिकार हुन्छ जति कानूनले उल्लेख गरेको हुन्छ वा कानूनले गर्नु भनेको हुन्छ । कानूनी व्यक्तिलाई Legal Person, fictitious Person and Artificial person समेत भनिन्छ । कानूनी व्यक्ति भन्नाले त्यसलाई जनाउँछ, जो अविछिन्न उत्तराधिकारवाला संगठित संस्था, जसको आफ्नो छाप, कार्यालय र सम्पत्ति हुन्छ ।

समग्रमा कानूनी व्यक्ति भन्नाले कानूनले जन्माएको व्यक्तिलाई जनाउँदछ जसको आफ्नो छुट्टै हैसियत हुन्छ । कृतिमरूपमा मान्छेले स्थापित गरेका संघ संस्था, प्रतिष्ठान, विभिन्न संस्था, बैंक, उद्योग आदिलाई कानूनी व्यक्ति मानिन्छ । मुलुकी देवानी संहिता, २०७४ मा कानूनी व्यक्ति सम्बन्धी निम्नानुसार व्यवस्था गरेको छः

**कानूनी व्यक्तिले सक्षमता प्राप्त गर्ने** :

(१) कानून बमोजिम संस्थापना भएको सङ्गठित संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्दछ र सोही हैसियतमा कानूनी सक्षमता प्राप्त गर्दछ ।

(२) कानूनी सक्षमता प्राप्त गर्नको लागि कुनै संस्था कानून बमोजिम दर्ता भएको हुनु पर्दछ ।

(३) संस्था दर्ता हुनका लागि कानूनमा छुट्टै व्यवस्था भएकोमा बाहेक देहायका कुरा खुलाई सम्बन्धित अधिकारी समक्ष

निवेदन गर्नु पर्दछ :-

(क) सङ्गठित संस्थाको नाम,

(ख) सङ्गठित संस्थाको प्रधान कार्यालय र त्यस्तो कार्यालय रहने ठेगाना

(ग) सङ्गठित संस्थाको उद्देश्य तथा कार्यहरू,

(घ) सङ्गठित संस्थाको पूँजीगत संरचना रहने भए त्यसको विवरण,

(ङ) अन्य आवश्यक विवरण ।

(४) संस्था दर्ता भएपछि त्यस्तो संस्था संस्थापना भएको मानिन्छ ।

(५) कानूनी व्यक्तिको सङ्गठित व्यक्तित्व (कर्पोरेट पर्सनालिटी) हुन्छ र आफ्नो काम कारबाहीको लागि छुट्टै छाप प्रयोग गर्नेछ ।

(६) संस्थापित संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुन्छ र कानूनको अधीनमा रही सोही हैसियतमा व्यक्ति सरह निम्न कामहरू गर्न सक्नेछ :-

(क) सम्पत्ति प्राप्त गर्न, राख्न, आर्जन गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न,

(ख) करार गर्न, करार बमोजिमको अधिकार प्रयोग र दायित्व निर्वाह गर्न वा अन्य कुनै किसिमबाट कुनै किसिमको हक वा दायित्व स्वीकार गर्न,

(ग) आफ्नो काम, कारबाही वा व्यवसाय सञ्चालन गर्न आवश्यक विधान वा विनियमावली बनाउन,

(घ) आफ्नो कार्य सम्पादन गर्न आवश्यक कर्मचारी नियुक्ति गर्न,

(ङ) आफ्नो विधान तथा विनियमावलीको अधीनमा रही शाखा वा अन्य कार्यालय खोल्न,

(च) कुनै बैङ्क वा वित्तीय संस्थामा खाता खोल्न र खाता सञ्चालन गर्न,

(छ) कानून बमोजिम अन्य कार्य गर्न ।

(७) कानूनी व्यक्तिले आफ्नो नामबाट नालिस वा अन्य कानूनी कारबाही गर्न वा त्यस्तो व्यक्ति उपर पनि सोही नामबाट नालिस वा अन्य कानूनी कारबाही गर्न सक्छ ।

**संस्थापना भएपछि कानूनी सक्षमता प्राप्त गर्ने** :

(१) कानूनी व्यक्तिको संस्थापना भएपछि त्यस्तो व्यक्तिले देवानी तथा वाणिज्य सम्बन्धी काम कारबाही गर्न कानूनी सक्षमता प्राप्त गर्नेछ ।

(२) प्राप्त गरेको सक्षमता कानूनी व्यक्तिको कानून बमोजिम लिक्विडेशन, विघटन वा अन्त्य नभएसम्म कायम रहनेछ ।

**कानूनी सक्षमता स्वतः प्राप्त गरेको मानिने** :

स्वतः कानूनी व्यक्तिको रूपमा सक्षमता प्राप्त गरेको मानिने निकायहरू निम्न रहेका छन्:-

(क) नेपाल राज्य,
(ख) नेपाल सरकार,
(ग) सङ्घीय संसद वा व्यवस्थापिका-संसद,
(घ) अदालत, संवैधानिक निकाय वा त्यस्ता निकाय अन्तर्गतका कुनै कार्यालय,
(ङ) नेपाल सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य कुनै सरकारी कार्यालय,
(च) प्रदेश,
(छ) प्रदेश सरकार वा प्रदेश स्तरका सरकारी कार्यालय,
(ज) प्रदेश सभा,
(झ) गाउँपालिका, नगरपालिका वा जिल्ला सभा वा त्यस्ता निकाय अन्तर्गतका स्थानीय तहका सरकारी कार्यालय,
(ञ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारले कानून बमोजिम स्थापना गरेको आयोग, समिति वा त्यस्तै अन्य निकाय,
(ट) कानून बमोजिम स्थापना भएका संस्थान, सङ्गठित संस्था वा निकाय,
(ठ) परापूर्वदेखि सञ्चालन भई सम्पत्ति भएका मठ, मन्दिर, देवालय, चैत्य, गुम्बा, मस्जिद, गिर्जाघर, धर्मशाला, पाटी, सत्तल, अन्त्यष्टीस्थल जस्ता सार्वजनिक प्रयोजनको लागि स्थापना भएका संस्था,
(ड) सार्वजनिक प्रयोजनको लागि स्थापना भएको सामुदायिक विद्यालय वा महाविद्यालय वा विश्वविद्यालय ।

**कानूनी व्यक्ति रहने ठेगाना** :

कानूनी व्यक्ति रहने ठेगाना सङ्गठित संस्था संस्थापना गर्दाका बखत उल्लेख भएको ठेगाना हुन्छ र त्यसरी उल्लेख नभएकोमा त्यस्तो संस्थाको प्रधान कार्यालय वा रजिष्ट्रर्ड कार्यालय रहेको ठेगाना र त्यस्तो कार्यालय वा ठेगाना पनि निर्धारण नभएकोमा त्यस्तो संस्थाको प्रमुख प्रशासनिक कार्यालय वा कारोबार तथा व्यवसाय रहेको ठेगानामा रहेको मानिन्छ ।

**कानूनी व्यक्तिको व्यवस्थापन तथा सञ्चालन** :

(१) कानूनी व्यक्तिको व्यवस्थापन तथा सञ्चालन त्यस्तो व्यक्तिको विधानमा व्यवस्था भए बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा एक वा एकभन्दा बढी सङ्ख्याका सञ्चालकबाट हुन्छ ।
(२) सञ्चालकबाट भएको व्यवस्थापन तथा सञ्चालनको लागि कानूनी व्यक्ति जिम्मेवार हुन्छ ।

**कानूनी व्यक्तिको कार्य सम्पादन** :

(१) कानूनी व्यक्तिको तर्फबाट कार्य सम्पादन गर्नु पर्दा सञ्चालकहरूको निर्णयबाट हुन्छ ।

(२) कार्य सम्पादन गर्दा सञ्चालकले कुनै काम कुनै सञ्चालक वा अरू कसैले सम्पादन गर्न सक्ने गरी अधिकार दिन सक्छ ।

**कानूनी व्यक्ति गाभिएमा हक वा दायित्व सर्ने** :

(१) कुनै कानूनी व्यक्ति कुनै कारणले अर्को कानूनी व्यक्तिसँग गाभिएमा त्यस्तो व्यक्तिको हक वा दायित्व त्यसरी गाभिदाका बखत निर्धारण भए बमोजिम हुन्छ ।

(२) अर्को व्यक्तिसँग गाभिने कानूनी व्यक्तिको हक वा दायित्व गाभिएको कानूनी व्यक्तिमा सर्दछ ।

**कानूनी व्यक्ति प्रतिनिधि हुन सक्ने** :

कानूनी व्यक्तिले कानूनको अधीनमा रही अर्को कुनै व्यक्तिको प्रतिनिधि (एजेन्ट) भई काम गर्न सक्दछ ।

**स्वार्थ बाझिने भएमा निर्णयमा भाग लिन नहुने**:

(१) कुनै संस्था वा निकायको सदस्य वा सञ्चालकले आफ्नो निजी स्वार्थ निहित भएको विषय सम्बन्धी निर्णय प्रक्रियामा भाग लिन हुँदैन ।

(२) स्वार्थ निहित भई निर्णयमा असर परेको रहेछ भने त्यस्तो निर्णय बदर हुन्छ ।

**कानूनी व्यक्ति जिम्मेवार रहने**:

कसैले कानूनी व्यक्तिको तर्फबाट कुनै काम कारबाही गर्दा कसैलाई कुनै किसिमको हानि, नोक्सानी पर्न गएमा त्यसको जिम्मेवारी त्यस्तो कानूनी व्यक्तिको हुन्छ र त्यसको क्षतिपूर्ति सम्बन्धित कानूनी व्यक्तिले व्यहोर्नु पर्दछ । तर कानूनी व्यक्तिको उद्धेश्य वा कार्यक्षेत्र बाहिर रही गरेको वा बदनियतपूर्वक गरेको काम कारबाहीबाट कसैलाई हानि, नोक्सानी हुन गएमा त्यस्तो काम गर्ने सञ्चालक वा व्यक्ति नै व्यक्तिगत रूपमा जिम्मेवार हुन्छ ।

**सम्पत्ति वा दायित्व फछ्र्यौट गर्नु पर्ने** :

कुनै कानूनी व्यक्ति कुनै कारणले विघटन भएमा त्यस्तो व्यक्तिको सम्पत्ति तथा दायित्व कानून बमोजिम फछ्र्यौट गर्नु पर्दछ ।

**हदम्याद** :

कुनै पनि भए गरेको काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो काम कारबाही भए गरेको थाहा पाएको मितिले तीन महिनाभित्र र अन्य अवस्थामा सो काम कारबाही भए गरेको मितिले छ महिनाभित्र नालिस गर्न सक्दछ ।

**सन्दर्भ सामग्री** :

♦मुलुकी देवानी संहिता २०७४, भाग-२ व्यक्ति सम्बन्धी कानून, परिच्छेद-२, कानूनी व्यक्ति सम्बन्धी व्यवस्था । ♦♦♦

# अयोध्या सेवक



✍ त्रिभुवनचन्द्र वाग्ले

दुई वर्ष भयो, प्रताप वस्तीको कविता सङ्ग्रह प्रकाशित भएको । अहिलेसम्म बजारमा उक्त सङ्ग्रह पुऱ्याएका छैनन् प्रतापले । त्यसैले उसको कविता सङ्ग्रह बिक्ने कुरै भएन । प्रतापलाई माया गर्ने गौरीप्रसादले विमोचन अघि नै उक्त सङ्ग्रह किन्दै भनेका थिए- किताबको पूजा पनि हुन्छ, म नै पहिलो पटक किनिदिन्छु । सङ्ग्रह विमोचनका अवसरमा प्रतिष्ठित र चर्चित तीन जना समालोचकले सङ्ग्रहमाथि समीक्षा गरे । प्रतापलाई समीक्षाले आत्मविश्वास र सन्तोष मिल्यो- 'हो, म लेख्न सक्छु कविता ।' प्रतापको आम्दानी ठिकै थियो । जागिर गर्थ्यो । फुरमास थिएन । एकदिन प्रतापलाई लाग्यो- 'जागिरमात्र खाएँ भने म कवि हुने छैन ।' उसलाई कवि हुने रहरले बेचैन बनाउन थाल्यो । कविता सङ्ग्रह निकाल्नै पर्छ, यात्रा यहाँबाटै सुरू गर्ने प्रतापले निर्णय गऱ्यो । दसैं खर्च आएपछि प्रतापले प्रेसमा कविता सङ्ग्रह दियो । सङ्ग्रह छापियो । विमोचनका लागि श्रीमती शिवानीले पाँच हजार रूपैयाँ दिन सक्ने बताइन्- 'तिहारमा दाजुहरूले टीका लगाएर दिनुभएको छ ।' छोरा भाग्यशालीले तिहारमा भैलो खेलेको पैसा दिन्छु भन्यो तर सर्त राख्यो- 'बाबाले यो कुरा विमोचनका दिन भाषणमा वा अन्य कुनै दिन कसैलाई पनि भन्न पाउनु हुनेछैन ।' छोरी अपूर्वाले आफूसँग भएका सबै पैसा सधैं बाबा प्रतापलाई दिन्थिन् । उनको कुनै सर्त रहदैनथ्यो यस्ता कुरामा । उनलाई पैसाको मतलव हुँदैनथ्यो तर जब पैसा चाहिन्थ्यो कुनै शक्ति र फकाइले रोक्न सकिदैनथ्यो उनलाई। यस्ता प्रयोजनका लागि पैसा माग्थिन् कि, त्यो कसैले रोक्न चाहदैन, सक्दैन । जस्तो कि आज विद्यालयमा ग्राफकपी नलगी हुँदैन । कुन अभिभावकले यस्ता काममा पैसा नदेला छोराछोरीलाई ? अपूर्वाले बोलेपछि प्रतापले जुनसुकै हालतमा पैसा निकाल्नै पर्थ्यो ।

विमोचनका दिन करिब एक सय साठी जति सङ्ग्रह निःशुल्क वितरण गरिएको थियो । बाँकी सबै करिब आठ सय प्रतापले घरै ल्याए । खुब सन्तोष अनुभव गर्थे प्रताप किताब देखेर । कविता सङ्ग्रह बिक्री गर्ने ध्यान थिएन प्रतापमा तर मुलुकका सबै पुस्तकालयमा पुगुन् भन्ने इच्छा थियो । त्यसका लागि उनले धेरै नै दौडधुप गरे । कहिलेकाहीं डेरामा किताब राख्ने ठाउँ नभएर दिक्क मान्दै श्रीमती शिवानीले 'आ बाँडिदिऊँ भेटेजतिलाई' भन्दा प्रतापले भनेका थिएर 'चाख नहुनेलाई कविता सङ्ग्रह दिएर कविताको अवमूल्यन गर्नुहुँदैन बरू कुहिएर जान दिनुपर्छ ।' रत्नपार्कीतिरका सेकेण्ड हाइन्ड पुस्तक पसल र विभिन्न कवाडीखानामा 'प्रिय/स्नेही मित्र तथा आदरणीय' सम्बोधन गरी उपहार दिइएका किताबहरू कहीं पुनः बिक्रीका लागि, कहीं पुराना सिसी थोत्रा किताबको बोरा, कहीं पानापाना च्यातेर तातो भाँडा उतार्न, कहीं बदाम, चटपटे बेच्न प्रयोग गरिएका त कहीं बाटोमा मिल्किएको देखेपछि प्रतापलाई लागेको थियो किताब जो पायो त्यसलाई दिन हुँदैन । 'कविता सङ्ग्रह त समुद्र मन्थनको साधनाबाट निस्केको अमृत पो हो, फाल्नु हुँदैन, कविता सङ्ग्रह त गीता निर्दिष्ठ यौनकर्मले जन्मेका सन्तान हुन्, यिनलाई वासनाको परिणाम मान्न हुँदैन, कविता सङ्ग्रह गौप्राणी हुन् यिनको हत्या गर्नुहुँदैन्, कविता सङ्ग्रह त्रिनेत्री महादेव शिवको साक्षात जीवित प्रतिनिधि जोगी हुन् यिनलाई अपमान गर्न हुँदैन'- प्रतापले पटकपटक शिवानीलाई सम्झाएका थिए । रोमन दार्शनिक संविधानविद् तथा विद्वान मार्क्यूस टुलियस सिसेरोले किताब नभएको कोठा आत्मा नभएको स्थुल शरीर हो भनेका सन्दर्भ प्रताप दोहऱ्याइरहन्थे । बेलायती उपन्यासकार जेन अस्टिनलाई सम्झन्थे जसले भनेकी थिइएन्- एक व्यक्ति, पुरूष वा महिला, जो असल उपन्यासमा रमाउँदैन भने ऊ अक्षम्य मूर्ख हो । प्रतापले आफ्ना पिता जो कवि थिए, उनले भन्ने गरेका भनाइ शिवानीलाई सुनाउँथे-'छोरी, गाई र किताब जो पायो त्यसलाई नदिनू ।' कोठामा असरल्ल किताब प्रताप आफै मिलाउँथे । शिवानीले सहयोग गर्थिन् । एकदिन शिवानीले पसलबाट हर्लिक्सको कार्टुन ल्याएर किताब समेल्दै गर्दा कविता सङ्ग्रहमा रहेको एक कविताको छोटो अंश पढिन्

*शील्पी दाई*
*मेरी आमाको*
*चुहिने ताप्के रसाएजस्तै*
*श्रीमतीको छियाछिया मुटु*
*टाल्न सिकाइ देऊ !*

धेरैबेर किताब हातमा लिएर

शिवानी निश्चल भइन् । किताब फर्काएर पछाडिको गातो हेरिन् । प्रतापको हँसिलो अनुहारको तस्बिर तलतिर एकजना वरिष्ठ समालोचकले प्रतापबारे लेखेका थिए- 'प्रताप शब्द होइन सार हो, प्रताप चित्र होइन, चित्रण हो ।'

शिवानीले प्रतापको तस्बिरतिर हेर्दै माफी मागिन्- प्रताप, मलाई लाग्थ्यो तिमी मेरा दुख र छोराछारीको आकाङ्क्षाको अन्देखा गर्छौ तर होइन रहेछ । तिमी कवि रहेछौ र हामीलाई मर्मले अर्थात मनले देख्ने रहेछौ, हामी मानिस रहेछौं र तिमीलाई चर्म याने आँखाले देख्ने रहेछौं । हो, तिमी र मबीच मर्म र चर्मको भिन्नता छ !

कार्यालयबाट फर्केका प्रतापले त्यो दिन कोठा सपक्क देखे । किताबहरू असरल्ल थिएनन् । देखे, ठूला अक्षरमा हर्लिक्स लेखिएको कार्टुनभित्र मिलाएर किताब राखिएको रहेछ । प्रताप कोठा बाहिर निस्के । पसलबाट आधा किलोको हर्लिक्स लिएर भित्र पसे । शिवानीले प्रतापलाई हेरिन् । प्रतापले शिवानीलाई हेरे । दुवै बोलेनन् । 'मेरो मुटु छियाछिया छैन प्रताप हर्लिक्सले टाल्नु पर्दैन' भन्न मन लागेको थियो शिवानीलाई, भनिनन् तर ।

ग्याँसको चुलो नजिक हर्लिक्सको सिसी राखेर प्रताप आफ्नो कविता सङ्ग्रह लिएर बसे । आफ्ना केही बाहेक सङ्ग्रहका सबै कवितामा सन्तुष्ट थिए उनी । खुसी थिए । एक्लै पढ्थे, फेरि पढ्थे । टाउको हल्लाउथे र निष्कर्षमा पुग्थे–नेपाली कविताको औसत उचाइभन्दा माथिका छन् मेरा कविता ।

जागिर छाड्दा आएको उपदानले कविता सङ्ग्रह छाप्दा प्रेसको उदारो तिरिदिए प्रतापले । पछिल्लो समय उनको काम दिनभरि कविता गोष्ठी, सम्मेलन, साहित्यिक भेलामा जाने र कविता सुनाउनु थियो । सायदै कतै छुट्थ्यो । बाचन गरिएका कविताको धेरैले प्रशंसा गर्थे । कतिपय ठाउँमा त 'वान्स मोर' भएका थिए उनका कविता । यस्ता घटनाले प्रतापलाई अझ सन्तुष्ट बनाएको थियो तर उनमा उठेको एउटा प्रश्नको उत्तर उनले कहिल्यै पाएनन्- 'किन मेरा कविता पत्रिकामा छापिदैनन् ?' 'नराम्रा भएर पनि हुन सक्छन्' केही समय प्रताप आफैंमा कन्भिन्स हुन्थे । त्यसो हो भने किन वान्स मोर हुन्छ ? किन प्रतियोगिता जितिन्छ ? प्रतापले आफूलाई कन्भिन्स गर्न सक्दैनथे । जागिर छाडेपछि प्रतापका दिन भिन्न रूपमा सुरु भए । घरभाडा, छोराछोरीको शुल्क, सन्चोबिसन्चो प्रताप पञ्चेट हुँन्थे । अधीर हुन्थे तर, लुकाउथे अनुहारमा पोखिने अधीरका रङ रेखा र सबै यथार्थ । नियमित निश्चिन्त देखिदै कविता गोष्ठीमा उपस्थित हुन्थे । मान्थे, मेरो उपस्थितिले

नेपाली साहित्यको विकासमा केही योगदान दिन सक्छ । सायद प्रतापले सुनेका छैनन् उनलाई जोक्सको पात्र बनाइएको । एउटा भनाइ नै स्थापित छ साहित्यिक कार्यक्रमका आयोजक वा सहभागीबीच-'जहाँ हुन्छ कविता गोष्ठी, त्यहाँ पुग्छ प्रताप वस्ती ।' हुन पनि प्रतापलाई कविता गोष्ठीमा निम्ता दिइरहनु पर्दैनथ्यो, मानौ यो विशेष धार्मिक अनुष्ठान हो जहाँ अतिथि भएर पुगिहाल्थे प्रताप । मात्र उनले थाहा पाउनु पर्छ पुगिहाल्थे ।

घरायसी जिम्मेवारी शिवानीले धान्दै आइन् । भन्थिन्- 'थाह छ तपाईलाई सबै गहना बेचिसकें । अब के गरौं ?' प्रतापले यसै विषयमा कविता लेखे । पुरस्कार जिते । पुरस्कार जस्ताको त्यस्तै शिवानीलाई दिए । तर, प्रतिष्ठित भनिएका पत्रिकाले त्यो कविता छापेनन् । प्रतापको खराब बानी कविता छापिदेऊ भनेर नमस्कार खपत गर्न जान्दैनथे। भन्थे देवकोटाले चुरोटको बट्टामा लेखेका कविताले उनलाई महाकवि बनायो... आदि इत्यादि ।

यसैबीच छोरीको विद्यालयबाट प्रतापलाई बोलाहट भयो । भनियो 'धेरै शुल्क बाँकी छ, बाध्य भएर परीक्षामा सामेल गर्नबाट रोक्नुपर्छ अपूर्वालाई ।'

'कागज गर्छु' प्रतापको उपाय स्वीकार गरिएन । भनियो, तीस दिनभित्र सबै शुल्क तिर्नुपर्छ । यसअघि यस्ता समस्यामा शिवानी पर्थिन् । यसपटक विद्यालयले किन प्रतापलाई नै खबर गर्‍यो ?

प्रतापले सम्झे यसअघि पटकपटक त्यस विद्यालयमा आयोजित कवि गोष्ठीमा गएको, प्राचार्यले प्रसंशा गरेको ।

गल्ली गल्लीमा साहित्यिक पुरस्कार स्थापना भएका छन्, मलाई दिए पनि हुन्थ्यो नि ! हरेक रात सुत्नुअघि प्रतापका मनमा आउने तर्कना थिए यी । 'भोलि त कसैगरी कुनै पुरस्कारवालालाई भनौं कि ! नभए छोरीको पढाइ बरबाद हुन्छ' प्रताप जुरुक्क खाटबाट उठे । 'नेपाली साहित्यिक पुरस्कार र पुरस्कृत' पुस्तक पल्टाउँछन् । पुरस्कार पाउन प्रतापबाहेक को बाँकी छ होला र जस्तो लाग्छ उसलाई । मैले रगत बेच्नु पर्छ, किड्नी बेच्नुहुन्छ तर पुरस्कारका लागि याचना गर्नु हुँदैन, प्रताप घोप्टी परेर सुत्छन्, कविता सङ्ग्रह झिकेर पढ्छन्, दिन गन्छन् अब २० दिन बाँकी छ, छोरीको शुल्क तिर्ने अन्तिम सीमा ।

छोरी अपूर्वा विद्यालयबाट रमाउँदै आई । बाबालाई दिउँसै खबर सुनाउन मन थियो अपूर्वालाई तर जागिर छाडेदेखि प्रताप दिनभरि कोठामा हुन्नथे । साँझ अपूर्वाले रमाउदै भनी- बाबा म कविता प्रतियोगितामा प्रथम भएर तीस हजार रूपैयाँ जितें ।

'तीसै हजार दिन्छन् रे ?' उत्सुक हुँदै प्रतापले सोधे ।

'आकस्मिक आम्दानीमा सरकारलाई १५ प्रतिशत कर तिर्नुपर्छ रे, मलाई अब हजुरले सात हजार रूपैयाँ दिनुहोस्, म आफै शुल्क तिर्छु' अपूर्वाले भनिन् ।

प्रतापले नजिकैबाट अनुभव गरे शुल्क तिर्न नसकेको घटनाले अपूर्वालाई कत्रो चोट परेको रहेछ । छातीमा परेको गाँठो फुकाउँदै प्रतापले भने हुन्छ, छोरी म सात हजार त भोलि नै व्यवस्था गर्छु नि । 'भोलि नै बाबा' छोरीले उत्सुकताका साथ सोधी । प्रतापले टाउको हल्लाए । अपूर्वा चिउरा भुटेर खाजा बनाउन लागिन् । प्रताप ढोका लगाएर कोठामा बसे । 'कुनै रमाइलो वा नरमाइलो घटनाले बाबामा कविता फुर्छ, ढोका खोलेर डिस्टर्ब गर्न हुन्न' अपूर्वाले आफूमात्रै खाजा खाइन् ।

त्यसदिन भने प्रतापले कविता लेखेका थिएनन् । छोरीको व्यागलाई अँगालो हालेर धेरैबेर रोए । आँसु सकिएछ, उठे । 'सरकारले कर नकटाई दिएको भए त सात हजार चाहिन्नथ्यो नि' प्रतापमा अन्तरसंवाद रोकिएको थिएन । सम्झे- चाणक्य नीतिमा भनिएको 'राजाले जनता चुसेर र प्रजाले पेट मारेर धन कमाउँछन् ।' यी विद्यालय भनाउँदा नयाँ राजाहरूले कति चुसेका होलान् हामीलाई ? सुगर लागेको निउ पारेर एक छाक खान छाड्नु पऱ्यो क्यार, प्रताप दोधारमा पर्थे । चार पाँच दिनभित्र सात हजार निकाल्न प्रतापले पहाड फोर्नुपर्ने भयो । निर्णय गरे- बाँकी कविता सङ्ग्रह बेचिदिउँ, खाली सिसी पुराना कागजवालालाई । बोलाए खालीसिसी पुराना कागजवालालाई । काँधमा किताबको काटुर्न राखेर बाहिर निक्लदै गर्दा प्रतापलाई कागजवालाले सोधे- 'हजुर कविता लेख्नुहुन्छ ? म पनि पढेको छु धेरै कविता ।'

प्रतापको अनुहारमा नजानिदो मुस्कान देखिन्थ्यो । 'धेरै राम्रो छन् हजुरका कविता' कागजवालाले प्रतापको एउटा कविताको नाम लिंदै भन्यो । कागजवाला किताब जोख्दै, हिसाब गर्दैछ । प्रताप पुस्तक सम्हालेर राख्दै जोख्न सहयोग गर्दै छन् । 'पाँचवटा त दिन्न' भन्दै प्रतापले केही किताब आफैसँग राखे । किलो पुग्दैन हजुर कागजवाला बोल्यो । सबै किताब, प्रेसर कुकर र हर्लिक्सको सिसीको मुस्किलले पाँच हजार आउला । केही थपिदिनोस्.... नभए कम पैसा लिनुहोस्..... कागजवालाले भन्यो । भोलि त शुल्क तिर्नैपर्छ । सात हजार पुऱ्याउनै पर्छ । प्रतापले बाँकी पाँच थान किताब र प्लास्टिकका पुराना टुटेफुटेका सामान थपिदिए । बल्लतल्ल सात हजार आउने

भयो । कागजवालाले बोरा कस्दै गर्दा प्रतापले भने-'एउटा किताब त छोडिदेऊ न भैया ।'

'हस् हजुर पनि...जोखेको सामान तलमाथि गर्नु त धर्मकाँटाको पापमा परिन्छ नि'-कागजवालाले प्रतापलाई सङ्ग्रह किताब दियो ।

प्रतापले कविता सङ्ग्रह छातीमा टाँसे । कागजवालाले चुपचाप प्रतापलाई हेरिरह्यो । कागजवाला बोरा बोकेर निस्कदै गर्दा प्रतापले बोरालाई घ्याप हालेर ढोगिदिए ।

'भैया, मेरा पिताजीले अज्ञानीलाई छोरी, गाई र किताब नदिनु भन्नुभएको छ' भक्कानिदै प्रतापले थपे- किताब सुरक्षित राखिदिनु म केही समयपछि पैसा लिएर आउने छु र किताब फिर्ता ल्याउने छु' ।

भैयाले प्रतापलाई एकटकले हेर्दै भने, हजुर के गर्नुहुन्छ ? हजुरलाई किताब बेच्न मन छैन तर पैसाको समस्यामा हुनुहुन्छ ? प्रताप बोलेनन् । हाँस्ने प्रयास गरे । भैयाले प्रतापको कृत्रिम हाँसोलाई राम्ररी बुझे ।

'हजुर सात हजार राखिलिनुस्, किताब पनि राखिलिनुस्' बोराबाट किताब झिक्दै भैयाले भन्यो- 'किताब छोराछोरी जस्तै सृष्टि हो भने यसलाई बेच्नु हुँदैन ।' भैयासँग लिएको पैसा प्रतापको हातैमा थियो ।

प्रताप नबोली उभिरहेको थिए ।

'अयोध्या सेवक हो मेरो नाम । सामाखुसीको कवाडीमा बस्छु। हजुरसँग पैसा जम्मा भएपछि मलाई बोलाउनु होला हजुर.....।' बोराका सबै किताब खन्याएर अयोध्या सेवक निस्क्यो ।

असरल्ल किताबलाई प्रतापले फेरी ढोगे । बाहिर निस्केर अयोध्या सेवकलाई हेरिरहे । ऊ कराइरहेको थियो 'खालीसिसी पुराना कागज ।' अयोध्या सेवक छेकियो तर प्रतापले सुनिरहे- 'खालीसिसी पुराना कागज ।' ♦♦

## गीत



✍ **सरस्वती श्रेष्ठ 'सरु'**

जब तिम्रो सम्झनाले मेरो मुटु छोयो
बादलुले मुख छोपी जून पनि रोयो

यादैयादमा अल्झिएर एउटा चिठी लेख्छु
बिपनीमा छेकिए नि सपनीमा देख्छु
फूलैफूलको थुँगाले नि काँडालेझैं छोयो
बादलुले मुख छोपी जून पनि रोयो

छणभरमै टुटि जाने कस्तो माया बस्यो
अनायासै आँखाबाट आफ्नै मुटु खस्यो
एक्लै बस्दा एकान्तमा वेदनाले छोयो
बादलुले मुख छोपी जून पनि रोयो ।

*-पोखरा ।*

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३४ साल अङ्क,३ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित का.मु.प्रहरी नायब उपरीक्षक पदम कुमार नेपालीद्वारा लिखित **'इन्टरपोल र नेपाल प्रहरीको दायित्व'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

– ***सम्पादक***

भदौ १८ गतेको दिन इन्टरनेशनल क्रिमिनल पुलिस अर्गनाइजेशन-इण्टरपोलको इतिहासमा महत्वपूर्ण दिन थियो । सन् १९१४ मा इन्टरनेशनल क्रिमिनल पुलिस काँग्रेसको नामले स्थापित यो संस्थाको अस्तित्व पहिलो महायुद्धले गर्दा स्थिर रहन सकेन । धेरै वर्ष बितिसके तापनि कोही यसप्रति चाख लिई अगाडि बढेन । पछि सन् १९२३ मा भीएना प्रहरीको कर्मठ प्रहरी प्रमुखले यसको महत्वपूर्ण अस्तित्वलाई पुनः जागृत गराई यसको उद्धार गरे । यसको प्रधान कार्यालय भीयना (अष्ट्रिया) मै राखियो र बैठकको सहमतिबाट यसको नामकरण गरियो इन्टरनेशनल क्रिमिनल पुलिस कमिशन भनेर । कालान्तरमा यस संस्थाको नाम पुनः संशोधन गरी यसलाई विश्वब्यापी बनाउन International Criminal Police Organisation- Interpol भन्ने नाउँ दिइयो र यसको प्रधान कार्यालय पेरिसमा स्थानान्तरण गरियो ।

सन् १९२३ सालदेखिनै आफ्नो कार्यक्षेत्र विस्तृत गरी योजनाबद्ध तरीकाले कार्य संचालन गर्न यो सक्षम हुन सकेकोले इन्टरपोलको इतिहासमा यसलाई महत्वपूर्ण वर्ष मानिन्छ । भाद्र १८ गते यस संस्थाले ठीक ५० सौं वर्षमा पाइलो हाल्यो । विश्वका कतिपय राष्ट्रहरूमा भदौ १८ गते (३ सेप्टेम्बर) का दिन यसको पचासौं दिवस भब्य रूपमा मनाईयो । हामीले पनि यस संस्थाको सदस्यको नाताले इन्टरपोलको विशेष हुलाक टिकट प्रकाशनमा ल्याई यो दिवस मनायौं । देशमा रहेको विदेशी पर्यटकहरूले संस्था, चोरी निकासी पैठारीमा बृद्धि, अन्तर्राष्ट्रिय अपराधमा तीव्रता देखापरेको र पर्ने संभावनालाई ध्यानमा राखी नेपालले पनि यस संस्थाको सदस्यता लिने आवश्यकता महसुस गरेको फलस्वरूप सन् १९६७ मा नेपालले आई.सी.पी.ओ.-इन्टरपोलको सदस्यता प्राप्त गर्न सफल भयो ।




**दुई जना नेताहरू हेलिकप्टरमा चढेर बाढी ग्रस्त क्षेत्र निरीक्षण गरिरहेको थिए ।**

**पहिलो नेता** :- यदि मैले यहाँबाट ५०० को नोट फ्याँके भने यी पिडीत जनता कति खुसी होलान् हगी ?

**दोस्रो नेता** :- मैले पनि यहाँबाट १०००को नोट फ्याँके भने झन कति खुसी होलान त ?

दुवै नेताको कुरा सुनेर पाइलटलाई साह्रै रिस उठेछ र झोकिदै भनेछ ।

**पाईलट** :- यदि मैले तपाईहरू दुवैलाई यहाँबाट फ्याके भने ती जनताहरू सबैभन्दा बढी खुसी हुन्छन् ।

♦ ♦ ♦

**एक दिन हरि र रामको भेट भएछ ।**

**हरिः**- बाईक त गजबको किनेछस् बधाई छ है ।

**रामः**- ल ल धन्यवाद ।

**हरिः**- अनि तेल चाहिँ काहाँ काहाँ हाल्ने गरेको छस् नि ।

**रामः**- तेल त जहाँ पायो त्यही हाल्ने गरेको छु ।

**हरिः**- धत् ! तेल पनि जहाँ पायो त्यही हाल्नु हुन्छ र ? ट्यांकीमा पो हाल्नु पर्छ त...

♦ ♦ ♦

**श्याम** :- आफ्नो शिक्षिकासँग मिस, के तपाईले मेरो मोबाइलमा फोन गर्नुभएको थियो ।

**शिक्षिका** :- मैले ... छैन त ! तर किन ?

**श्यामः**- हिजो मैले मेरो मोबाइलको स्क्रिनमा हेर्दा Miss call लेखिएको थियो त्यही भएर ।

**सङ्कलः- प्र.ह.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स २०७६ साउन २४ गते महानगरीय प्रहरी अपराध महाशाखा काठमाडौंको कार्यालय भवन शिलान्यास भएको थियो ।
- वि.स २०७६ मंसिर ३० गते जिल्ला प्रहरी कार्यलय, तेह्रथुमको समुद्घाटन भएको थियो ।
- वि.स २०७६ साउन २४ गते नेपाल पुलिस क्लब हलको शिलान्यास भएको थियो ।
- वि.स २०४६ जेठ १३ गतेदेखि प्रहरी झण्डामा राष्ट्रिय झण्डा समावेश गरिएको थियो ।
- वि.स २००८ सालमा नेपाल प्रहरीमा प्रतियोगितात्मक खेलकुदको सरूवात भएको थियो ।

**सङ्कलनःप्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**नेपाल सरकार विरूद्ध ध्रुवप्रसाद वाग्ले, मुद्दा-भ्रष्टाचार (घुस/रिसवत), ने.का.प. २०७७, अंक ६, निर्णय नं.१०५१८**

केही तल्लो तह वा स्तरमा काम गर्ने राष्ट्र सेवक उपर मुद्दा चलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्य प्रगति देखाउने तर संस्थागत रूपमा भएका भ्रष्टाचारलाई उजागर नगरी वा कुनै प्रकारले प्रभावित भई वा कसैप्रति सहानुभूति राखी अनुसन्धानको कोण नै बदली कसैलाई बचाव र प्रमाणीत हुन नसक्ने प्रकृतिको आरोप लगाउँछ वा लगाउने गर्दछ भने त्यस्ता अनुसन्धानकर्ताले नेपालको संविधानको धारा २३८ र २३९ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्बन्धमा गरेको प्रबन्ध, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म र मनसायप्रति छलकपट वा खेलबाड गरेको मान्नुपर्ने ।

**भुजुङ गुरूङ विरूद्ध कारागार कार्यालय, डिल्लीबजार, काठमाडौं समेत, मुद्दा-बन्दीप्रत्यक्षीकरण, ने.का.प. २०७७, अंक ६, निर्णय नं.१०५२७**

थुनछेकको विषयमा तीनै तहको अदालतबाट अन्तिम भई साधारण क्षेत्राधिकारमा मुद्दा विचाराधीन रही निवेदक पूर्पक्षको लागि कानून बमोजिम थुनामा रहेकोले बन्दीप्रत्यक्षी करणको आदेश जारी गर्न नमिल्ने । सक्षम अदालतबाट तह तहगत रूपमा तथ्य र प्रमाणको मूल्याङ्कन भई न्याय निरूपण भएका प्रत्येक विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिल्न जाने खतरा हुन्छ । जुन रिट क्षेत्राधिकारको सिद्धान्त र मुद्दाको अन्तिमता (finality of judgment) को सिद्धान्तको समेत विपरीत हुनका साथै रिटले correctional power को स्वरूप धारण गर्न हुँदैन भन्ने मान्यतासमेतमा गम्भीर असर पर्न जाने। साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउनेसमेत असाधारण क्षेत्राधिकारको मकसद नहुने ।

**सङ्कलनः प्र.स.नि.जनक आचार्य**